CC-0. Nepal Sanskrit Academy, Kathmandu

साधनमाला

(१७१-२५० साधनको नेपाली अनुवाद)



नेपाल हस्तकला महासंघ

थापाथली, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

साधनमाला

(१७१-२५० साधनको नेपाली अनुवाद)

अनुवाद

महेशराज पन्त

जुनु बासुकला रञ्जितकार

देवहर्ष वज्राचार्य

चित्र सम्पादन

पूर्ण प्रसाद ह्योजु

उदयचरण श्रेष्ठ

लोक चित्रकार

प्रकाशक

नेपाल हस्तकला महासंघ

थापाथली, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल हस्तकला महासंघ
थापाथली, काठमाडौँ
नेपाल

प्रकाशन मिति- वि.सं. २०७८ असार
प्रकाशित प्रति: १०००

मुख पृष्ठ - उदयचरण श्रेष्ठ

कम्पूटर सम्पादन (चित्र) - रत्न सागर श्रेष्ठ, उदयचरण श्रेष्ठ

मूल्य- रु. १०००/-

ISBN: 978-9937-0-9174-9

मुद्रक- विजय अफसेट
धपगाल, ललितपुर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल सरकार
संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

भानु भक्त ढकाल
मन्त्री

पत्र संख्याः
च.नं.:

शुभकामना

नेपाली हस्तकला उद्योग व्यवसायले नेपालको मौलिक कला र संस्कृतिको प्रतिनिधित्व गरी रहेको छ। यस उद्योग व्यवसायले नेपालको चिनारी गराई विश्व मानचित्रमा नेपाललाई पहिचान गराउन सहयोग पुऱ्याई रहेको छ। हाम्रो पहिचान भनेको हाम्रो कला र संस्कृति नै हो।

नेपाल विविध संस्कृति, मूल्य र मान्यता बोकेको वहुसांस्कृतिक र वहुधार्मिक मुलुक हो। यस राष्ट्रको विभिन्न भौगोलिक क्षेत्रमा आ-आफ्नै विविध किसिमका लोक संस्कृति रहेका छन्। तीनै लोक संस्कृति तथा धार्मिक मान्यतामा आधारित रहेर स्थानीय जाति जनजातिहरुले हस्तकला विविध किसिमका वस्तुहरु तयार गर्ने गरेका छन्। हाम्रा सांस्कृतिक सम्पदाहरु अनुपम हस्तकला वस्तुहरुले सुसज्जित रहेका छन्। हस्तकला र पर्यटन एवं संस्कृति बीच अन्योन्याश्रित सम्वन्ध रहको छ।

नेपाल हस्तकला महासंघले हस्तकला क्षेत्रको विकास, विस्तार संरक्षण र सम्बर्द्धनमा खेलेको भूमिका प्रंशसनीय रहेको छ। यसै बीच महासंघले वौद्ध धर्म दर्शनसँग सम्वन्धित संस्कृत भाषामा प्रकाशित प्राचिन ग्रन्थ 'साधनमाला'मा रहेका बौद्ध तान्त्रिक देवताहरुको प्रतिमा लक्षण र साधना सम्वन्धी विषयवस्तुहरु सरल नेपाली भाषामा अनुवाद गरिएका छन्। यो पुस्तक कला सिर्जनामा संलग्न मूर्तिकार पौभा कलाकारहरुको साथै विश्व विद्यालयका प्राध्यापक, बौद्ध धर्म दर्शन अध्ययनमा संलग्न विद्यार्थी, तान्त्रिक तथा पूजा पाठमा संलग्न गुरुहरुको लागि निकै उपयोगी हुने विश्वास लिईएको छ। यस्तो महत्वपूर्ण पुस्तक प्रकाशन गर्न लागेकोमा नेपाल हस्तकला महासंघ र प्रकाशन कार्यमा संलग्न सवैमा हार्दिक धन्यवाद दिन चाहन्छु। साथै पुस्तक प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु।

मिति : २०७७ फागुन ४

भानु भक्त ढकाल

फोन नं. +९७७-१-४२११८७९ (कार्यालय), फ्याक्स : +९७७-१-४२११७५८, ईमेल : dhbhanu04@gmail.com, वेबसाइट : www.tourism.gov.np

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल हस्तकला महासंघ
FEDERATION OF HANDICRAFT ASSOCIATIONS OF NEPAL

शुभकामना

नेपाल राष्ट्रभरीका हस्तकला क्षेत्रमा संलग्न जिल्ला हस्तकला संघ, वस्तुगत संघ, गैर सरकारी संस्था, सहकारी संस्था, उद्यमी व्यवसायी कलाकार तथा कालिगढहरुको व्यवसायिक छाता संगठन नेपाल हस्तकला महासंघले आफ्नो स्थापनाकाल देखिनै नेपालको हस्तकला क्षेत्रका उद्योग व्यवसायीमा संलग्न कलाकार, कालिगढहरुको कला संरक्षण, प्रवर्द्धन र संकृति सम्पदाको संरक्षणमा सकारात्मक प्रयासमा क्रियाशिल रहेको छ । मुलुकको कला र संस्कृतिलाई जीवन्तता प्रदान गर्दै कलाकारिताको विकासमा योगदान पुऱ्याउन सक्नु आजको लागि प्रमुख चुनौती हो । नेपाली मौलिककला र संस्कृतिको चिनारीमा सहयोग पुऱ्याउन महासंघमा आवद्ध कलाकारहरुले खेलेको भूमिकाको म सराहना गर्न चाहन्छु । यसै क्रममा नेपाल हस्तकला महासंघले कला तथा संस्कृतिको संरक्षण र संवर्द्धन गर्न विभिन्न पुस्तकहरुलाई उच्च प्राथमिकताका साथ प्रकाशन गर्दै आएको छ । कला तथा शिल्प परिषद् अन्तरगत पुस्तक प्रकाशन कार्यदलले संस्कृतमा लिखित "साधनमाला" पुस्तकलाई नेपाली भाषा अनुवादन गरि बौद्ध प्रतिमा लक्षण र कर्मकाण्डको बारेमा ज्ञान उजागर गर्न पुस्तक प्रकाशन गर्ने कार्यलाई उच्च महत्व प्रदान गरेकोमा मलाई खुशी लागेको छ ।

प्रस्तुत "साधनमाला" पुस्तकमा विविध संस्कृति, बौद्ध दर्शन, योग साधना, बज्रयान सम्बन्धी तान्त्रिक बौद्ध साधना आदि विषयवस्तुहरु संग्रह गरिएको छ । यो पुस्तकबाट कला क्षेत्रमा क्रियाशिल रहने कलाकार, कालिगढहरु र बौद्धमार्गीहरुको कार्यमा मद्दत मिल्ने मैले विश्वास लिएको छु । साथै यस क्षेत्रको अध्ययन अनुसन्धानको जानकारी हासिल गर्न इच्छुक महानुभावहरु, संघ संस्थाहरुलाई समेत उल्लेख्य मद्दत मिल्ने आशा लिएको छु । बौद्ध धर्म र दर्शन सम्बन्धी चासो राख्ने महानुभावहरु, शिक्षक, विद्यार्थी र अन्य ईच्छुक व्यक्तिहरुले यस पुस्तकबाट आवश्यक ज्ञान प्राप्त गर्न सक्नु हुनेछ भन्ने मलाई लागेको छ ।

पुस्तक तयारीको क्रममा आवश्यक सम्पादन कार्यमा सहयोग पुऱ्याउने यस महासंघको कला तथा शिल्प परिषद् लगायत पुस्तक प्रकाशन कार्यदल, सम्बन्धित कलाकार र कर्मचारीहरुलाई उहाँहरुले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको योगदानको सराहना गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु । यस पुस्तकको मुद्रण कार्यमा सहयोग पुऱ्याउने विजय अफसेटलाई पनि महासंघको तर्फबाट धन्यवाद दिन चाहन्छु । "साधनमाला" पुस्तक प्रकाशनको पूर्ण सफलताको निमित्त हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सुरेन्द्र भाई शाक्य
अध्यक्ष

G.P.O. Box No.: 784, Upama Marga, Thapathali Height, Kathmandu, Nepal
Tel: 4243015, 4244231, 4245467, Fax : 977-1-4222940
E-mail: info@fhan.org.np / fhan1972@gmail.com, http:// www.fhan.org.np
www.nepalhandicraft.org.np

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल हस्तकला महासंघ
FEDERATION OF HANDICRAFT ASSOCIATIONS OF NEPAL
FHAN
FEDERATION OF HANDICRAFT ASSOCIATIONS OF NEPAL Kathmandu

प्रस्तावना

बिश्व कला इतिहासमा नेपाली कला, सीप, संस्कृति र सम्पदाको छुट्टै पहिचान रही आएको छ। हाम्रो चित्रकला, मुर्तिकला, काष्ठकला एवं प्रस्तरकला लगायत परम्परागत बास्तुकला शैली अद्वितीय रहेको छ । जसले गर्दा विशेषत: नेपाली परम्परागत शैलीका कलाकृतिहरुले बिभिन्न चुनौतीका बाबजुद बिश्व बजारमा यथेष्ठ स्थान ओगट्न सफल रहेको छ । भबिष्यमा पनि यसको माग बढ्दै जाने निश्चित छ । नेपाल हस्तकला महासंघको स्थापनाको मुख्य उद्देश्य नेपाली मौलिक हस्तकलाको जर्गेना गर्दै यसमा सम्बद्ध कलाकार कालिगढ तथा जनशक्तिको हक हित तथा संरक्षण सम्बर्द्धन गर्दै राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा यसको बजार बिस्तार तथा यस क्षेत्रमा आईपर्ने समस्या तथा चुनौतीहरु समाधानका लागि सम्बन्धित निकाय समक्ष पैरवीगर्न अग्रसर भूमिका निर्वाह गर्दै आई रहेको सर्बविदीत नै छ। यसलाई थप प्रभावशाली र परिणाममुखी बनाउन सम्बन्धित क्षेत्रको उत्थानका लागि विभिन्न परिषद्हरु गठन गरिएको छ । जसमध्ये नेपाली कला तथा शिप एवं यस क्षेत्रमा आवद्ध कलाकार कालिगढहरुको हक हित एवं संरक्षण तथा यस क्षेत्रमा आइपर्ने समस्या समाधानको लागि सम्बन्धित निकायमा बहस पैरवी गर्ने तथा आवश्यक तालीम प्रशिक्षण एवं बस्तु बिकासका योजनाहरु बनाउने उद्देश्यले कला तथा शिल्प परिषदको गठन गरिएको छ । यस परिषदले विभिन्न समयमा विभिन्न किसिमका शिपमूलक तालीम, गोष्ठी तथा चेतनामूलक कार्यक्रमहरु आयोजना गर्नुका साथै यस क्षेत्रको बिकासका लागि उपयोगी हुने अवलोकन एवं अनुसन्धानमूलक काम गर्ने उद्देश्य अनुरुप महासंघको पूर्व कार्यसमितिद्वारा गठित कला तथा शिल्प परिषद्ले शुरु गरेको संस्कृत भाषामा प्रकाशित साधनमाला पुस्तक नेपालीमा अनुवाद गरि सचित्र प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरिएको थियो । उक्त पुस्तकमा उल्लेखित हरेक श्लोक तथा ध्यानमा विभिन्न देवदेवीको सजीव चित्रण गरिएको र आम कलाकर्मीले संस्कृत भाषा सहज रुपमा बुझ्न कठिन हुने हुंदा यसलाई सरल नेपाली भाषामा अनुवाद गरि ध्यान भावना अनुसारको चित्र समेत राखि पुस्तक प्रकाशन गर्न सकेमा नेपाली परम्परागत विधामा बिशेष गरि चित्रकला, मूर्तिकला, काष्ठ तथा प्रस्तरकलामा संलग्न कलाकर्मीका लागि अति उपयोगी सिद्ध हुने ठानी पूर्व कार्य समिति अर्न्तगत गठित कला तथा शिल्प परिषद्बाट यो परियोजना शुरु गरिएको थियो । उक्त कार्य सम्पादनको लागि वरिष्ठ पौभा कलाकार श्री उदय चरण श्रेष्ठज्यूको संयोजकत्वमा वरिष्ठ पौभा कलाकार द्वय श्री लोक चित्रकारज्यू र स्व. दिपक कुमार जोशी समेत संलग्न रहेको कार्यदल गठन गरि कार्य आरम्भ गरिएको थियो । यस अवसरमा तत्कालिन कला तथा शिल्प परिषद्का सभापति लगायत कार्यदलका सम्पूर्ण सदस्यज्यूहरुलाई उहाँहरुको सक्रियता तथा योगदानको लागि आभार ब्यक्त गर्न चाहन्छु । तथापि विशिष्ट संस्कृत भाषामा लेखिएको उक्त पुस्तक अनुवाद गर्ने निक्कै गहन र जटिल कार्य सम्पादनमा समय लाग्दै जाँदा पुस्तक प्रकाशनको काम अधुरो रह्यो । यस्तो महत्वपूर्ण कार्यलाई निरन्तरता दिई सम्पादन गर्न पाउँदा आफुलाई निकै भाग्यशाली र गौरवान्वित भएको महशुस गरेको छु ।

यस कार्यमा आवश्यक सहयोग र समर्थन दिनु भई कामको निरन्तरता दिन सहयोग गर्नु हुने परिषदका सम्पूर्ण साथीहरु एवं विशेषत: आफ्नो अमूल्य समय, योग्यता, क्षमता तथा ज्ञानको सदुपयोग गर्दै अति ब्यस्तताका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बावजुद पनि कार्यदलमा रही उच्च योगदान गर्नु भएका संयोजक वरिष्ठ पौभा कलाकार श्री पूर्ण ह्योजुज्यूका साथै वरिष्ठ कलाकारद्वय श्री लोक चित्रकारज्यू र श्री उदय चरण श्रेष्ठज्यू प्रति सहृदय विशेष आभार प्रकट गर्दै धन्यबाद दिन चाहन्छु। उहाँहरुको योगदान र संलग्नता बिना यो काम निश्चय पनि पुरा हुन सक्ने थिएन। उक्त पुस्तकमा वर्णित विभिन्न श्लोक/ध्यान भावना अनुसार बनाइएको चित्रलाई एक एक केलाई सुक्ष्म रुपमा अध्ययन गरि भावना र आशय अनुरुप विवाद रहित बनाई प्रस्तुत गर्न कार्यदलका सम्पुर्ण सदस्यहरुले निकै मेहेनतका साथै आफ्नो योग्यता, क्षमता, ज्ञान र सीपको उपयोग गर्नु भएको छ। म महासंघको तर्फबाट सो कार्यको उच्च मूल्याङ्कन सहित कदर गर्दै आभार व्यक्त गर्न चाहन्छु। त्यसै गरि ध्यान भावना अनुसार चित्र तयार गरि सहयोग गर्नु हुने सम्पूर्ण चित्र कलाकारहरु प्रति पनि आभार व्यक्त गर्न चाहन्छु। मुख पृष्ठको लागि चित्र उपलब्ध गराई पुस्तकको आकर्षण बढाउन सहयोग गर्नु भएकोमा पुन एक पटक वरिष्ठ पौभा कलाकार श्री उदय चरण श्रेष्ठज्यूलाई हार्दिक धन्यबाद दिन चाहन्छु।

हाम्रो योजना अनुरुप अति विशिष्ट संस्कृत भाषामा लेखिएको महत्वपूर्ण ग्रन्थ साधनमाला पुस्तकलाई नेपाली सरल भाषामा अनुवाद गर्ने निकै जटिल र चुनौटिपूर्ण कार्यमा हाम्रो अनुरोधलाई स्वीकार गरि आफ्नो व्यस्तताका बावजुद पनि सो कार्यको जिम्मा लिनुभई कार्य सम्पादन गरि दिनु भएकोमा डा.महेशराज पन्तज्यू प्रति अनुगृहित छु। साथै उक्त कार्यमा सहयोग गर्नुहुने डा.जुनु वासुकला रञ्जितकारज्यू र श्री देवहर्ष बज्राचार्यज्यू लाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। उहाँहरुको सहयोग बिना हाम्रो योजनाले मात्र साकार र मूर्त रुप लिन सक्ने संभावना नै थिएन।

हाम्रा कलाकार साथीहरुले तयार गरेको चित्रलाई प्रकाशनको लागि एकरुपता ल्याउन कम्प्युटरको काममा सहयोग गर्नुहुने श्री रत्नसागर श्रेष्ठज्यूलाई पनि धन्यवाद दिन चाहन्छु। साथै छपाई कार्यमा सहयोग गर्ने विजय अफसेटका सम्पूर्ण टिम लगायत प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्णलाई नेपाल हस्तकला महासंघ तथा मेरो व्यक्तिगत तर्फबाट पनि धेरै धेरै धन्यबाद तथा आभार व्यक्त गर्न चाहन्छु।

अन्तमा संस्कृतमा प्रकाशित साधनमाला पुस्तकको तीन पूर्ण अध्याय मध्ये एक अध्यायलाई सरल नेपालीमा अनुवाद गरि सचित्र रुपमा प्रकाशन गरि यहाँहरुको हातमा पुऱ्याउने जमर्को गरेका छौं। र निकट भविष्यमा अर्को अध्यायलाई पनि अनुवाद गरि प्रकाशित गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं। साथै प्रकाशित पुस्तक नेपाली कला क्षेत्रको उत्थानमा उपयोगी साबित हुने बिश्वासका साथ यहाँहरुको अमूल्य सल्लाह र रचनात्मक सुझाव समेतको अपेक्षा गर्दछु।

धन्यबाद ॥

मितिः २०७८ असार

राजमान वज्राचार्य
उपाध्यक्ष एवं सभापति
कला तथा शिल्प परिषद्

G.P.O. Box No. : 784, Upama Marga, Thapathali Height, Kathmandu, Nepal
Tel:4243015, 4244231, Fax : 977 -1- 4222940
E-mail: info@fhan.org.np/fhan1972@gmail.com, notice.fhan.org.np

www.fhan.org.np

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आभारका दुई शब्द

देव देवीको मूर्ति/चित्र तयार पार्न प्रतिमा लक्षण अति महत्वपूर्ण विषय हो । प्रतिमा लक्षणको कुरा गर्दा साधनमालाको विषय जोडिएर आउँछ । तर साधनमाला संस्कृत भाषामा मात्र उपलब्ध थियो । यसलाई सर्वसाधरणले बुझ्ने गरी नेपाली भाषामा अनुवाद हुन अति आवश्यक थियो । सर्वसाधरणले बुझ्ने नेपाली भाषामा अनुवाद गरी चित्र सहित पुस्तकको रुप दिन नेपाल हस्तकला महासंघको कला तथा शिल्प परिषदमा पूर्व कार्यकालका सदस्यहरुले दशौं वर्ष अघिदेखि काम गर्दै आउनु भएको थियो ।

कला तथा शिल्प परिषदको परम्परागत चित्रकला तर्फबाट सदस्य भए पश्चात् पूर्व कार्यकालका सदस्यहरुद्वारा शुरु गर्दै आउनु भएको साधनमालाको कामलाई निरन्तरता दिने प्रस्तावको साथै यस कार्यको संयोजकको जिम्मेवारी पति मलाई सुम्पियो । साधनमाला जस्तो महत्वपूर्ण पुस्तक प्रकाशनमा कार्य गर्न पाउँदा आफू गौरवान्वितको महशुस गरेको छु । वरिष्ठ कलाकारहरु लोक चित्रकार, उदयचरण श्रेष्ठ र म स्वयं सहितको कला परिषद अर्न्तगत पुस्तक प्रकाशन कार्यदलबाट काम गरेका छौं । साथै वरिष्ठ कलाकार स्वर्गीय दिपक कुमार जोशी अस्वस्थ हुंदा हुंदै पनि उहाँसंग पनि सरसल्लाह गरि रहन्थें ।

अनेक प्रयास पछि २/३ वर्ष अगाडि मात्रै संस्कृत तथा इतिहास विद् श्री महेश राज पन्त, बौद्ध विद्वान देव हर्ष वज्राचार्य र त्रिभुवन विश्व विद्यालयका उपप्रध्यापक जुनु मैंया बासुकला रन्जितकारको टोलीले अनुवादको जिम्मा लिए पश्चात् साधनमालाको दोस्रो भागदेखि नेपाली भाषामा अनुवाद शुरु भयो । यस पुस्तकमा साधन संख्या १७१ देखि २५० सम्मका ध्यान साधनाहरु समेटिएका छन् । यसमा भएका प्रतिमा लक्षण अनुसारको रेखाचित्रको लागि संभव भएसम्म बढि भन्दा बढि कलाकारहरु समेटिएका छन् । साधनमालाको प्रतिमा लक्षण अनुसार कलाकारहरुले आ-आफ्नै शैलीको रेखा चित्रहरु प्रस्तुत गरेका छन् । हामीले ध्यान अनुसार समुचित रुपमा मिलाएर रेखा चित्र प्रस्तुत गर्ने प्रयास गरेका छौं ।

नेपाल हस्तकला महासंघ अन्तर्गतको कला तथा शिल्प परिषद, विद्वान वर्ग, सम्पूर्ण कलाकारहरुका साथै सम्बन्धित महानुभावहरुको अथक प्रयास र परिश्रम पश्चात् रेखाचित्र सहितको यो पुस्तक तयार भएको छ । यसका लागि सम्बन्धित सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद तथा आभार प्रकट गर्न चहान्छु । साथै यस पुस्तकबाट कलाकारहरु एवं प्रतिमा लक्षण सम्बन्धी अध्ययन गर्न चाहने समस्त महानुभावहरु लाभान्वित हुने आशा एवं विश्वास लिएको छु ।

धन्यवाद ॥

पूर्ण प्रसाद ह्योजु
संयोजक
साधनमाला पुस्तक प्रकाशन कार्यदल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुरोवाक्

भारतवर्षमा कुनै बेला उन्नत अवस्थामा रहेको महायानी किंवा वज्रयानी मत विधर्मीको आक्रमणले नष्टभ्रष्ट हुँदै गयो । विहारहरू लुटिए, त्यहाँका मूर्ति तोडिए र ग्रन्थराशि लुप्त भयो । तोडफोडबाट बाँकी रहेका मूर्ति पनि नचिनिने भए । पश्चिमा विद्वान्हरूले अन्वेषणको क्रममा त्यस्ता मूर्ति र ग्रन्थमा चित्रित मूर्तिहरूको परिशीलन गर्न थाले । यसरी परिशीलन गर्नेहरूमा अल्फ्रेद फूशे (वि.सं. १९२२-२००९)ले वज्रयानी तान्त्रिक ग्रन्थ *साधनमाला*को पनि आधार लिई भारतको बौद्ध प्रतिमालक्षणसम्बन्धी पुस्तक वि.सं. १९५७ र १९६२ मा गरी दुइ ठेलीमा प्रकाशमा ल्याए । सेन्ट पिटर्स्बर्गबाट सम्पादित भई वि.सं. १९७३ तिर पूरै *साधनमाला* छापिने तयारी हुँदै थियो । तर पहिलो महासमरले र रूसमा शासनपरिवर्तनको लागि क्रान्ति भइरहेको हुँदा त्यो काम त्यसै तुहिएर गयो ।

अल्फ्रेद फूशेको परम्परामा दीक्षित विनयतोष भट्टाचार्य (वि.सं. १९५३-२०२०)ले बङ्गालमा रहेका मूर्तिहरूको जाँचपडताल गर्दा *साधनमाला*को पनि उपयोग गरी वि.सं. १९८१ मा बौद्ध प्रतिमालक्षणसम्बन्धी पुस्तक प्रकाशित गरे । त्यसताका उनी पूरै *साधनमाला*को सम्पादनमा लागेका थिए भन्ने कुरा बौद्ध प्रतिमालक्षणसम्बन्धी पुस्तक छापिएको अर्कोन वर्ष उनले सम्पादन गरेको *साधनमाला*को पहिलो ठेलीबाट अनुमान गर्न सकिन्छ । पहिलो भाग वि.सं. १९८२ मा छापेपछि दोस्रो ठेली वि.सं. १९८५ मा प्रकाशित भयो । *साधनमाला*को मूल पाठको सम्पादन उनले ८ वटा लेखोट पुस्तकको आधारमा गरेका हुन् । तिनमध्ये प्राचीनतम ने.सं. २८५ तदनुसार वि.सं. १२२१ को रहेछ । वीरपुस्तकालयमा रहेको, राम्रोसँग सारिएको *साधनमाला*को एउटा पुस्तक केही समयको लागि श्री ३ चन्द्र (वि.सं. १९२०-१९८६, शासनकाल वि.सं. १९५८-१९८६)बाट पाएको कुरा दोस्रो ठेलीको भूमिकामा उनले लेखेकाले दोस्रो ठेलीको सम्पादनमा थप एउटा पुस्तकको उपयोग भएको जस्तो लाग्छ । मूल पाठको सम्पादन गरे पनि उनले त्यसको उल्था भने प्रकाशित गरेनन् । यसो भए पनि *साधनमाला*को उपोद्घातमा त्यस पुस्तकको आधार लिई धेरै देवदेवीको विवेचना भने उनले गरेका छन् ।

बौद्ध देवदेवीको पहिचानको लागि *साधनमाला*बाट काम लिइसकेका विनयतोष भट्टाचार्य नेपालमा अझै वज्रयानी परम्परा जीवित भएकोले यतातिर लागे । खोजीको क्रममा नेपालको सरकारी पुस्तकखानामा र निजी सङ्ग्रहमा उनले केही ग्रन्थ भेट्टाए । यही क्रममा असन तछेबहालका सिद्धिहर्ष वज्राचार्य (वि.सं. १९३८-२००९)सँग उनको सम्पर्क भयो । सिद्धिहर्ष त्यसताका वीरपुस्तकालयमा पण्डितको हैसियतले काम गर्थे । वज्राचार्य पण्डितहरूमा संस्कृतभाषाको र बौद्ध दर्शनको ज्ञान क्षीण भए पनि वज्रयान यहाँ जीवित धर्म भएकोले कर्मकाण्डको हथौडी उनीहरूलाई थाहा थियो । त्यसैले सिद्धिहर्षको पनि मदत लिई मूलतः *साधनमाला* र आफैँले सम्पादन गरेको अर्को ग्रन्थ *निष्पन्नयोगावली*को आधारमा उनले वि.सं. २०१५ मा भारतीय बौद्ध प्रतिमालक्षणको परिमार्जित संस्करण छपाए । विनयतोष भट्टाचार्यको प्रतिमालक्षणसम्बन्धी त्यस पुस्तकमा देवीदेवताको परिचय दिँदा *साधनमाला*बाट पनि मूल संस्कृत र त्ससम्बन्धी अंशको अङ्ग्रेजी उल्था पनि दिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसको ४० वर्षभन्दा बढी बितिसकेपछि वि.सं.२०५९ मा रुरिको साकुमा (वि.सं. २०२०मा जन्म)ले *साधनमाला*बाट अवलोकितेश्वरखण्डको मूल संस्कृत र भोटभाषामा गरिएको त्यसको उल्थाको सम्पादन गरे । विनयतोष भट्टाचार्यले ८ वटा पुस्तकको आधार लिई *साधनमाला*को सम्पादन गरेकोमा *साधनमाला*को अवलोकितेश्वरखण्ड सम्पादन रुरिको साकुमाले ३८ वटा पुस्तकको आधारमा गरेका छन् ।

वि.सं. २०७५ साउन महीनाको कुरा हो, हामीहरूले चलाएको संस्कृतकक्षाका विद्यार्थी लक्ष्मण महर्जनबाट *साधनमाला*मा परेका प्रतिमालक्षणको एकसरो नेपाली उल्था हाम्रो हात पर्‍यो । लेखोट रूपमा रहेको त्यो उल्था कसले गरेको हो भन्नेचाहिँ हामीलाई थाहा हुन सकेको छैन ।

समग्र *साधनमाला*को बङ्गाली भाषामा उल्था गरिने कुरा हालै वेबसाइटबाट थाहा हुन गयो । कलकत्ताको एशियाटिक सोसाइटीका प्रियङ्कु चक्रवर्तीले अनिन्द्यबन्धु गुहासँग मिलेर यो अभिभारा उठाएका रहेछन् । त्यसअनुसार त्यो उल्था पाँच वर्षभित्र पूरा गर्ने उनीहरूको लक्ष्य रहेछ भन्ने थाहा भयो । उता, बौद्ध धर्मकी विदुषी रत्ना वसुचाहिँ *साधनमाला*को अङ्ग्रेजी उल्थामा लागेकी रहिछन् भन्ने पनि त्यही वेबसाइटबाट थाहा भयो । *साधनमाला* जस्तो बौद्ध तान्त्रिक ग्रन्थ पहिलोपटक उल्था गर्न बस्नेको हामी उत्साहभङ्ग त गर्दैनौँ, तर उसको काँधमा ठूलो जिम्मेवारी आएको छ भन्ने कुरा उसले सम्झनुपर्छ भनी कलकत्ताविश्वविद्यालयमा बौद्ध धर्मकी प्रोफेसर ऐश्वर्या विश्वासले बोलेको कुरा पनि त्यही वेबसाइटबाट थाहा हुन्छ । सवा सय वर्षभन्दा बढी समयको अन्तरालमा *साधनमाला*को परिशीलन गर्ने प्रयास विभिन्न विद्वान्हरूले गरे पनि समग्र पुस्तकको उल्था अहिलेसम्म हुन नसकेको देखिन्छ ।

*साधनमाला*को प्रचार हुँदै गएपछि धेरैजसो वज्रयानी देवदेवीको मूर्ति त्यसैको आधारमा बनेको हो भन्ने कुरा त चर्चामा आयो । त्यो पुस्तक संस्कृतभाषामा भएकोले देवदेवीको चित्र कोर्ने र मूर्ति बनाउने कालीगडले त्यसबाट काम लिन सकिरहेका थिएनन् । त्यसैले चित्रकार र मूर्तिकारले *साधनमाला*को प्रतिमालक्षण बुझ्न सकून् भन्ने अभिप्रायले नेपाल हस्तकलामहासङ्घले यसको उल्था गराउने इच्छा गरेकोले हामीले त्यो भार बोक्यौँ । त्यो पनि पूरै ग्रन्थको नभई १७१ साधनदेखि अन्त्यसम्मको अर्थात् ३१२ साधनसम्मको उल्था गरिहाल्ने समझदारी वि.सं. २०७४ माघमा सो महासङ्घ र हामीमा भयो । त्यसपछि लगत्तै हामीले काम शुरू गर्‍यौँ । काम गर्दै जाँदा *साधनमाला*को उल्था गर्नु गाह्रो काम रहेछ भन्ने अनुभूति झन् झन् हुँदै गयो । हामीसँग भएको संस्कृतभाषाको, प्रतिमालक्षणको, बौद्ध दर्शन र कर्मकाण्डको ज्ञानको कमी पनि छर्लङ्गिँदै गयो । अनि महाकवि कालिदासको

मन्दः कवियशःप्रार्थी गमिष्याम्युपहास्यताम् ।
प्रांशुलभ्ये फले लोभादुद्बाहुरिव वामनः ।।

(*रघुवंश* १।३)

अर्थात्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अग्लो मानिसले टिप्न सक्ने फल लोभले गर्दा टिप्न हात ठड्याएको बाउन्नेको जस्तै मन्दबुद्धि भए पनि कविको कीर्तिको इच्छा गर्ने मेरो हँस्सी हुनेछ ।

जस्तो पनि लाग्यो ।

तर देशविदेश कतैबाट पनि यो काम नभएकोले हाम्रो मात्र कमजोरी होइन रहेछ भन्ने कुरामा पनि हामी दृढ हुँदै गयौँ ।

बौद्धहरूले लेखेका संस्कृतग्रन्थमा पाणिनीय व्याकरणको नियम धेरै ठाउँमा नलाग्ने भएकोले त्यसलाई अलग्गै ढङ्गले लिनुपर्ने अनुभव विद्वान्हरूले गर्दा बौद्ध सङ्कर संस्कृत भन्ने एउटा उपभाषाकै सृष्टि हुन गयो । बौद्ध सङ्कर संस्कृतका ती नियमलाई संहिताबद्ध गरी प्रयाङ्क्लिन एजर्टन (वि.सं. १९४२-२०२०)ले व्याकरण र कोष रचे पनि तिनबाट जम्मै काम नचल्ने अनुभव हामीलाई भयो । यस कारण यथार्थ उल्था कहीँ कहीँ अझै आउन बाँकी भएको हामीले अनुभव गरेका छौँ । अर्को कुरा, यहाँ प्रयोग भएका पारिभाषिक शब्द र जडीबूटी इत्यादिको लागि प्रयोग भएका शब्दको पनि उल्था ठाउँठाउँमा हामीले गर्न सकेका छैनौँ । हामीले १७१ देखि ३१२ साधनसम्मको उल्था गरिसकेको भए पनि पछिल्लो खण्ड अझै परिमार्जन गर्नुपर्ने भएकोले अहिलेको लागि १७१ देखि २५० साधनसम्म मात्र छपाइएको छ । यस खण्डमा ६७ देवदेवीको प्रतिमालक्षण परेको छ । *साधनमाला*मा पारिभाषिक शब्द र जडीबूटी इत्यादिको लागि प्रयोग भएका शब्द कहाँ कहाँ आएका छन् भन्ने खुलाई अकारादिक्रमअनुसार बनाइएको सूची अहिले प्रकाशित खण्डपछि छापिने खण्डमा परिशिष्टमा राख्ने विचार हाम्रो छ ।

हामीकहाँ चार विश्वविद्यालयमा बौद्ध दर्शनको पढाइ हुने भए पनि बौद्ध वाङ्मयको परिशीलनको स्थितिमा परिवर्तन आइहाल्ला जस्तो पनि हामीलाई लाग्दैन । *साधनमाला* जस्ता आकरग्रन्थको विषयमा पनि अन्वेषण हुनुपर्ने भए तापनि तीमध्ये कुनै पनि विश्वविद्यालयमा यस्तो खालको काम भएको नदेखिएकोले यस्तो भन्नुपरेको हो ।

विनयतोष भट्टाचार्यले बौद्ध प्रतिमालक्षणको विषयमा काम गर्दा सिद्धिहर्ष वज्राचार्यको मदत पाएका थिए भनी हामीले माथि लेखिसकेका छौँ । बौद्ध धर्मको ज्ञान त्यही जमानामा क्षीण भइसकेको भए पनि अहिलेको भन्दा त्यसताकाका वज्राचार्यहरू बढी जान्ने भएकाले विनयतोष भट्टाचार्यलाई अलि सजिलो भए पनि अहिले त्यो अवस्था पनि छैन । उदाहरणको लागि, *साधनमाला*को १७१ साधनदेखि १८८ साधनसम्म कुरुकुल्लाकै विषय छ । तर कुरुकुल्लाको पूजाआजा वज्राचार्यहरूमा आजभोलि हुँदैन । यस कारण हामीलाई अप्ठेरो परेको ठाउँमा कर्मकाण्डीहरूबाट पनि सहयोग पाउने अपेक्षा रहेन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो ग्रन्थ लामो समयदेखि *साधनमाला* भन्ने नाउँले सम्बोधित हुँदै आए पनि यो विभिन्न साधनहरूको सङ्ग्रह मात्र हो; त्यसमाथि कुनै एक जनाले यो रचेको होइन भन्ने कुरा कुनै कुनै साधनको अन्त्यमा रचयिताको नाउँ आएकोबाट पनि स्पष्ट हुन्छ। वज्रयानीहरूमा यस ग्रन्थको चर्चा पनि त्यति नहुने हुनाले यो ग्रन्थ मूल धारका पुस्तकमा पर्दैन भन्ने पनि स्पष्ट छ।

साधनमाला जस्तै अर्को ग्रन्थ *साधनसमुच्चय* पनि उपलब्ध छ। *साधनमाला*को विषयमा पहिले पहिले काम गर्नेहरूले *साधनमाला* र *साधनसमुच्चय* अलग अलग ग्रन्थ माने पनि रुरिको साकुमाले यी दुवै ग्रन्थमा विषयवस्तु तलमाथि परे पनि वस्तुतः यी दुइ भिन्नाभिन्नै ग्रन्थ नभई एउटै ग्रन्थ भनी मानेको पनि यस प्रसङ्गमा स्मरणीय छ।

आखिरमा प्रसिद्ध नैयायिक उदयनको एउटा पद्यको उद्धरण गरेर यो पुरोवाक् टुङ्ग्याउनुपरेको छ–

नास्य श्लाघामकलितगुणः पोषयन् प्रीतये नः
कोऽन्धैश्चित्रस्तुतिशतविधौ शिल्पिनः स्यात् प्रकर्षः।
निन्दामेव प्रथयतु जनः किन्तु दोषान् निरूप्य
प्रेक्षांस्तथ्यस्खलितकथनं प्रीणयेदेव भूयः॥

(*आत्मतत्त्वविवेक*को अन्तिम श्लोक)

अर्थात्
यसको सद्दनी गर्ने निर्गुण मानिसले हामीलाई प्रसन्न पार्दैन। अन्धाहरूले गरेका तसवीरका सयौँ तारीफले कालीगडको के बढ्ती हुन्छ र। मानिसहरूले निन्दै फैलाऊन्, तर दोष खोजेर। तथ्यबाट चुकेको कुरा भन्दा बुद्धिमान्हरूलाई ज्यादै नै खुशी पार्छ।

वि.सं. २०७६ कार्तिकशुक्लपञ्चमी, कार्तिक १५ गते शुक्रवार — अनुवादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ१७१ॐ

तारोद्भवकुरुकुल्लालाई नमस्कार ।

सबभन्दा पहिले कुनै राम्रो ठाउँमा नरम चकटी आदिमा बसेर मन्त्री (साधक)ले पट (कपडा) आदिमा रहेकी भगवतीलाई आवाहन गरी बाह्यपूजा गरी आफ्नो मनमा निर्मल पूर्णचन्द्रको चहक भएको आदिस्वरबाट उत्पन्न चन्द्रको विभावना गरेर त्यसमाथि बीजाक्षर राख्नू ।

अग्निवर्णको माथि रहेको, ईकार[1]ले युक्त, २ आकाशले अलङ्कृत ऊष्मवर्णको चतुर्थ (ह)लाई रङ्गीबिरङ्गी रश्मिहरूद्वारा निर्मल जगत् बनाएर सहा आदि धातुले शोधन गरेर, कुरुकुल्ल पर्वतमा गएकी तारालाई सञ्चोदना गरी त्यसरी तारालाई ल्याई पुरश्चरण गर्नू । त्यस बीजबाट महापूजा गरेर बुध (विद्वान्=साधक)ले बादल फटाउनू ।
फूल, धूप, बत्ती, चन्दन, नैवेद्यद्वारा लास्य[मुद्रा], माला, नृत्य, गीत, बाजा र पूजा आदिद्वारा

रत्नत्रयं मे शरणं सर्वं प्रतिदिशाम्यघम् ।
अनुमोदे जगत्पुण्यं बुद्धबोधौ दधे मनः ।।

(मेरो शरण त्रिरत्न हुनुहुन्छ । म सबै पाप बक्छु । जगत्को पुण्यको अनुमोदन गर्छु । बुद्धज्ञानमा मन लगाउँछु ।)

यो मन्त्र तीनचोटि पढ्नुपर्छ । अनि क्षमा पनि माग्नुपर्छ ।
त्यहाँ यो गाथा छ–

म मन्दबुद्धिले जुनसुकै खराब काम गरे पनि हे देवी, हजुरले मलाई क्षमा गर्नुपर्छ । किनभने हजुर प्राणी मात्रको रक्षक हुनुहुन्छ ।

त्यस बेला मैत्रीचित्त [चतुर्ब्रह्म]विहारमा फेरि राख्नुपर्छ । करुणाचित्त उत्पन्न गरेर प्रमोदचित्तको आवाहन गर्नू । चित्त मात्रको व्यवस्थाद्वारा पछि सबैको उपेक्षा हुन्छ अर्थात् उपेक्षाचित्तको उत्पत्ति हुन्छ । त्यसपछि प्रकृताकारहानिको लागि चित्त शून्य पार्नू ।

---

१ ई ताराको प्रतीक

नादः श्रीवज्रसत्त्वो भवति नरपते चित्तवज्रस्त्वकारो
ह्रस्वेकारश्च खड्गी भवति पुन ऋकारश्च वै रत्नपाणिः ।
ह्रस्वाकारोऽमिताभो भवति पुन ऌकारोऽत्र वैरोचनश्च
दीर्घ भावप्रभेदैः सुरगणसकलं षड्जिनानां क्रमेण ।।

(*कालचक्रतन्त्र* ४।७४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शून्यतारूपी अग्निले डढेका, पुनरुत्पत्ति भएका पञ्चस्कन्ध नै

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम्
(शून्यताज्ञान वज्रस्वभाव भएको म हुँ ।)

यो [मन्त्र] पढी मुहूर्तभर शून्यतायोग गर्नू, चित्तलाई विश्राम गराउनू । पुरानो प्रतिज्ञा सम्झेर फेरि बीज मात्रको स्मरण गर्नू । एकान्तपरिनिर्वृत (अत्यन्त आनन्दित प्राणी)हरूलाई मैले तारेँ । अगाध भवसागरबाट म तिनीहरूको उद्धार कसरी गरुँला । यति भनेर प्राणीको कृपा मनमा पसेको मानिसले निश्चेष्ट शून्यता त्याग्नू । [साधक]ले मनद्वारा धर्मधातुमय चित्तको उत्पन्न गर्छ । त्यसपछि बुद्धाधिष्ठान (बुद्धभूमि)बाट कमलबीज हुन्छ । कमलमा अकारबाट उत्पन्न चन्द्रविम्ब, त्यस चन्द्रमामा फेरि बीज, त्यसबाट रश्मिहरू गए, ती रश्मिबाट सबै लोकधातु शुद्ध भए भनी ठान्नुपर्छ । रश्मिहरूद्वारा सबै बुद्धकोटिको शोधन गर्नुपर्छ, बोध गर्नुपर्छ, प्रशंसा गरिएका[२] तिनीहरूको ध्यान कमलमा गर्नू । त्यसपछि ताराको उदय हुन्छ ।

चार हात भएकी, रातो वर्णकी, रातो कमलमा बसेकी, एक जोर रातो लुगा लगाएकी, भव्य, शिरमा रातो ताटङ्क (मुकुटविशेष)[३] लगाएकी, माथिल्लो दायाँ हात अभयमुद्रामा भएकी, तल्लो दायाँ हातमा बाण लिएकी, माथिल्लो बायाँ हातमा धनु र तल्लो हातमा रातो कमल लिएकी, कुरुकुल्ल पहाडको गुफाभित्र बसेकी, शिरमा आरोलिक् (अमिताभ)[को आकृति भएको मुकुट][४] लगाएकी कुरुकुल्ला । रातो कमलको आसनीभन्दा तल राहु, त्यसमाथि पत्नीसहितका अतिविह्वल कामदेवको भावना गर्नुपर्छ । राहुमाथि बसेका, पत्नीसहितका कामदेवमाथि वज्रपर्यङ्कासन[५]मा बसेकी, थरीथरी कला भएकी, सबै प्रकारका गहनाले सिँगारिएकी भगवती (कुरुकुल्ला)को ध्यान राम्ररी गरेर समयमूर्तिमा पुगेर ज्ञानचक्रको आवाहन गर्नू । झट्टै आकारबाट उत्पन्न ज्ञानचक्रमा अगाडि रहेको, जः हुँ वँ हो मन्त्रले आकर्षण गरी पसाएर बाँधेर सन्तुष्ट पार्नू । समयमुद्राको प्रयोगद्वारा सुखमार्गमा राख्नू । दुइ हातले अञ्जलि बाँधेर २ वटा मोटा [औँला] जब नुहाइन्छन्, २ वटा लामा [औँला]द्वारा सूचि (प्वाल?) बनाइयो । सूचिको बीचमा २ वटा साहिँलीऔँला, २ वटा लताद्वारा टाँसिएका २ वटा माझीऔँला, तल पारिएका २ वटा

---

२ प्रकाशित पाठ **विशतस्तानुत्पले ध्यायात्** छ । यताबाट यस पाउमा एक अक्षर बढी हुन्छ । **विशतस्तान्**को अर्थ पनि नभएकोले र यस पाउमा एक अक्षर बढी भएकोले यसलाई **विशस्तान्** भनी सच्याउँदा अर्थ पनि आउने र छन्द पनि मिल्ने भएकोले यहाँ पाठ संशोधन गरिएको छ ।

३ a kind of ear ornament

(मोनियर मोनियर-विलियम्ज १९५६ मा **ताटङ्क**)

४ ठिनलेराम शाशनी २००७ मा **आरोलिक्**

५ दक्षिणजङ्घोरुमध्ये वामपादं न्यस्य तदुपरि वामजङ्घोरुमध्ये दक्षिणं न्यसेदिति

(जनार्दन पाण्डेय २०४७: ७१ मा **वज्रपर्यङ्क**)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बूढीऔँलालाई यसरी समयबद्ध गर्नुपर्छ र ज्ञानचक्रमा प्रवेश गराउनुपर्छ । त्यसपछि कृती (विद्वान्=साधक)ले **बुद्धानिति** भनी मन्त्र पढ्दै अभिषेकको प्रार्थना गर्नुपर्छ ।

बोधिवज्रद्वारा बुद्धहरूलाई जसरी ठूलो तेज दिइयो, मेरो पनि रक्षाको लागि खवज्र आदि मलाई दिनुहोस् ।

ती ठूला प्राणीहरू राज्याभिषेकको नाउँबाट विद्वान्ले पाँचजना लोचना आदिद्वारा पुष्पाभिषेक जस्तै दिन्छन् । त्रैधातुकद्वारा नमस्कार गरिएका सबै बुद्धको त्रिगुह्यालयबाट उत्पन्न महावज्राभिषेक दिन्छु । बुद्धाभिषेकबाट चित्तको रातो चहकद्वारा तीनै लोक उज्यालो पार्ने ताराधर्मचूडामणि हुन्छ । श्रेष्ठ अभिषेक पाएकोले ६ महीना दृढ भएर विधिमा बताएअनुसार भावनाको क्रमपूर्वक तीनै सन्ध्यामा अर्थात् बिहान, दिउँसो र बेलुका बलि दिएर सबै सिद्धि पाउँछ । यस ताराहृदयद्वारा सावधान भई मन्त्र जप्नू ।

ॐ कुरुकुल्ले ह्रीः हुँ स्वाहा ।

त्यसपछि पूर्वसेवा (पुरश्चरण)[को लागि] १ लाख अक्षर जपेपछि काम थाल्नू ।

एक भागद्वारा बुद्धि बढ्छ, अर्को भागद्वारा वश गर्ने हुन्छ, तेस्रो भागद्वारा मानिसले विषको प्रभाव हटाउन सक्छ ।

त्यो मानिस सबै लोकको र मदले चूर भएका स्त्रीहरूको पूज्य हुन्छ । अभ्यासयोगले गर्दा श्रेष्ठ मन्त्री (साधक)ले अप्सराहरूलाई मन लागे जति भोग गर्छ ।

मदनातपत्र (कामदेवका छाता)मा राखिएको ह्रीःकारले स्त्रीहरूलाई रसाइदिन्छ, त्यसैले जिभ्रोमा बुद्धि पैदा गर्छ, त्यसैले हृदयको मध्यभागमा टोकिएको विष हर्ने धर्माक्षर, स्वक्षर, तीनै लोक जित्ने ताराको हृदय कृपा पाउनेहरूले थाहा पाउनुपर्छ ।

आफ्नी, कामविह्वल तारोद्भवकुरुकुल्लालाई कमलमा विभावना गरी साध्यलाई अन्तर्गत पारेर भावना गर्नू ।

ज्ञानसत्त्वरूपी कमल अमृतधारा तिनीको शिरमा कल्पना गर्नू । तिनी खस्न लागिन् भन्ने सम्झेर एक हप्तासम्म तीनै सन्ध्यामा कृती (साधक)ले भावना गर्नू । क्रमाभ्यासद्वारा सामान्य सिद्धिको साधना गरेर विचक्षण (साधक)ले महासिद्धिको साधना गर्नू । यसमा शङ्का छैन ।

कल्पमा कहिएको, तारोद्भवकुरुकुल्लाको साधना सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१७२

तारोद्भवकुरुकुल्लालाई नमस्कार ।

जसको सम्झना मात्रले देवता, दैत्य र मनुष्य पक्कै नोकर हुन जान्छन्, उहाँ तारिणीलाई नमस्कार गर्छु ।

सबभन्दा पहिले, आफूलाई अनुकूल पर्ने कुनै ठाउँमा, स्त्रीहरूसँगको संसर्ग आदि नहुने ठाउँमा मन्त्री (साधक)ले सुखासनमा बसेर आफ्नो हृदयमा प्रथमस्वरमा परिणत चन्द्रमण्डलमाथि रश्मिसहितको ह्रीःकारबीजबाट निस्केको रातो रश्मिको समूहद्वारा संसार उज्यालो पार्दै कुरुकुल्ल पर्वतमा रहेकी कुरुकुल्ला भगवतीलाई सञ्चोदना गरी ल्याई अगाडि आकाशमा चिन्तन गरेर हृदयबीजको रश्मिबाट बनेका थरीथरीका फूल, धूप आदिद्वारा पूजा गर्नू । त्यसपछि वन्दना, पापदेशना, पुण्यानुमोदना, परिणामना, त्रिशरणगमन र बोधिचित्त उत्पन्न गरेर

रत्नत्रयं मे शरणं सर्वं प्रतिदिशाम्यघम् ।
अनुमोदे जगत्पुण्यं बुद्धबोधौ दधे मनः ।।

(मेरो शरण त्रिरत्न हुनुहुन्छ । म सबै पाप बक्छु । जगत्पुण्यको अनुमोदन गर्छु । बुद्धज्ञानमा मन लगाउँछु ।)

भनी तीनचोटि पढ्नू ।
त्यसपछि चतुर्ब्रह्मविहारको भावनापूर्वक सबै धर्मशून्यताको विभावना गरी त्यसको अधिष्ठानमन्त्र पढ्नू–

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम् ।
(म शून्यताज्ञानवज्रस्वभाव भएको हुँ ।)

त्यसपछि, दुःख पाएको सबै जगत्लाई करुणाले अवलम्बन गरी बीजरूपको आफ्नो चित्त हेरेर त्यसमा परिणत रातो कमलमाथि पहिलो स्वरमा परिणत चन्द्रमा रहेको बीजका रश्मिद्वारा पहिले जस्तै जगत्लाई प्रकाश गरी अनन्त तथागतकोटिहरूलाई सञ्चोदना गरेर ल्याई अन्तर्भाव गर्नू । त्यसबाट कमल आदिमा परिणत **रातो वर्णकी, रातो चन्द्रकमलासनमा बसेकी, पाटको रातो रङ्गको उत्तरीय (ओढ्ने) ओढेकी, रातो चहक भएको वलय (बाला) लगाएकी, शिरमा रातो ताटङ्क लगाएकी, चार हात भएकी, दायाँपट्टिको पहिलो हात अभयमुद्रामा भएकी, दोस्रो हात बाणले भरिएकी, बायाँपट्टिको पहिलो हातमा रत्नको धनु लिएकी, दोस्रो हातमा रातो कमल लिएकी, अमिताभ बुद्ध [को आकृति भएको] मुकुट लगाएकी, कुरुकुल्ल पहाडको गुफामा रहेको राहुको शिरमाथि बसेका पत्नीसहितका कामदेवमाथि बसेकी, श्रृङ्गाररसले युक्त, भरखरको जवानी भएकी कुरुकुल्ला**को भावना गर्नू । यसरी समयसत्त्वको निष्पादन गरेर झट्ट ज्ञानसत्त्वलाई अगाडि ल्याई पूजा गरेर समयमुद्राद्वारा सुखमार्गद्वारा अन्तर्भावना गर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यहाँ यो समयमुद्रा– अञ्जलि बाँधेर माझीऔँला र सूचिको बीचमा २ वटा साहिँलीऔँला पसाएर माझीऔँलाको पीठमा रहेका २ वटा लता र २ वटा बूढीऔँला तल पसाएर त्यही आकारको कमलमुद्रा ।

त्यसपछि

बोधिवज्रेण बुद्धानां यथा दत्तो महामहः ।
ममापि त्राणनार्थाय खवज्राद्यं ददाहि मे ।।

(बोधिवज्रद्वारा बुद्धहरूलाई जसरी ठूलो तेज दिइयो, मेरो पनि रक्षाको लागि खवज्र आदि मलाई दिनुहोस् ।)

यसरी प्रार्थना गरेर

अभिषेकं महावज्रं त्रैधातुकनमस्कृतम् ।
ददामि सर्व्वबुद्धानां त्रिगुह्यालयसम्भवम् ।।

(त्रैधातुकद्वारा नमस्कार गरिएको, सबै बुद्धको त्रिगुह्यालय (काय, वाक् र चित्तको स्थान) बाट भएको महावज्राभिषेक दिन्छु ।)

यो पढ्ने लोचना आदिद्वारा बुद्धको आज्ञाले अभिषेक दिइएको कुरा ध्यान गर्नू । मुकुटमा अमिताभको आकृति रहन्छ । यसरी भावना गरेर जप गर्नू । त्यो जप न चाँडो, न ढीलो, न अस्पष्ट, न मात्राहीन हुनु हुन्छ र खराब आशय छोडिएको हुनुपर्छ । **ॐ कुरुकुल्ले ह्रीः हुँ स्वाहा** । यसरी तीनै सन्ध्यामा पीठो सखर आदि बलिदान गरी आदरपूर्वक लगातार दृढ मनले ६ महीनासम्म भावना गर्नू । यी सिद्धिका कारण हुन्छन् । त्यसपछि पहिलो महीनामा रोग आदि उपद्रवको शमन हुन्छ, दोस्रो महीनामा तयारी भोजन नमागीकन मिल्छ, तेस्रो महीनामा थरीथरीको वस्त्रलाभ हुन्छ, चारौँ महीनामा थरीथरीका पान लगातार पाइन्छ, पाँचौँ महीनामा रूप र गुणले युक्त राम्री स्त्रीसँग भेट हुन्छ, छैटौँ महीनामा देवता नाग यक्ष गन्धर्व किन्नर आदि स्वर्गका स्त्रीसँग भेट हुन्छ । भगवतीको साधना गर्दा स्त्रीहरूबाट नै धेरैजसो उपद्रव हुन्छ । त्यस कारण यी मारकर्म छोडेर भावना गर्दा सपनामा वा साक्षात् भगवतीबाट अस्वीकार हुन्छ । खड्ग, गाजल, खुट्टामा लाइने लेप, अन्तर्धान, रस, रसायनको साधना गर्नू । आकाश, पृथ्वी र पातालमा हिँड्न सक्ने सिद्धि आदिको साधना पनि गर्नू । सिद्धिप्राप्ति भएन भने माथि बताइएअनुसारको मुद्रा गरी पूजा र बलिदान गरेर ६ महीना पूरा भएपछि पूर्णिमाको रातभरि जप्नू । त्यसपछि बल्दा राम्रो सिद्धि पनि मिल्छ । त्यस मुद्राले तानिएका ब्रह्मा, इन्द्र, रुद्र र नारायण आदिलाई ल्याई आफ्नो नोकर बनाएर साधकले इच्छा गरेबमोजिम गर्न सक्छन् । त्यसपछि जन्म, बुढेसकाल र मरणरहित सिद्धले लोकधातुमा गएर तथागतहरूलाई दर्शन गर्न सक्छ, भूमिधारणी आदिको प्राप्ति हुन्छ ।

मुक्तकले बनाएको तारोद्भवकुरुकुल्लासाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१७३

कुरुकुल्लालाई नमस्कार ।

सबभन्दा पहिले मन्त्री (साधक)ले सुखासनमा बसी आफ्नो हृद्‌बीजका रश्मिद्वारा अगाडि भगवती, बुद्ध र बोधिसत्त्वहरूलाई ल्याई पूजा गरेर त्रिशरणगमन आदि गर्नू । त्यसपछि शून्यतालाई अधिमोचन गरी मन्त्रद्वारा अधिष्ठान गरी अकारबाट उत्पन्न चन्द्रमण्डलमा रश्मियुक्त ताँकारको चिन्तन गरी त्यसमा परिणत **रातो वर्णकी, अष्टदल भएको रातो कमलमा सूर्यासनमा वज्रपर्यङ्कमा बसेकी, ६ हात भएकी, पहिलो दायाँ र बायाँ हात त्रैलोक्यविजयमुद्रामा भएकी, दोस्रो दायाँ र बायाँ हातमा अङ्कुश र रातो कमल लिएकी, बाँकी रहेका दुइ हातमा कानसम्म तानिएको धनु र बाण लिएकी, रातो लुगा लगाएकी, पञ्चतथागत[को आकृति भएको] मुकुट लगाएकी** कुरुकुल्ला भगवतीलाई हेर्नू । साध्यको हृदयमा रातो कमलको गट्टामा भएको चन्द्रमण्डलमा रातो वर्णको ताँकारको भावना गरी वायुमण्डलमा रहेको त्यसलाई हृदयमा अङ्कुशले घोची ल्याएर त्यसको हृदयमा बसी रातो कमलको कोपिलाको बाणले साध्यलाई वारंवार घोचेर मन्त्र जप्नू ।

मन्त्र यो हो–

ॐ कुरुकुल्ले ह्रीः अमुकं मे वशमानय होः स्वाहा ।

(हे कुरुकुल्ला, फलानोलाई मेरो वशमा पारिदिनुहोस् ।)

त्यसपछि त्यसलाई विह्वल बनाई वशमा पारेर खुट्टामा छाँद हालेको हेरेर पठाउनू । यसरी इन्द्रलाई पनि वशमा ल्याउँछ ।

षड्‌भुजकुरुकुल्लाको साधना सिद्धियो ।

१७४

कुरुकुल्लालाई नमस्कार ।

पहिले जस्तै शून्यतासम्म भावना गरी रेफमा परिणत सूर्यमा ह्रीःकारलाई स्फार, संहार र विग्रहको ध्यान गरेर तत्कालै त्यसको परिणामबाट **आठ हात भएकी, रातो वर्णकी, रातो अष्टदलको पद्मसूर्यमा वज्रपर्यङ्कमा बसेकी, कूटागारको बीचमा बसेकी, अघिल्ला दुइ हात त्रैलोक्यविजयमुद्रामा भएकी, बाँकी दायाँ हातहरूमा अङ्कुश र कानसम्म तानिएको बाण लिएकी र एउटा हात वरदमुद्रामा भएकी, बाँकी बायाँ हातहरूमा पाश धनु र कमल लिएकी, सबै गहना लगाएकी कुरुकुल्ला भगवतीको भावना गर्नू । पूर्वपट्टिको पद्मपत्रमा प्रसन्नतारा, दक्षिणपट्टिको पद्मपत्रमा निष्पन्नतारा, पश्चिमपट्टिको पद्मपत्रमा जयतारा, उत्तरपट्टिको पद्मपत्रमा कर्णतारा, ईशानपट्टिको पद्मपत्रमा चुन्दा, आग्नेयपट्टिको पद्मपत्रमा अपराजिता, नैर्ऋत्यपट्टिको पद्मपत्रमा प्रदीपतारा, वायव्यपट्टिको पद्मपत्रमा गौरीताराको ध्यान गर्नू । उहाँहरू सबै ताराको वर्ण रातो हुन्छ । उहाँहरूको मुकुटमा पञ्चतथागतको आकृति हुन्छ । उहाँहरू वज्रपर्यङ्कमा**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बसेका हुनुहुन्छ। दायाँपट्टिका दुइ हातमध्ये एउटा हात वरदमुद्रामा हुन्छ, अर्को हातमा कानसम्म पुगेको बाण लिएको हुन्छ। बायाँपट्टिका दुइ हातमा कमल र धनु लिएको हुन्छ। पूर्वद्वारमा ठूलो पेट भएकी, विकृत मुख भएकी, रातो वर्णकी, अक्षोभ्य[को आकृति भएको] मुकुट लगाएकी, दायाँपट्टिका दुइटा हातमा एउटा हात तर्जनीमुद्रामा भएकी र अर्को हातले अङ्कुश लिएकी, बायाँपट्टिका दुइ हातमा वज्रघण्टा र पाश लिएकी वज्रवेतालीको चिन्तना गर्नू। दक्षिणद्वारमा पहेँलो वर्णकी, रत्नसम्भव[को आकृति भएको] मुकट लगाएकी, दायाँपट्टिका दुइ हातमा दण्ड र अङ्कुश लिएकी, बायाँपट्टिका दुइ हातमा घण्टा र पाश लिएकी अपराजिताको चिन्तना गर्नू। पश्चिमद्वारमा कृष्ण वर्ण भएकी, ठाडो कपाल भएकी, ठूलो पेट भएकी, दाँतले ओठ टोकेकी, अमिताभ[को आकृति भएको] मुकुट लगाएकी, दायाँपट्टिका दुइ हातमध्ये एउटामा वज्र र अर्कोले अङ्कुश लिएकी, बायाँपट्टिका दुइ हातमा घण्टा र पाश लिएकी एकजटाको चिन्तना गर्नू। उत्तरद्वारमा कालासुनको वर्ण भएकी, अमोघसिद्धि[को आकृति भएको] मुकुट लगाएकी, विकृत मुख भएकी, ठूलो पेट भएकी, दाहिनेपट्टिका दुइ हातमा खड्ग र अङ्कुश लिएकी, बायाँपट्टिका दुइ हातमा घण्टा र पाश लिएकी वज्रगान्धारीको चिन्तना गर्नू। यी ४ देवी आलीढपदमा हुन्छन्। यो त्रैलोक्यविजयमुद्रा हो– दुवै साहिँलीऔँला गाँठो पारी कान्छीऔँला र माझीऔँला बूढीऔँलामा रोकेर दुवै चोरऔँला अङ्कुशको आकारले निधारमा राख्नू। भावनाले थाकेपछि मन्त्र जप्नू।

ॐ कुरुकुल्ले ह्रीः स्वाहा।

दश हजारपटक मन्त्र जप्नाले सबै जना वशमा हुन्छन्। नियुत[६] पटक जप गर्नाले मन्त्रीहरू वशमा हुन्छन्, एक लाख जप गर्नाले राजाहरू वशमा हुन्छन्। कमल घिउ र महमा भिजाइएको पीपलको समिधा होम्नू, इच्छा गरेको पद पाउँछ। बेलको काठले आगो बालेर घिउ र महमा भिजाइएका एक लाख बेल होम्नू, राजा र मन्त्रीहरू वशमा हुन्छन्। हजार कमल होम्नू, घिउको दश हजार बत्ती देवीको अगाडि बाल्नू, सबै राजाहरू वशमा हुन्छन्।

अष्टभुजकुरुकुल्लासाधन सिद्धियो।

यो कृति इन्द्रभूतिको हो।

१७५

अनि स्वास्नीमान्छे र लोग्नेमान्छेलाई वश पार्ने इच्छा भएको मन्त्री (साधक)ले शुक्लपक्षको प्रतिपदादेखि थालेर तीनै सन्ध्यामा हरेक दिन भगवतीको अवलम्बन गरी, रातो वस्त्र लगाई, जीउ ढाकी दश हजारपटक जप गर्नू। त्यहाँ यो क्रम छ– सूर्यमा रहेको रातो ह्रीःकारबाट उत्पन्न अष्टदल भएको कमललाई योनिसम्म

६ यस शब्दले कति अङ्क बुझाउँछ, यसमा विवाद छ (उदाहरणको लागि प्र्याङ्क्लिन एजर्टन २०१० मा **नियुत** हेर्नू)। यहाँको सन्दर्भ हेर्दा दश हजारभन्दा बढी, एक लाखभन्दा कमको सङ्ख्या **नियुत**ले बुझाएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कमलको डाँठ गएको आफ्नो मनमा चिन्तना गरेर ती आठवटा पद्मपत्रमा आ ई ऊ ॠ ॡ ऐ औ अः यति आठवटा स्वरमा परिणत; अति नै मोटाघाटा, रिसाएका, रातो वर्णका, क्रमैसँग रहेका, आफ्नो नाकको हावाबाट पठाइएका आठवटा भमरालाई हेरी आफ्नो बायाँ नाकको प्वालबाट निकालेर साध्याको दायाँ नाकको प्वालमा पसेकाहरू छिन्नभिन्न भई ती भमरा अ इ उ ऋ ऌ ए ओ अं यति ह्रस्व आठवटा स्वरमा परिणत भएकाको ध्यान गरी कानसम्म ढाकेको रातो कमलको कोपिलाबाट बनेका बाणका समूहद्वारा साध्याको किञ्जल्क घोची त्यसबाट परिणत बाण लिई त्यो बायाँ नाकको प्वालबाट निकाली योगीले दायाँ नाकबाट तानेर आफ्नो मनमा पसेको कल्पना गर्नू । पछि कमलको डाँठले घाँटीमा बाँधी योनिमा घोची अङ्कुशले पीडा दिई रश्मिज्वालाद्वारा अरूलाई वशमा पारेर तिनीमाथि चढी आनन्दपूर्वक मन्त्र जप्नू–

ॐ कुरुकुल्ले ह्रीः अमुकीं मे वशमानय स्वाहा ।
(हे कुरुकुल्ला, फलानीलाई मेरो वशमा ल्याइदिनुहोस् ।)

एक हप्तामा सिद्धिप्राप्ति हुन्छ ।

भ्रमरीयोगकुरुकुल्लासाधन ।

१७६

सिद्धि दिने कुरुकुल्ला माईलाई ढोगी उनीको सबै सिद्धि दिने उपदेश लेखिन्छ । कुरुकुल्लायोगले युक्त उपदेशको भावना गर्नू ।

हृत्सूर्य रातो कमलको केसरमा रहेको, ह्रीःकारबाट निस्केको पाश र अङ्कुशको कमलरूपी रश्मिद्वारा नाकको बायाँ प्वालबाट निस्की साध्यको दायाँ प्वालमा पसी रातो वर्णको ज्ञानदेह साध्यलाई सम्झी पाशले गलामा बाँधी अङ्कुशले हृदयमा घोची नाकको प्वालद्वारा बाहिर निकाली यँकारमा परिणत वायुमण्डलमा बसी कमलद्वारा हृदयमा वा भगमा हानी त्यसलाई ल्याई बायाँपट्टि उत्तानो पारी रश्मिहरूलाई आफ्नो हृदयमा ह्रीःकारद्वारा दायाँ प्वालबाट पसाउनू । त्यसपछि फेरि हृद्‌बीजबाट उठेको रातो कमलको आकारको रश्मिरेखाको भित्री भागबाट नै आँखीभौँमा आई बायाँ कान छोई टाउको बेरी दायाँ कानको प्वालबाट निस्की कोपिलाको त्यस रश्मिरेखाद्वारा कानसम्म तानिएको कमलको कोपिलाको डाँठबाट बनाइएको बाणको प्वालमा पसाई कोपिला केही फुलाएर साध्यको लिङ्ग वा भगमा अँठ्याउने तरीकाले वारंवार घोच्नू । केही मान्छे बीजद्वारा त्यसै गर्नू भन्छन् । बाणको हनाइबाट पसेको रश्मिले सर्वाङ्गमा व्याप्त, रसाएको, विह्वल र असहाय भएको हेर्नू । उठेकोलाई हान्ने हो भने आफ्नो पैतालामा परेको साध्यलाई चिन्तन गरी फेरि त्यही तरीकाले घोच्नू । जब घोचेको सहन नसक्ने हुन्छ, तब हृद्‌बीजको प्वालमा साध्यलाई उठाई नाइटोमाथि उत्तानो पारी बायाँपट्टि टाउको राखी बीजको रश्मिद्वारा हिउँका छिटा जस्तै सर्वाङ्ग ढाकिएको, विह्वल भएको चिन्तना गरी मन्त्रको आवृत्ति गर्नू–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ कुरुकुल्ले ह्रीः स्वाहा ।

आफ्नो अधिष्ठानको क्रमोपदेश यो र अरू हो ।

कुरुकुल्लाको उपदेशक्रम ।

१७७

कुरुकुल्लालाई नमस्कार ।

सबभन्दा पहिले सुखासनमा बसी कुरुकुल्लाको रूप लिई सबै प्राणीलाई आफ्नो वशमा पार्न थाल्नू । आफ्नो हृदयमा सूर्यमण्डल, त्यसमाथि रातो वर्णको ताँकार, त्यसपछि पाँचवटा रश्मिबाट उत्पन्न तथागतहरूको पूजा गरी मेरो शरण त्रिरत्न हुनुहुन्छ इत्यादि भनी पापदेशना आदि गरी शून्यताको भावना गरी पछि रातो कमल, त्यसमाथि सूर्यमण्डल, त्यसमाथि रातो वर्णको ताँकार यी सबै परिणाम ल्याएर **रातो वर्णकी, चार हात भएकी, दायाँपट्टिको एउटा हातमा बाण लिएकी र अर्को हात अभयमुद्रामा भएकी, बायाँ एउटा हातमा धनु र अर्को हातमा कमल लिएकी, वज्रपर्यङ्कासनमा बसेकी, रातो कञ्चुक (चोली) लगाएकी, रातो उत्तरीय (ओढ्ने) ओढेकी कुरुकुल्ला भट्टारिका** आफैँ हो भन्ने सम्झनू । पछि पत्नीसहितका कामदेवको चिन्तना गर्नू । पछि भावना गरेर मन्त्र जप्नू–

ॐ कुरुकुल्ले ह्रीः स्वाहा ।

कुरुकुल्लासाधन ।

१७८

हृच्चन्द्रमण्डलमा ह्रीःकारबाट उत्पन्न, बीच भाग ह्रीःकारद्वारा अँठ्याइएको, रातो कमलको ध्यान गरी त्यसबाट परिणत **रातो वर्णकी, रातो कमलको चन्द्रासनमा बसेकी, रातो प्रभामण्डल भएकी, रातो छिरबिरे कपडाको उत्तरीय (ओढ्ने) ओढेकी, अमिताभ[को आकृति भएको] मुकुट लगाएकी, चार हात भएकी, मुख्य दुइ हातमा कानसम्म तानिएको रातो कमलको कोपिलाबाट बनेको बाणमा रहेको पुष्पबाण र धनु लिएकी, बायाँ हातमा गाँठसमेतको फुलेको रातो कमल लिएकी, दायाँ हात वरदमुद्रामा भएकी, महाशृङ्गारको रसले उज्ज्वल आर्यकुरुकुल्लालाई** हेरेर ज्ञानसत्त्वले एकाकार गरी आफ्नो शरीरमा भएको रातो रश्मिरूपी अङ्कुशद्वारा तानिएका, शरीर झुकाएर ढोग्न आएका, अतिभक्त, अरूको वशमा परेका देवता दैत्य गरुड किन्नर नाग यक्ष र लाखौँ नरनारीसहित दशै दिशामा हेर्दै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ कुरुकुल्ले ह्रीः स्वाहा

भन्ने मन्त्र जप्नू । लाखदेखि थालेर जबसम्म भगवतीको साक्षात्कार हुँदैन, तबसम्म जप गर्दै रहनू ।

अनि अरूलाई वश पार्न खोज्ने कसैले एक लाखपटक जप गरी, भनेअनुसारको योग गरी, भक्तिभावले ढोगेर देवता र दैत्य आदिको बीचमा रहेको आफ्नो शरीरको रश्मिरूपी अङ्कुशबाट तानिएकी साध्यालाई अगाडि राखी, आफ्नो हृदयमा सोह्र दल भएको रातो कमल त्यस साध्याको हृदयमा चिन्तना गरी, पहिले जस्तै आर्यवज्रानङ्गमा भनेअनुसार भमरारूपी अङ्कुशको भावनाले त्यो नामाक्षर आफ्नो मनमा राखी, मन्त्रद्वारा गाढा रूपले आक्रान्त गरी, त्यसै गरी बाणद्वारा हृदयमा घोची, महारागले मूर्छा परेकीलाई धनुद्वारा दुवै खुट्टामा र कमलको पाशले गलामा बाँधी, तानी, आफ्ना दुवै खुट्टामा छाँद हाल्न लगाई लोग्नेमान्छे भए अङ्कुशले हृदयमा घोच्नू; स्वास्नीमान्छे भए धर्मोदय (योनि)मा घोच्नू ।

ॐ कुरुकुल्ले अमुकं अमुकीं वा आकर्षय ह्रीः स्वाहा ।
(हे कुरुकुल्ला, फलाना वा फलानीलाई आकर्षण गरिदिनुहोस्)

भन्ने मन्त्र जप्नू । आकर्षित भएमा साध्यमा त्यही मन्त्रले वशमा ल्याऊ भनी नाम किटेर जप गर्नू । सयचोटि जप गर्नाले सामान्यतया लोग्नेमान्छे र स्वास्नीमान्छे तथा राजाको मन्त्री पनि वशमा हुन्छ । दश हजारचोटि मन्त्र जप्नाले दुनियाँहरू वशमा आउँछन् । लाखचोटि जप गर्दा राजा, सात लाखले देवकन्या र असुरकन्या, एक करोडले गरुड र ऐरावत आदि स्वर्गका र सामान्य चौपायाहरू, आदरपूर्वक निरन्तर लामो समयसम्म अनन्त जप गर्नाले तीनै लोकलाई पनि वशमा पार्न सकिन्छ ।

आर्यश्रीमतीकुरुकुल्लासाधन ।

१७९

सबभन्दा पहिले भावनाको प्रारम्भमा पाँच थरीका सुगन्ध लिपिएको भुइँमा खुशी मन भएको व्रती (व्रत लिएको मानिस = साधक) कमलो आसनमा बसी त्यसपछि हृदयमा रेफमा परिणत चौडा ज्वालामालाले युक्त सूर्यमण्डल, त्यसको नाभिमा रातो वर्णको ह्रीःकारको चिन्तना गर्नू । त्यसपछि ह्रीःकारबाट निस्की दश दिशामा रहेको सत्त्वधातुहरूलाई रश्मिको समूहद्वारा उज्ज्वल पारी श्रीकुरुकुल्लाको रूपले स्थापना गरी फेरि आएर त्यसैको पसेको रश्मिज्वालाको भावना गर्नू । त्यसपछि आकाशमा अगाडि **१६ वर्षकी, जाज्वल्यमान पहेँलो ठाडो केश भएकी, शिरमा पञ्चकपाल (पाँचवटा खप्पर) लगाएकी, मुर्दामाथि [उभिएकी], मुण्डमालाले सिँगारिएको हार लगाएकी, अर्धपर्यङ्कासनमा रहेकी, अलिकति दाह्राले गर्दा डरलाग्दो अनुहार भएकी, जिब्रो लपलप गरेकी, चक्री कुण्डल कण्ठिका केयूर (बाजु) मेखला नूपुर लगाएकी, बाघको छाला लगाएकी, हल्लिरहेको बाटुलो धनुषाकार राता तीन आँखा भएकी, अमिताभनाथ[को आकृति भएको] मुकुट लगाएकी, चार हात भएकी, कानसम्म तानिएको रातो कमलको कोपिलाको बाणले भरिएको रातो फूलको धनु लिएकी, बाँकी दुइ हातमा रातो फूलबाट**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बनेको अङ्कुश र रातो कमल लिएकीको चिन्तना गर्नू । उहाँको पूजाको लागि आफ्नो हृदयको सूर्यमण्डलमा रहेको ह्रीःकारबाट उत्पन्न पञ्चोपचारपूजाद्वारा फूल धूप बत्ती चन्दन नैवेद्य आदिद्वारा पूजा गर्नू । पूजा गरेर ज्यादै दयालु, भक्तिले निहुरिएको योगी (साधक) शरीर आदिद्वारा कायादिवन्दनाद्वारा ढोग्छ । त्यसपछि मैले जुन पाप गरेँ, गराएँ, अनुमोदन गरेँ, त्यो भगवतीको प्रत्यक्षमा देशना गर्छ । त्यसपछि भवसागरमा खसेका सत्त्वधातुको उद्धार गर्न बोधिचित्त धारण गर्छ । त्यसपछि चतुर्ब्रह्मविहारको भावना गर्नू । त्यसपछि शून्यताको भावना गर्नू । त्यहाँ चित्त मात्रलाई यस मन्त्रले अधिष्ठान गर्नू–

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम् ।
(शून्यताज्ञानवज्रस्वभाव भएको म हुँ ।)

यो चित्ताधिष्ठान हो ।
त्यसपछि आकाशमा रेफमा परिणत, ज्वालामालाले युक्त सूर्यमण्डलको भावना गर्नू । त्यसमाथि कृष्ण हुँकारमा परिणत विश्ववज्र, प्राकार, पञ्जरबन्धन र वज्रमयी भूमिको भावना गर्नू । यो रक्षाचक्र हो ।

त्यसपछि बीचमा एकार आकृति भएको, दिव्य, सेतो वर्णको धर्मोदयज्ञानको भावना गर्नू । त्यसको बीचमा रातो ह्रीःकारबाट उत्पन्न अष्टदल भएको रातो कमल, त्यसमाथि केसरमा रेफमा परिणत सूर्य, त्यसमाथि बाण, फेरि त्यसमाथि ३२ लक्षणले युक्त सेतो पूर्णचन्द्र, त्यसमाथि फेरि चौरासी लक्षण भएको रातो वर्णको सूर्यमण्डल, ती दुइको बीचमा रातो ह्रीःकारमा परिणत रातो कमलको कोपिलाबाट बनेका बाणद्वारा आफ्नो मनमा पसेको भावना गर्नू । त्यसपछि चन्द्रसूर्यरूपी बाणद्वारा एक भएको द्रवलाई जस्तै पहिले जस्तै आफूलाई कुरुकुल्लाको रूपको भावना गर्नू । भावना गरेर आफ्नो हृदयमा रेफद्वारा सूर्यमण्डल, त्यसको नाभिमा ह्रीःकारको फेरि भावना गर्नू । त्यसबाट उत्पन्न रश्मिहरूद्वारा तानी अमिताभनाथलाई ल्याई गुह्यभन्दा भिन्न पूजा (सामान्य पूजा) गरेर अभिषेकको याचना गर्नू । याचना यस्तो छ–

अभिषिञ्चतु माममितनाथ ।
(हे अमितनाथ, मलाई अभिषेक दिनुहोस् ।)

त्यसपछि उहाँ अमितनाथले पञ्चामृतले भरिएका, आफ्नो हृदयबाट चम्केका पाँचवटा कलशको भावना गर्नू । अनि पञ्चामृत भरिएका ती कलशले नुहाइदिएर आफ्नो हृदयमा कलशहरू पसाउनू । त्यहाँ पसाएर योगी (साधक)ले शिरमा अमिताभनाथको भावना गरेर तीनै सन्ध्यामा मन्त्र जप्नू । त्यो मन्त्र यस प्रकारको छ–

ॐ कुरुकुल्ले ह्रीः स्वाहा ।
हे कुरुकुल्ला, स्वाहा ।

विशेष गरी रक्तचन्दनको [जपमाला]ले जप गर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ आः हुँ

भनी मुखाधिष्ठान गर्नू ।

अनि स्त्री र पुरुषलाई वश पार्ने इच्छा गर्ने मन्त्री (साधक)ले शुक्लपक्षको प्रतिपदादेखि थालेर हरेक दिन तीनै सन्ध्यामा दश हजारपटक [जप गर्नू] । भगवतीको मूर्तिको अवलम्बन गरी, रातो लुगा लगाई, शरीर ढाकेर त्यसपछि आफ्नो हृदयमा सूर्यमा रहेको, आफ्नो हृदयमा रहेको रातो ह्रीःकारमा परिणत अष्टदल भएको रातो कमलको डाँठ योनिसम्म गएको भावना गर्नू । त्यस पद्मपत्रमा आठवटा, अन्तःस्वरमा परिणत, ज्यादै हृष्टपुष्ट, क्रोधले राता भएका, क्रमैसँग पढिएका, आफ्नो नाकको हावाद्वारा पठाइएकालाई उडाई नाकको बायाँ प्वालबाट निकालेर साध्यको नाकको दायाँ प्वालद्वारा पसेका, जोडसँग काटिएको र छरिएकोले पहिला आठ स्वरलाई आठवटा स्वर भएका, अलि राता, पखेटा भएका भमरालाई चुस्नू भनी योगी (साधक)ले हेर्नू । पछिबाट कानसम्म तानिएको, रातो कमलको कोपिलाबाट बनेको बाणले बलियोसँग मुट्ठी पारेर मन्त्री (साधक)ले केसर छिराउनू । त्यसपछि आफ्नो समयद्वारा चोदित ती भमरा नाकको बायाँ प्वालबाट निस्केर एक एक स्वर लिएर योगी (साधक)को नाकको दायाँ प्वालबाट पसे भनी आफ्नो हृदयमा स्वकीय र परकीय ज्ञानद्वारा एकीभाव गर्नू । पछि त्यो कमल घाँटीमा बाँधेर योनिलाई अङ्कुशले दुःख दिई बाणद्वारा चिन्तना गरेर [साध्या]लाई वशमा ल्याउनू । अगुल्टेको चक्रमा चढेकी साध्यालाई मन्त्रद्वारा साधकले ल्याउनू । सधैँ आनन्दमा रही निर्णय गरी उपदेशसहितको राम्रो मन्त्र जप्नू–

ॐ कुरुकुल्ले ह्रीः अमुकीं मे वशमानय स्वाहा ।
(हे कुरुकुल्ला, फलानीलाई मेरो वशमा ल्याइदिनुहोस् ।)

यो मन्त्र सबै रातोदिन पढ्नू । त्यसपछि विह्वल भएकी स्त्री मन्त्रले प्रेरित भएर आउँछिन् ।
कपाल छोडेकी, निर्वस्त्र, कामवासनाले पीडित तिनीलाई पाएर आफ्नो इष्टयोगद्वारा बुद्धमण्डलको पूजा गर्नू । ठूलो सिद्धि हुन्छ, कसैले पनि बिगार्न सक्दैन ।

उड्डियानबाट निस्केको कुरुकुल्लासाधन ।

१८०

बालक (शास्त्र नपढेका)हरूको बुद्धि बढाउनको लागि कुरुकुल्लालाई नमस्कार गरेर गुरुको पाउको निगाहले भावनाक्रम बताइन्छ ।

सबभन्दा पहिले मन्त्री (साधक)ले सबै प्राणीलाई र आफूलाई सबै दुःखबाट छुटकारा दिने इच्छाले बिहान सबेरै उठेर मुख धुने आदि काम गरी मन परेको ठाउँमा सुखासनमा बसी सबै चिन्ता छोडी त्रितत्त्व मन्त्रले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्थानात्मयोगरक्षा गरेर आफ्नो हृदयमा सेतो चन्द्रमण्डलको भावना गर्नू । त्यसमाथि रश्मि फरफराइरहेको आफ्नो बीजले ती रश्मिद्वारा धर्मधातुमा भगवतीलाई तानी, अघिल्तिर स्थापना गरी, थरीथरीका विचित्र र राम्रो बास्ना आउने पूजाद्वारा ढोग्ने काम आदि गरी क्षमाप्रार्थना गरी पुण्यको परिणाम गरेर प्रणिधान गर्नू । त्यसपछि,

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम्

भन्ने मन्त्रद्वारा शून्यताको भावना गरी त्रितत्त्वद्वारा अधिष्ठान गरेर फेरि आफूलाई आकाशमा चित्रमा लेखिएको जस्तो चहकिलो रूपको चिन्तना गर्नू । त्यसपछि आफ्नो हृदयमा सेतो चन्द्रमण्डल, त्यसमाथि ह्रीःकारबीजबाट उत्पन्न **नीलकमल, त्यसमाथि चन्द्रमण्डलको माथि रहेको बीजमा अधिष्ठित स्फुरण संहरण गरेर त्रितत्त्वमन्त्रद्वारा दायाँ बायाँ हातमा अक्षसूत्र कमल र अमृतकुण्डी (कलश) लिएकी; तीन आँखा भएकी; कमल लिएका सबै तथागतद्वारा र वीणा आदि सोह्र देवीद्वारा अभिषेक गरिएकी; अमिताभ विराजमान भएको, थरीथरीका फूलले सुहाएको जटामुकुट लगाएकी; शृङ्गार आदि रसले युक्त; दायाँ हातमा रहेको अक्षसूत्र यसो हेरिरहेकी; क्षीरसमुद्र [जस्तो] सेतो वर्णको कमलमा रहेकी; चन्द्रमाथि सत्त्वपर्यङ्कासनमा रहेकी; कङ्कण (बाला), केयूर (बाजु), कुण्डल, नूपुर, मोतीको माला र राम्रा लुगा आदिले सिँगारिएकी; नीला अनन्त नागले कपाल बाँधेकी; पीयूष (अमृत) वर्णका वासुकि नागलाई गलामा हार बनाएकी, रातो वर्णका तक्षक नागलाई कानको कुण्डल बनाएकी, दूबो जस्तो श्याम वर्णका कर्कोटक नागलाई जनै बनाएकी; सेतो वर्णका पद्मनाग नागलाई हार बनाएकी; कमलको डाँठको जस्तो वर्ण भएका महापद्म नागलाई नूपुर बनाएकी; पहेँलो वर्णको शङ्खपाल नागलाई कङ्कण (बाला) बनाएकी; ध्वाँसे र बादल जस्तो वर्णको कुलिक नागलाई केयूर (बाजु) बनाएकी; सेतो वर्णकी; चुहिरहेको अमृत जस्तो शरीर भएकी; दयाले भरिएको चित्त भएकी भगवती** आफू हुँ भन्ने भावना गर्नू । त्यसपछि आफ्नो हृदयमा चन्द्रमण्डलमाथि फरफराइरहेको रश्मि भएको पूर्वबीजको भावना गरी ती रश्मिद्वारा सबै प्राणीलाई भगवतीको रूपमा निष्पादन गरी ल्याएर ॐ जः हुँ व होः भन्ने मन्त्रले दूधमा पानी मिसाए जस्तै एकरूप बनाई आफ्नो शरीरमा पसाएर अघिबाटै पूजा गरिएकी भगवतीलाई सेतो, रातो र कृष्ण रङ्गको त्रितत्त्वद्वारा सन्तुष्ट पारी दह्रो पारेर शिरमा गलामा र हृदयमा मुद्रित गर्नू । त्यसपछि हृद्बीजबाट निस्केका रश्मिले सुखावती र सहा आदि लोकधातुमा रहेका, वीणा आदि सोह्र देवीले युक्त अमितनाथ आदि सबै तथागतलाई पञ्चतथागतात्मक पञ्चामृत कपूर कुङ्कुम कस्तूरी आदि सुगन्ध भरिएका कलश ल्याएर गाथा पढी अभिषेक लिनू । गाथा यो हो–

बोधिवज्रेण बुद्धानां यथा दत्तो महामहः ।
ममापि त्राणनार्थाय खवज्राद्यं ददाहि मे ।।
अभिषेकं महावज्रं त्रैधातुकनमस्कृतम् ।
गृह्णामि सर्वबुद्धानां त्रिगुह्यालयसम्भवम् ।।
यथा हि जातमात्रेण स्नापिताः सर्वतथागताः ।
तथाहं स्नापयिष्यामि शुद्धं दिव्येन वारिणा ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अभिषिचिन्तु माममितनाथप्रमुखाः सर्वतथागता वीणादिषोडशदेवीसमन्विताः ।

ॐ सर्वतथागताभिषेकसमयश्रिये आः हुँ ।

(बोधिवज्रद्वारा बुद्धहरूलाई जसरी ठूलो तेज दिइयो, मेरो पनि रक्षा गर्नको लागि मलाई खवज्र आदि दिनुहोस् । त्रैधातुकद्वारा नमस्कार गरिएको, सबै बुद्धको त्रिगुह्यालयबाट उत्पन्न महावज्राभिषेक म लिन्छु । जसरी जन्मनेबित्तिकै सबै तथागतलाई स्नान गराइयो, त्यसै गरी दिव्यजलले शुद्धसँग नुहाइदिनेछु । वीणा आदि सोह्र देवीले युक्त अमितनाथ आदि सबै तथागतले मलाई अभिषेक दिनुहोस् ।)

ॐ सर्वतथागताभिषेकसमयश्रिये आः हुँ

भन्ने यस मन्त्रले अभिषेक दिएर तिनीहरू पनि मुकुटमा पसे, नायकको हैसियतले अमिताभ शिरमा रहनुभयो । यति अभिषेकग्रहण ।

त्यसपछि आफ्नो नाभिमा कमलमा रहेको चन्द्रमामा माथि रहेको अग्निबीजमा बसेको; स अक्षर अन्तमा भएको; चन्द्रबिन्दुनाद र चतुर्थ स्वरले युक्त; आलिकालि[७]ले फरफराइरहेको; अमृतमय, सेतो, एउटा बत्तीबाट अर्को बत्ती सारे जस्तो देदीप्यमान; मुखद्वारबाट निकालेर सबै मणि र मन्त्रौषधिको प्रभाव झट्टै लिएर नाभिद्वारबाट नादमा पसाउनू । आफ्नो रूपको सम्झना भएको योगी (साधक)ले कन्याकेटीले कातेको नौसुते धागो एकाउन्नवटा स्फटिकको गोली अक्षसूत्रमा उनेर पत्रञ्जीवले अथवा माझीऔँला र बूढीऔँलाले समातेर शान्तिको काममा एक सय एक, चोरऔँला (क्रोधऔँला) र बूढीऔँलाले तीनै सन्ध्यामा वा चारै सन्ध्यामा वा धेरै कालसम्म भावना गरेर ज्ञानाकर्षणयोगद्वारा त्यही मन्त्राक्षर जप्नू । चित्त दरिलो बनाई त्यसैमा डुबेर पूर्वसेवामा एक लाख जपेकोमा दिनदिनै दश हजार जप्यो भने अढाइ महीनामा कवि हुन्छ, विष लाग्दैन । पुण्य कम भएको मान्छे पनि एक्काइस लाख जप गरी एक्काइसचोटि मन्त्रिएको खरीले वा एक्काइसचोटि मन्त्रिएको हातले जसको हातमा वा शिरमा छुन्छ, त्यस्तो मूर्ख पनि कवि हुन्छ; सभामा नहेपिने भई मञ्जुश्री जस्तो बोलैया हुन्छ; नपढेका सबै शास्त्र पनि जान्दछ । यो अथवा मन्त्र गुरुको उपदेशबाट बुद्धि बढाउनको लागि जप्नुपर्छ–

---

७ यसको वास्तव अर्थ *साधनमाला* २४६ साधनबाट खुल्छ । सम्बद्ध अंशको उल्था यस्तो हुन्छ–

नीतार्थ अकचटपयस शब्दद्वारा आलिकालि कहियो । आलिकालिको जपद्वारा मन्त्रीले त्रैलौक्यलाई हल्लाउनू । लाखपटक जप्नाले के एकचोटि मात्र आलिकालि भनिन्छ । जस्तै- अ आ इ ई ऋ ॠ उ ऊ, ऌ ॡ अ आ ए ऐ अर् आर् ओ औ अल् आल् ह हा य या र रा व वा ल ला यति सृष्टिको क्रमले श्वास पसाईकन आलिजाप हो ।

श्वास निकाल्नेमा कालि- क का ख खा ग गा घ घा ङ ङा च चा छ छा ज जा झ झा ञ ञा ट टा ड डा ठ ठा ढ ढा ण णा प पा फ फा ब बा भ भा म मा त ता थ था द दा ध धा न ना स सा ह्र ह्रा ष षा श शा क्ष क्षा यति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ कुरुकुल्ले ह्रीः वद वद वाग्वादिनि स्वाहा ।
(हे बोल्ने कुरुकुल्ला, बोल्नुहोस् बोल्नुहोस् ।)

सात अक्षर भएको मन्त्रको एक लाख अक्षर जप्नाले होममा भिजेको, विधानले युक्त, तीन थरी गुलियो जडीबूटीमा भिजेको सेतो फूल असी हजारपटक होम गर्नाले नागकन्यालाई पनि आकृष्ट गर्छ; माग्दै नमागीकन अप्सरा पनि पाउँछ । आश्चर्य मान्नुपर्दैन, सिद्धि हुन्छ । भगवान् बुद्ध अचिन्त्य हुनुहुन्छ, बुद्धधर्महरू पनि अचिन्त्य हुन्छन्, बुद्धसिद्धिहरू पनि अचिन्त्य हुन्छन्, मणि र मन्त्रौषधिको प्रभाव पनि अचिन्त्य हुन्छ । पहिले जस्तै, कन्याकेटीले कातेको धागोले, उपवास बसेको जुलाहाले र चित्रकारले पट्ट बनाई तीनै काल अगाडि राखी बास्ना आउने फूलले पूजा गरी म भन्ने भावना राखेर मन्त्री (साधक)ले मैत्रचित्तले जप गर्नुपर्छ । सबैले थाहा पाएको वचनद्वारा स्त्यानसिद्ध औद्धत्य विचिकित्सालय र संशयले युक्त, अरू कुरामा मन लगाएको, मन्दबुद्धिले व्यर्थै भन्छ । चित्तलाई चाँडै निग्रह गर्नको लागि यी स्त्यान आदि कोशिश गरी छोड्नुपर्छ । यस कुरुकुल्लायोगद्वारा सबै विघ्नको शान्ति गर्नको लागि र प्राणीहरूलाई वश पार्नका लागि तारा र कुरुकुल्लामा भेद नहुनाले दश अक्षर भएको तारामन्त्र जप्नुपर्छ ।

प्रज्ञाविधि

घिउकुमारीका पात, कचूर, जेठीमधु, घोडताप्रे र पिपला महसँग मिसाई कृती (विद्वान्=साधक)ले खानू ।
यसको यो उपदेश-
सात अक्षर भएको मन्त्रले सातपटक फुकी, अमृतमय औषधि बनाई, आफूलाई भगवतीको रूपमा अवलम्बन गरी, पट आदिमा लेखिएकी भगवतीलाई अवतरण गराई पूजा गरेर बिहान सबेरै खानू । सुत्ने बेलामा गोली बनाई मुखमा राखेर सुत्नू । यसबाट ठूलो विद्वान् हुन्छ ।

ॐ कुरुकुल्ले स्वाहा ।

प्रज्ञातन्त्रविधि

दाँतको टोकाइमा घिउ र चक्राङ्कित तगरको जरा लेप गर्नाले र खानाले विष जान्छ ।

विषतन्त्र

पहिले बताएको चिह्न र बीजद्वारा रातो वर्णमा परिणत, दयाले चित्त पग्लिएकी भगवतीलाई आफ्नो हृदयमा भावना गरी रातो चन्द्रमामाथि षट्कोणचक्रमा रहेको ॐ कुरुकुल्ले स्वाहा भन्ने मन्त्रले सात थरी बीजद्वारा चम्केका रश्मिद्वारा भगवतीलाई ज्ञानसत्त्वरूपमा ल्याई, मुखद्वारबाट पहिल्यै बताइएको मन्त्रद्वारा पहिले जस्तै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पसाई, एकरूप गरी, सबै तीन तत्त्व आदि गरेर, हृद्बीजका रश्मिद्वारा आकृष्ट साध्यालाई अक्षसूत्रको पाशले बाँधेर ल्याई छाँद हाल्न लगाई कपाल छोडेकी, विह्वल, मरेकी जस्तो देखेर त्यही अक्षसूत्रको पाशलाई अङ्कुश बनाई महासुखद्वारबाट अवधूतीको रन्ध्रद्वारा साध्यको भगद्वारबाट विज्ञान [चित्त]लाई तानी रत्नचन्दनले मुगाले वा २६ सूत भएको अक्षसूत्रले साहिँलीऔँला र बूढीऔँलाले समातेर रत्तिएको चित्तले सात अक्षर भएको मन्त्र जप्नू । पहिले जस्तै, रातो ह्रीँकारबाट उत्पन्न फेरि कमलको केसरको कर्णिकामा हेर्नुपर्छ ।

वश गर्ने विधि

फेरि पनि स्त्रीलाई वशमा राख्न इच्छा गर्नेले अशोकाष्टमी (चैत्रशुक्लाष्टमी?)मा अशोकको रूखको तल गई, रातो लुगा लगाई, एकचित्त भई, ज्यादै उत्कण्ठित भई, कुरुकुल्लायोग गरी, मैनफल खाई, कार्माचिकाको रसको टीका लगाई, वशमा पारिनेमा चित्त अनुरक्त गराएर मन्त्र जप्नुपर्छ । मन्त्र यो हो–

ॐ ह्रीः अमुकीं मे वशमानय स्वाहा ।
(फलानीलाई मेरो वशमा ल्याइदिनुहोस् ।)

सात अक्षर भएको मन्त्रले वा अन्त्यमा स्वाहा भएको मन्त्रले नाम लेखेर मन्त्र जप्नू । देवताहरूलाई त वशमा पार्न सकिन्छ भने क्षुद्र मानिसको त के कुरा । महाकाललाई पनि महायक्षिणी हारितीले यही कुरुकुल्लामन्त्रले वशमा पार्नुभएको थियो ।

वशमा पार्ने विधि
जारी (लोग्ने हुँदा हुँदै अर्को लोग्ने राख्ने), चण्डाली र स्नेहमल्लीले आफ्नो वीर्य, मरेका पेटका कीराले खाएर वशमा पार्छन् । मृतकको आँखा, चञ्चल मुटु, निधारको मासु, नाक लिई पिँधी तेलमा पकाएर पुष्य नक्षत्रमा खाएमा मानिसलाई वश पार्न सकिन्छ ।

वश्यतन्त्रविधि

ॐ कुरुकुल्ले सर्वदुष्यान् नाशय नाशय कीलय कीलय भञ्जय भञ्जय मर्दय मर्दय ध्वंसय ध्वंसय अपसारय अपसारय अभिमतं मे कुरु शान्तिं मे कुरु पुष्टिं मे कुरु सर्वसत्त्वान् वश्यान् मे कुरु स्वाहा ॐ ह्रीँ श्रीँ हुँ हँ हाँ हाः

(हे कुरुकुल्ला, सबै दुष्टको नाश गर्नुहोस् नाश गर्नुहोस्, मार्नुहोस् मार्नुहोस्, ठोक्नुहोस् ठोक्नुहोस्, भाँच्नुहोस् भाँच्नुहोस्, माड्नुहोस् माड्नुहोस्, नाश गर्नुहोस् नाश गर्नुहोस्, हटाउनुहोस् हटाउनुहोस्, मलाई मनपर्ने कुरा गर्नुहोस्, मलाई शान्ति गर्नुहोस्, मलाई पुष्टि गर्नुहोस्, सबै प्राणीलाई मेरो वशमा पारिदिनुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस मन्त्रले वायुमण्डल र अग्निमण्डलमाथि मण्डलमा रहेको पद्मपात्रमा अमृतमय पारो जस्तो भात आदि देखी तीन अक्षरद्वारा अधिष्ठान गरेर भगवतीलाई [र] सबै प्राणीलाई दिइन्छ । ॐ मुः भन्ने मन्त्रले सबै पूजा आदि विसर्जन गर्नू । यसले ठूलो विघ्नको शान्ति हुन्छ ।

बलिविधि

अब होमकुण्डको विधि भन्छु–

शान्तिकमा शान्तचित्तले, पौष्टिकमा पुष्ट भएको मनले वश्यमा उत्कण्ठा भएको मनले, मारणमा उद्विग्न मनले, शान्तिकमा मण्डलाकार, पौष्टिकमा वाय्वाकार, वश्यमा अर्धचन्द्र, मारणमा आकाशधातु, शान्तिकमा १ हात, पौष्टिकमा २ हात, वश्य आकृष्टि र मारणमा २० अङ्गुल, शान्तिकमा आधा हात, पौष्टिकमा १ हात, मारणमा १० अङ्गुल, आकर्षण र वश्यमा बूढीऔँलाको नापो प्रतिपदामा शान्तिक होम, पूर्णिमामा पौष्टिक होम, चतुर्दशीमा अभिचार (टुनामुना), अष्टमीमा वश्यकर्म गर्नू ।

अरूचाहिँ [यसो भन्छन्]–

त्यसपछि होमकुण्डको नापोअनुसार मन्त्र लेख्नू । शान्तिकमा बाटुलो, १ हातको नापोको बनाउनू । भुइँमा आधा हात खन्नू, सेतो रङ्ग हाल्नू । दायाँ बायाँ र चारैतिर चक्राकार लेखेर पौष्टिक २ हातको त्यसपछि १ हात खन्नू । चतुष्कोण सममण्डल पहेँलो र गेरु रङ्गले लेख्नू । अभिचारको लागि त्रिकोण खनेर २० अङ्गुल भएको विस्तार र १० अङ्गुलचाहिँ ज्वालावली भएको लेख्नुपर्छ । वश्य र आकर्षणमा अर्धचन्द्र लेख्नू । दिशाको भाग बताइएको होमकुण्डले निर्देश गर्नू । उत्तर फर्केर मन्त्री(साधक)ले शान्तिक थाल्नू, पूर्वमा फर्केर पौष्टिक गर्नू, दक्षिण फर्केर अभिचार गर्नू, पश्चिम फर्केर आकर्षण र उच्चाटन गर्नू । दुइवटा वश्यको कृष्ण अभिचार पाँच रङ्गद्वारा पञ्चामृतले युक्त तिल, चामल र दूध, घिउ र महसँग शान्तिक र पौष्टिक हुन्छ । दुधालु र बास्ना आउने रूखको समिधा बनाउनुपर्छ । थरीथरीका खानेकुरा वा सार्वभौतिक बलि दिनू । शान्तिक शरद् ऋतुमा, पौष्टिक हेमन्त ऋतुमा, सबै प्रकारका अभिचार ग्रीष्म ऋतुमा साधकले गर्नू । सन्ध्याकालमा शान्तिक गर्नू, बिहान सबेरै पौष्टिक गर्नू, मध्याह्नमा वा आधा रातमा अभिचार गर्नू । महाशान्त, बुद्धशासन मन पराउने ती आचार्यहरूले यति होम गर्नुपर्छ भनी भनेका छैनन् । राग चित्त भएका, द्वेष गर्ने, अरूको दोष भन्ने, घमण्डी, मोहले युक्तहरू बुद्धशासनमा वर्जित छन् ।

यति होमकुण्डविधि ।

काल्ले डसेको अर्को जो छ, त्यसले आफूखुशीले वा गुरुको उपदेशबाट समय थाहा पाएर आफूलाई शेषनागको रूप ठानेर आफ्नो हृदयमा रहेको, अष्टदल भएको, सेतो रङ्गको कमलमाथि प्रज्ञामण्डलमा रहेको प्रज्ञाबीज महासुखरूपी अमृत पिएको, शिर आँखा मुख हात गुह्य र खुट्टासम्म उफ्रिरहेको साध्यको आँखा नहल्लाएर एकाग्र र दह्रो चित्तले ध्यान गर्नुपर्छ । नत्र पोषधले युक्त, पहिले बताइएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मण्डलमा बीजमा रहेको साहिँलीऔँलालाई राम्रोसँग राखेर बीजयुक्तद्वारा घण्टाको तलतिर छुनू। लट्ठी दिएर चोरऔँला वा जीवस्थाद्वारा कपडाले ढाकेर वा नयाँ नधोएको कपडाले पहिल्यै बताइएका ठाउँमा छुनू। पूर्वपोषध दिनू, नत्र चन्द्रमण्डलमा रहेको उफ्रिरहेकोको ध्यान गर्नुपर्छ। सुरघोष सुहाग र मह मिसाएको पिउने कुरा दिनुपर्छ। अङ्गन्यास सधैँ हातले गर्नुपर्छ। डसेकोलाई त्रितत्त्वले छुटकारा दिनुपर्छ। यताबाट बिउँतिनेमा सन्देह छैन। फेरि, सर्पको चुच्चोले टोकिएको मानिसको गलामा सर्प बाँधेर आकाशमा पसेको गरुडले लगिएको [सर्पको जस्तै] विष झर्छ। चुहिइरहेको, तारासमेतको चन्द्रभन्दा तल ध्यान गरिएको, जलमा धमिलो भएको कपालिक नाचिरहेको जस्तै विष झर्छ, अरू किसिमले हुँदैन। अनन्त (शेषनाग)को फणामाथि सुतिरहेका गोविन्दलाई जस्तै [सर्पले] डसेको मानिस क्षीरसमुद्रको पानीले नुहाएको जस्तै भई विष नभएको हुन्छ, अरू किसिमले हुँदैन।

अस्तातीत शान्त ठूलो सेतो स्तोभनले विष हटाउँछ, पहेँलोले थाम्ने काम गर्छ भनी जान्नुपर्छ। रातोले सङ्क्रामण गर्छ, कृष्णले चालन गर्छ। चार हात भएको, चार बीजले युक्त योगअनुसार स्तम्भन, उच्चाटन, न्यास र स्तोभन पक्कै गर्छ।

परस्तम्भमेरुको प्रयोग गर्नुपर्छ। तर स्तोभन चालन र कर्तव्यमानले युक्त प्रणिधान जसले रोक्छ, आफ्ना हातले मुख आँखा कान नाक गुरुको उपदेशबमोजिम हंसोच्चारणद्वारा त्यसले विषहरण गर्छ। मुट्ठीले विष तानेर सङ्क्रामण गर्छ, यसमा सन्देह छैन। आफ्नो विरेचकयोगबाट तत्त्व मरीच पिपला र सूठो खानाले विष जान्छ। समुद्रको सौवीर पिउनाले विष हरिन्छ। चक्राङ्कित सेतो सर्पलाई फेरि मानिसहरूले निर्धक्क समात्न सक्छन्।

जसका कार्तिकेय सिंह चन्द्र सूर्य छन्, [त्यसलाई] त्यो एउटा कालो बिचरो सर्प रिसाएर के नाप्छ र।

शुक्लकुरुकुल्लासाधन सिद्धियो।

१८१

कुरुकुल्लालाई नमस्कार।

भमराद्वारा हल्लिएको फुलेको कमल जस्तो आँखा भएकी; नयाँ वनको शोभा हर्ने सर्वाङ्गले शोभायमान, स्पष्ट बाला धनु तथा चम्किएको र चाहना गरिएको अङ्कुशले चिह्नित, कामसर्प मार्ने कुरुकुल्लालाई तिमीहरू ढोग।

सबभन्दा पहिले, भावना थाल्दा पाँच थरी सुगन्धले लिपिएको एकान्त भुइँमा प्रसन्न मन पारेर व्रती (साधक)ले नरम आसनमा बसी, त्यसपछि हृदयमा रातो रेफद्वारा ज्वालावलीले डरलाग्दो भएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सूर्यमण्डललाई, त्यसपछि आफ्नो हृदयमा पहिलो स्वर (अ अक्षर)द्वारा चन्द्रमण्डललाई, त्यसपछि स अक्षर पर भएको, तल अग्निद्वारा सिँगारिएको, चारौँ (इ अक्षर)ले भेद गरिएको त्यस बीजबाट निस्केर रश्मिसमूहद्वारा दशै दिशामा रहेका सबै लोकधातुलाई प्रकाश गरेर श्रीकुरुकुल्लाको रूप स्थापना गरी, फेरि आएर त्यही बीजमा पसेको रश्मिसमूहको भावना गर्नू । त्यसपछि आकाशमा अगाडि **१६ वर्षकी, चम्किलो पहेँलो ठाडो कपाल भएकी, शिरमा पञ्चकपाल (पाँचवटा खप्पर) लगाएकी, गरुडमाथि वज्रपर्यङ्कमा बसेकी, सेतो प्रभामण्डलले युक्त, ६ हात भएकी, सबभन्दा अगाडिका दायाँ बायाँ हात त्रैलोक्यविजयमुद्रामा भएकी, दोस्रो बायाँ हात अभयमुद्रामा भएकी, दोस्रो दायाँ हातले सेतो कुन्द (माघे फूल)को कोपिला समाएकी, बाँकी रहेका दुइटा हातले अक्षसूत्र र कमण्डलु समाएकी, शृङ्गाररसमा भएकी, हातभरि सुनको बाला लगाएकी, जवानीले गर्वित, सेतो परिधान (तल्लो भागको वस्त्र) लगाएकी, सेतो कञ्चुक(चोली) लगाएकी, सेतो उतरीय (ओढ्ने) ओढेकी, सबै प्रकारका गहनाले सिँगारिएकी, पञ्चतथागत[को आकृति भएको] मुकुट लगाएकी,** हृदयमा सेतो कमलको गट्टाको चन्द्रमण्डलमा, त्यसको बीज राखी भावना गरेर यसरी म नै कुरुकुल्ला देवी हुँ भनी भन्नू । त्यसपछि आफ्नो हृदयमा पहिलो स्वर (अ अक्षर)बाट उत्पन्न चन्द्रमण्डलमा रहेको आठौँ बीज, त्यसबाट उत्पन्न पञ्चोपचारपूजायुक्त भई थरीथरीका देवीहरूलाई थुप्रै किसिमका पूजा गर्नू । यो पूजा हो । पूजा गरेर ज्यादै दयालु, भक्तिले नुहेको योगी (साधक)ले काय वाक् र चित्तले वन्दना गर्नू । यो वन्दना हो । वन्दना गरेर पापदेशना पुण्यानुमोदना आदि गर्छ । मैले जुन पाप गरेँ, गराएँ र अनुमोदन गरेँ, त्यो आज भगवती प्रत्यक्ष भएर सबैको देशना भयो । त्यसपछि बोधिचित्त धारणा गर्छ । भवसागरमा खसेका प्राणीको उद्धार गर्न म श्रेष्ठ चित्तवज्र गर्छु । यो बोधिचित्तोत्पाद हो । त्यसपछि ती चतुर्ब्रह्मविहारको भावना गर्नू । त्यसपछि सबै भाव विचार गरेर प्राकृत काय छोड्नको लागि स्वभावशुद्ध मन्त्रलाई अगाडि ल्याउँदै त्रैलोक्यात्मिका शून्यताको भावना गरेर यस मन्त्रद्वारा आफ्नो चित्तलाई अधिष्ठान गर्नू–

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम् ।

यसपछि पहिले गरिएको प्रणिधानको बलबाट प्राणीको लागि हेरिरहेको मन्त्री (साधक)ले दिव्य कायको उत्पादन गर्नू । मन्त्रन्यासको क्रमले दिव्य कायको सूचना हुन्छ । त्यसपछि आकाशमा आठौँ बीज, त्यसबाट उत्पन्न फुलेको सेतो कमल, त्यसमाथि अर्धचन्द्रको बिन्दुले सिँगारिएको आठौँ बीज, तल छैठौँ स्वर (ऊ अक्षर)ले भेद गरिएको, त्यसबाट परिणत विश्ववज्र, त्यसद्वारा वज्रमयी भूमि, वज्रवितान (वज्रमय चँदुवा) र वज्रप्राकार (वज्रमय पर्खाल)को चिन्तना गर्नू । त्यसपछि बीचमा ए अक्षरको आकृति भएको, दिव्य, सेतो धर्मोदयज्ञानको भावना गर्नू । त्यसको बीचमा सेतो आठौँ बीज, तल अग्निले विभूषित, शिरमा चारौँ स्वर (ई अक्षर)ले भेद गरिएको, विसर्गसहितको, त्यसबाट उत्पन्न अष्टदल भएको सेतो कमल, त्यसमाथि कमलको केशरमा सातौँ बीज, त्यसबाट उत्पन्न सूर्य, त्यसमाथि असी प्रकारका अनुव्यञ्जनले चिह्नित, ३२ लक्षणले सिँगारिएको, आदर्शात्मक चन्द्र, यी दुइको बीचमा, त्यसको बीजबाट परिणत सेतो कमलको कोपिलामा आफ्नो चित्त पसेको चिन्तना गर्नू । पछि चन्द्रासन सूर्यचन्द्र चित्तद्वारा एक भएको, आफूलाई पन्यालो जस्तो ठानी, त्यसपछि पहिले भनेबमोजिमको कुरुकुल्लाको रूपमा आफूलाई भावना गर्नू । त्यसपछि भावना गरी आफ्नो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हृदयमा रेफद्वारा सूर्यको भावना गरेर त्यसको नाभिमा फेरि बीजको भावना गर्नू । त्यसबाट उत्पन्न रश्मिहरूद्वारा तानी अमिताभनाथलाई ल्याई गुह्येतर (अरूले देखिने गरी गरिने) पूजाहरूद्वारा उहाँको पूजा गरेर अभिषेक माग्नू । अमिताभनाथ, मलाई अभिषेक गरिदिनुहोस् भन्ने यो याचना हो । त्यसपछि उहाँ अमिताभनाथले पञ्चामृतले भरिएका, आफ्नो हृदयबाट निकालिएका कलशको भावना गर्नू । त्यसपछि पञ्चामृतले भरिएका ती पूर्णकलशले भगवान्लाई स्नान गराउनू । त्यसपछि ती कलश आफ्नो हृदयमा पसेको चिन्तना गर्नू । त्यसपछि शिरमा अमिताभनाथलाई राखेको चिन्तना गर्नू । त्यसपछि तीनै सन्ध्यामा भावना गरी न्यास गरेर मन्त्र जप्नू ।

न्यासमन्त्रको उद्धार– छैटौँ (ऊ अक्षर)को अर्धचन्द्रको बिन्दुले सिँगारिएको तेस्रो बीज, तल पञ्च (अ आ इ ई उ) स्वरले भेद गरिएको, स्तनबाट माथि शिखरभागसम्म न्यास गर्नू । सेतो, पहिलो स्वर (अ अक्षर)बाट उत्पन्न, अर्धचन्द्रले सिँगारिएकोलाई घाँटीमा न्यास गर्नू । रातो, तेस्रोको तेस्रो बीज, अर्धचन्द्रले सिँगारिएको, तलतिर अग्निले सिँगारिएको चारौँ स्वर (ई अक्षर)ले भेद गरिएकोलाई नाइटोभन्दा तल तल्लो पेटसम्म, पहिलोको दोस्रो, अर्धचन्द्रले सिँगारिएको पहेँलो बीजलाई दुइटा खुट्टासम्म न्यास गर्नू । हरियो पृथ्वी, जल, तेज, वायु र आकाश पाँचलाई क्षिँ जँ खँ गँ स्कँ सँ जः हुँ वँ होः खँ रँ शिरमा, हृदयमा, तालुमा, नाइटोमा र घाँटीमा राख्दा कालकूट आदिबाट उत्पन्न विष झर्छ ।

अनि मूल मन्त्रको उद्धार– सबभन्दा पहिले वर्णेश्वर दिएर त्यसपछि पाँचौँको पाँचौँ, अन्तमा त्यसका दुइटा बिन्दुले सिँगारिएको सातौँको पाँचौँ, त्यसपछि पाँचौँ स्वरले भेद गरिएको पहिलोको पहिलो बीज, छैठौँको दोस्रो पाँचौँ स्वरले भेद गरिएको बीज, फेरि पहिलोको पहिलो पाँचौँ स्वरले भेद गरिएको बीज, फेरि छैठौँको तेस्रो बीज, त्यो पहिला एघाहौँ [अक्षर] (अ, आ, इ, ई, उ, ऊ, ऋ, ॠ, ऌ, ॡ, ए)ले सिँगारिएको, सातौँको चौथो बीज, तल अग्निले सिँगारिएको, मूर्धामा चारौँ स्वरले भेद गरिएकोलाई अन्तमा विसर्ग राखी भेद गरेर अन्तमा नमः भन्नू । फेरि अन्तमा वौषट्सम्म जोड्नू । फेरि स्वाहा जोड्नू । यसरी सबै ठाउँमा गराउनू । यसरी अक्षरको संख्याले यी १५ (अ, आ, इ, ई, उ, ऊ, ऋ, ॠ, ऌ, ॡ, ए, ऐ, ओ, औ, अं) बीजद्वारा लाखचोटि जप गर्नू । अनि त्यसको दश अंश जप गरी फूल आदिले होम गर्नू । दायाँपट्टि प्राणको प्रवेशद्वारा सूर्य र चन्द्रसमेत भएको बन्धन गर्नू । दायाँ र बायाँमा प्राणबन्धन गरेर मन्त्री (साधक)ले सधैँ जप गर्नू ।

स्फटिक र मोतीका १०८ दाना धागोमा गाँथी अक्षसूत्रले माला बनाउनू । प्राणावेशमा पनि दाना नचलाउनू । आफ्नो सिद्धि चाहन्छ भने मन्त्र जप्नू ।

> ॐ क्षः कुरुकुल्ले ह्रीः नमो वौषट् स्वाहा– देवीको हृदयमन्त्र । ॐ श्वेते हुँ फट् शिरः, ॐ श्वेतजटिनि, स्वाहा शिखा, ॐ रत्नामिताभपद्मसम्भवायेति कवचम्, ॐ चक्षुसमन्तचक्षुविशोधने स्वाहा नेत्रम्, ॐ भयनाशिनि त्रासनि त्रास त्रास त्रासय त्रासय सर्व्वनागयक्षभूतान् भृटि तटि वैतडि श्वेते श्वेतजटिनि हुँ हुँ फट् फट् स्वाहा अस्त्रम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मोतीको दाना भएको अक्षसूत्रले मन्त्र जप्नू । पञ्चामृतले खानेकुरालाई शोधन गरी तीन अक्षर भएको ॐ, आँ, हुँ मन्त्र जप्नू । त्रितत्त्वद्वारा त्यसको अधिष्ठान हुन्छ । अधिष्ठानबाट मन्त्रसिद्धि हुन्छ ।

आफ्नो हृदयमा आदिस्वर (अ अक्षर)लाई ध्यान गरेर तीनवटा कपाल (खप्पर)माथि पद्मभाण्ड, त्यसको बीचमा पञ्चबीज, त्यस बीजबाट निस्केर पुल्लीरमलयमा गएर फेरि जालन्धरसम्म, त्यसपछि जालन्धरमा गएका तथागतहरूलाई बोध गर्नू । एक भएका ती सबैलाई चाँडै चन्द्रमण्डलको रूप भएको अमृत हेर्नू (सम्झनू) । घण्टीको प्वालको बाटोबाट चुहिरहेको, अमृतले स्कन्धधात्वायतन (पञ्चस्कन्ध र द्वादशायतन) लाई प्रसन्न पार्नू । प्रसन्न पारेर त्यस पात्रमा रहन्छ । त्यहाँ घण्टीमाथि हुँकारको बीचमा मुखमा झुण्डिएको, त्यसमाथि ॐकार हेर्नू । त्यसपछि आफ्नो हृदयरूपी पद्मभाण्डमा शुद्ध ज्ञानामृत, त्यसपछि यँकारमा परिणत ध्वजद्वारा चिह्नित, धनुको जस्तो चहक भएको, नीलो वायुमण्डल, त्यसमाथि रेफद्वारा त्रिकोणको आकार भएको, ज्वालाद्वारा अङ्कित अग्निमण्डल, देदीप्यमान रश्मिको तेजद्वारा त्यसमाथि अष्टदल भएको, गट्टा भएको, डाँठ भएको नाभिकमललाई लिङ्गसम्म गएको चिन्तना गर्नू । त्यसको बीचमा ज्वालाको लहर भएको चहकिलो ह्रीःकारलाई त्यसद्वारा परिणत भगवती कुरुकुल्लालाई ज्ञानामृतले तृप्त पार्नू । उहाँलाई पञ्चतथागतद्वारा अधिष्ठान भएको भावना गर्नू । मन्त्र जान्नेले सधैँ यो ज्ञानामृत वर्षा गर्ने ध्यान गरेर विष लागेकाहरूलाई हरेकपटक योजन गर्नू ।

त्यसपछि विष हटाउन चाहने मन्त्री (साधक)ले शुक्लपक्षको प्रतिपदादेखि थालेर दिनहुँ तीनै सन्ध्यामा दश दश हजारपटक मन्त्र जपी भगवतीको मूर्ति अवलम्बन गरेर सेतो लुगा लगाई, जीउ ढाकेर, त्यसपछि आफ्नो हृदयमा चन्द्रमा रहेको सेतो ह्रीःकारद्वारा परिणत अष्टदल भएको कमल योनिसम्म डाँठ गएको भावना गर्नू । ती आठवटा पद्मपत्रमा आठवटा स्वरद्वारा परिणत, आफ्नो नाकको श्वासबाट निस्केका, प्रसन्न, सन्तुष्ट, पुष्ट कृष्ण र राता आठवटा स्वरद्वारा परिणत क्रमैसँग पढिएका भमराहरूलाई उडाएर आफ्नो नाकको बायाँपट्टिको प्वालबाट निकालेर विष लागेको साध्यको नाकको दायाँ प्वालमा पसेका, केही सेतो पत्र भएका आठवटा आदिस्वरलाई वेगपूर्वक क्षतविक्षत पारेर चुस्नू । यस्तो चिन्तना गरी विष लागेको मान्छेको दायाँ नाकको प्वालबाट निस्केका भनी चिन्तना गरी योगी (साधक)ले पछिबाट अक्षमालाले हानी कमण्डलुको जलले अभिषेक गरेर विष लागेकोलाई उठाउँछ ।

आफैँ तीनै काल गरुडराज भएको भावना गर्नू । सधैँ आनन्दमा भएको योगी (साधक)ले अगुल्टोको चक्काको रूप भएको मन्त्ररूपद्वारा त्यो उपदेश राम्रो निर्णय गरी जप्नू ।

अनन्तदेखि कुलिकसम्मका नागहरूलाई सबै स्थानमा स्थापना गर्नू ।

पहिलेबाट अक्षरहरूको खास गरी स्वरहरूको न्यास, त्यसपछि **अनन्त नाग र कुलिक नाग केशबन्धनमा रहेका; सुनको जस्तो चहक भएका, ठाडो शिर भएका तक्षक नागद्वारा कान सिँगारिएका; तताएको सुनको जस्तो**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चहक भएका महापद्म नाग नाडीमा; सेता कर्कोटक नाग जनैको रूपमा रहेका; रातो कमल जस्तो चहक भएका वासुकि नाग मेखलामा; कुन्द (माघे फूल) र बन्धूक (बाह्रमासे फूल) जस्ता पद्म नाग र शङ्ख नाग खुट्टामा यस्ता उग्र गहनाले सिँगारिएको मन्त्रज्ञले सधैँ कुरुकुल्लाको रूपमा रहेर गरुडमाथि बसेर चराचर जगत्लाई क्रमपूर्वक साधना गर्नू ।

साधकले आफूँ गरुडराज भएको भावना गर्नू । त्यहाँ रहेको मन्त्री (साधक)ले सावधान भएर तीनै सन्ध्यामा जप गर्नू ।

यही मन्त्रले दहीचामल बेलको पातमा राखेर खुवाउँदै मन्त्री (साधक)ले विषका समुद्र (थुप्रै विष)को हरण गर्नू । पूर्णकुम्भमा अथवा दाहिने शङ्खमा २१ चोटि जपेर विष लागेकाहरूलाई पानी पिलाउनू । निधारमा बिन्दुको रूपको सेतो ध्यानले विष हटाउँछ, पहेँलो ध्यानले स्तम्भन गर्छ, नागरूप भएको रातो ध्यानले विष रोक्छ, रातो ध्यानले विषको सङ्क्रामण गर्छ । हरियो ध्यानले जिलाइदिन्छ । यति ध्यानविशेष भनियो ।
१६ हजार ग्रन्थ भएको *श्रीमायाजालमहायोगतन्त्र*बाट झिकिएको कुरुकुल्लासाधन सिद्धियो ।

आचार्य श्रीकृष्णको कृति यो हो ।

१८२

संक्षेपमा तारोद्भवकुरुकुल्लाको रूपमा आफूलाई चिन्तना गरी धर्मोदयमा साध्यलाई हेरेर, आफ्नो हृदयमा रहेको ज्ञानरश्मिले हात जोडेको, वशमा परेको, अलि अलि रातो वर्ण भएको त्यस साध्यलाई अभिषेक गरेर ध्यान गर्नू । यो वश्यविधि हो ।

अब भगवती कुरुकुल्लाको साधन भन्नेछु । सबभन्दा पहिले सुखासनमा बसेको मन्त्रीले पट आदिमा लेखिएकी कुरुकुल्लालाई, बुद्ध र बोधिसत्त्वहरूलाई अगाडि अवलम्बन गरेर मनमनैले पूजा गरी ढोगेर त्रिशरणगमन आदि यस मन्त्रले गर्नू ।

रत्नत्रयं मे शरणं सर्वं प्रतिदिशाम्यघम् ।
अनुमोदे जगत्पुण्यं बुद्धबोधौ दधे मनः ।।
उत्पादयामि वरबोधिचित्तं निमन्त्रयामि बहु सर्वसत्त्वान् ।
इष्टां चरिष्ये वरबोधिचर्यां बुद्धो भवेयं जगतो हिताय ।।

(मेरो शरण त्रिरत्न हुनुन्छ । सबै पाप बक्छु । जगत्को पुण्य हुने काम अनुमोदन गर्छु । बुद्धज्ञानमा मन लगाउँछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

असल बोधिचित्तोत्पादन गर्छु । सबै प्राणीलाई निमन्त्रणा गर्छु । मन परेको उत्तम बोधिचर्या गर्नेछु । संसारको हितको लागि बुद्ध हुँला ।)

इत्यादिद्वारा बोधिचित्तोत्पादन गर्नू ।
त्यसपछि

ॐ स्वभावशुद्धाः सर्वधर्माः स्वभावशुद्धोऽहम्
(स्वभावैले सबै धर्म शुद्ध हुन्, स्वभावैले म शुद्ध हुँ)

यति तीनपल्ट उच्चारण गरी स्वभावशुद्धलाई अधिमोचन गरी शून्यताको भावना गरी आफ्नो हृदयमा पहिलो स्वर (अ अक्षर)बाट उत्पन्न चन्द्रमण्डलमा रश्मिमाला भएको ताँकारको चिन्तना गरी त्यसबाट उत्पन्न रश्मिसमूहले दशै दिशाका लोकधातुलाई प्रकाश पारेर सबै प्राणीलाई वशमा पारी, त्यस बीजमा कुरुकुल्लालाई आफ्नो शरीरमा प्रवेश गराएर **रातो वर्णकी, पद्मसूर्यासनमा वज्रपर्यङ्कमा बसेकी, राम्रो प्रभामण्डल भएकी, ६ हात भएकी, पहिला दायाँबायाँ हात त्रैलोक्यविजयमुद्रामा भएकी, दोस्रा दायाँबायाँ हातमा अङ्कुश र रातो कमल लिएकी, बाँकी दुइ हातमा कानसम्म तानिएको धनु र बाण लिएकी, सुनको वलय (बाला) पूरै हातमा लगाएकी, भरखरको जवानीले युक्त, रातो वस्त्र लगाएकी, रातो कञ्चुक (चोली) लगाएकी र उत्तरीय (ओढ्ने) ओढेकी, सबै किसिमका गहनाले सिँगारिएकी, पञ्चतथागतको आकृति भएको मुकुट लगाएकी, शृङ्गाररससहितकी विलासिनी कुरुकुल्ला**को रूपमा आफूलाई हेर्नू । हृदयमा रातो कमलको गट्टा भएको चन्द्रमण्डलमा बन्धूक (बाह्रमासे फूल) र जवाकुसुम फूल जस्तो ताँकार राखी यसरी भावना गरेर म नै कुरुकुल्लाभट्टारिका हुँ भनी ठान्नू । त्यसपछि नानारूपका देवताहरूले पूजाभ्रजालको समूहले पूजा गरेको, स्तुति गरेको हेरेर वायुमण्डलमा चढेको, हृदयमा अङ्कुशले घोची साधनीयको हृदयमा बसेर फूर्तिका साथ उच्चारण गर्नू । रातो कमलको कोपिला जस्तो बाणले साध्यलाई फेरि फेरि घोच्नू । मन्त्र यस्तो छ–

ॐ कुरुकुल्ले ह्रीः अमुकं वशमानय होः स्वाहा ।
(हे कुरुकुल्ला, फलानोलाई वशमा ल्याउनुहोस्)

विह्वल भएको, छाँद हालेको साध्यलाई हेरेर त्यसपछि पठाउनू । यसरी तीनै सन्ध्यामा सधैँ भावना गर्दा इन्द्रलाई पनि वशमा ल्याउँछ । कपाल आदि खौरेको, उपवास बसेको चित्रकारले गुप्त स्थानमा नयाँ कपडामा उहाँको पट लेख्नुपर्छ । यसरी तयार भएको पटमा प्रतिष्ठा गरी शुभ दिनमा त्यसको अगाडि सेतो चन्दनले मण्डल लिपी घिउको बत्ती बाली पञ्चोपचारले भगवतीलाई पूजा गरेर दश हजार मन्त्र जप्नू । त्यसको मन्त्र यस्तो छ–

ॐ कुरुकुल्ले ह्रीः स्वाहा ।

यसपछि सबै काम गर्ने सक्ने हुन्छ ।

षड्भुजकुरुकुल्लादेवीको साधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*हेवज्रतन्त्र*सँग सम्बन्ध भएकी, तीनै लोक वश पार्ने कुरुकुल्लालाई नमस्कार गरी उहाँको साधना स्पष्टसँग भन्नेछु ।

यस तन्त्रमा भावनामा अधिकार पाएको मन्त्रीले बिहान ओछ्यानबाट उठेर हृदयमा रँकारद्वारा परिणत सूर्यमण्डलमा रातो ह्रीःकार हेरी त्यसका किरणद्वारा, अब भनिने कुरुकुल्ला भगवतीलाई अगाडि हेरी पञ्चोपचारको समूहले पूजा गरेर उहाँको अगाडि रत्नत्रयं मे शरणं इत्यादि गाथा तीनपटक पढ्नू । त्यसपछि तीन प्रकारका दुःखबाट दुःखित प्राणीहरूलाई मनद्वारा अवलम्बन गरेर त्यस दुःखबाट उद्धार गर्ने लक्षण भएको महाकरुणाको भावना गर्नू । त्यसपछि धर्म र पुद्गलको, ग्राह्य र ग्राहकको स्वभावको, अभाव र स्वभावको, अद्वय र विज्ञप्ति लक्षण भएको शून्यताको भावना गरेर त्यस मन्त्रले अधिष्ठान गर्नू–

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहमिति ।

त्यसपछि त्यही अद्वयचित्त आकाशमा सूर्यमण्डल हेरी त्यसको बीचमा रातो ह्रीःकारद्वारा परिणत रातो कमलको गट्टारूपी सूर्यमा, त्यही बीजलाई पछि स्फुरण र संहरण गरी त्यसैमा पसी त्यो सबैलाई परिणाम गरेर आफूलाई श्रीकुरुकुल्लाको रूपमा हेर्नू । **अष्टदल भएको रातो कमलका बीचमा शवको हृत्सूर्यमाथि अर्धपर्यङ्कमा ताण्डव नृत्यमा रहेकी, सूर्यप्रभामण्डल भएकी, दिशाविदिशामा आठ श्मशानले घेरिएकी, रातो वर्णकी, १६ वर्षकी, ठाडो र कैलो कपाल भएकी, शिरमा पञ्चबुद्ध र पञ्चकपाल (पाँचवटा खप्पर) धारण गरेकी, आलो मुण्डमालाको हारले सिँगारिएकी, दाह्रा निकालेकीले डरलाग्दो मुख भएकी, जिभ्रो लपलपाएकी, रातो गोलो बायाँतिर हेरेको तीन आँखा भएकी, क्रोध (रौद्र ?) र शृङ्गाररसमा भएकी, तीनवटा हाडले बनाइएका चक्री कुण्डल कण्ठिका रुचक मेखला र नूपुरले सिँगारिएकी, मुख्य दुइ हातले कानसम्म तानिएको रातो कमलको कोपिलाको बाणले युक्त रातो फूलको धनु धारण गरेकी, बाँकी दुइ हातमा रातो कमल, पाश र अङ्कुश समाएकी कुरुकुल्ला**को चिन्तना गर्नू । उहाँको शिर, घाँटी, र हृदयमा ॐ आः हुँकार हेर्नू । त्यसपछि आफ्नो हृत्सूर्यमा रहेको रातो कमलको बीजकोषरूपी सूर्यमा रातो ह्रीःकार हेरेर त्यसका रश्मिले सबै तथागतलाई सञ्चोदना गरेर ल्याई प्रार्थना गरेर पञ्चामृतले भरिएका कलशले अभिषेक गरिन्छ । अभिषेक गरिएको मुकुटमा भगवान् अमिताभको उत्पत्ति हुन्छ । त्यसपछि आफ्नो हृदयको बीजबाट आठ देवीलाई उत्पत्ति गरी आआफ्नो बोधिचित्त आदि द्रव्यले पूजा गरेर त्यही बीजमा समापन गर्नू ।

अक्खरमन्तविवज्जियओ न उ सो विन्द ण वित्त ।
एसो परममहासुहओ न उ फेडिअ ण उ खित्त ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[अक्षरमन्तविवर्जितो न तु स बिन्दुर्न वृत्तः ।
एष परममहासुखदो न तु स्फेटितो न तूत्क्षिप्तः ।।]

(अन्त छोडिएको त्यो अक्षर बिन्दु पनि होइन, वृत्त पनि होइन । ठूलो आनन्द दिने यो न स्फेटित हो न उत्क्षिप्त हो ।)

यस मन्त्रले स्तुति गर्नू । त्यसपछि अमृतको स्वाद चाख्ने विधिले पञ्चामृतरूपी बत्ती बालेर सेतो हुँकारबाट उत्पन्न वज्रमयी जिभ्रो बनाई तीनवटा अक्षरले अधिष्ठान गरेर आफूलाई कुरुकुल्लाको रूप भएको भनी सन्तुष्ट हुनू । ध्यानबाट थाकेपछि मन्त्रीले मन्त्र जप्नू । त्यस्तै ह्रीःकारलाई घेरी ॐ कुरुकुल्ले ह्रीः स्वाहा भन्ने आठ अक्षरको मन्त्रमालालाई बलिरहेको दीपमाला जस्तै मनमा सम्झेर चाँडो र ढीलो आदि गल्ती नगरी रक्तचन्दनको अक्षमालाले जप गर्नू । एक करोड जपले ६ गतिको चक्रमा फसेका प्राणीहरूलाई वशमा पार्छ । सन्ध्यान्तरमा त झट्ट उत्पन्न कुरुकुल्लाको रूप आफूलाई सम्झेर पूजा गर्नू, स्तोत्रपाठ आदि गर्नू । श्रुत र व्याख्यान आदि सबै काम गर्दा आफू भगवती भएको ठानेर गर्नू । त्यसपछि पल्टेर ध्यान गर्नू ।

गुरुपरम्पराबाट आएको उपदेश पनि लेखिन्छ । आफ्नो हृदयको बीज चुहिएको अमृतको द्रव हृदयबाट उठेर शिरलाई बायाँबाट बेरी दायाँ कानको प्वालबाट निक्ली दायाँ हातमा धनुको ताँदोमा रहेको बाणको प्वाँखको प्वालबाट त्यसको बीजकोषमा पसाई त्यसको रश्मिले तिनीहरूलाई फुलाई, फुलाइद्वारा विभवगत प्राणीहरूका हृदयमा पसाई, त्यसका कमलको सञ्चोदना गरेर ल्याई, फेरि त्यसैमा पसाई, कोपिला बनाई, बाणबाट कानको प्वालबाट शिर दायाँपट्टि गरी आँखीभौँको बीचमा रहेर अवधूतीको मार्गद्वारा घाँटी, हृदय र नाइटोसम्म महासुखको आलोकस्थानमा रहेकीलाई उपदेश गरेअनुसार प्रवेश गर्नू । त्यसपछि प्रज्ञा उपाय अमल समाधिबाट उत्पन्न सदानन्द अपूर्ण जस्तै आफ्नो शरीर र तीन लोक हेर्नू । उत्लिखेरै यो गाथा सम्झनू–

आइ ण अन्त ण मज्झु नहि न उ भव ण उ निव्वाण ।
एहु सो परममहासुहओ ण उ पर ण उ अप्पाण ।।
[आदिर्नान्तो न मध्यो नहि न तु भवो न तु निर्वाणम् ।
एष स परममहासुखदो न तु परो न त्वात्मीयः ।।]

(आदि पनि छैन, अन्त पनि छैन, मध्य पनि छैन । जन्म पनि छैन, निर्वाण पनि छैन । ठूलो सुख दिने यो न अरूको हो, न आफ्नो हो ।)

यसरी फेरि फेरि प्राणीहरूलाई वशमा ल्याएर तिनीहरूलाई महाबोधिमा प्रत्यक्ष लगाउन सक्ने हुन्छ । यसरी कुरुकुल्लारूपको भावना गरेको साध्यको वा साध्याको त्यो बीज त्यसै गरी साधकको बाणबाट त्यसको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रश्मिद्वारा ज्ञान पाएको साध्यको हातमा रहेको बाणको कोपिलामा र दायाँ कानद्वारा पसाएर त्यसै गरी गएर, त्यसै रहेर, त्यसै पसेर, त्यस्तै स्थानमा गएर त्यस्तै रहनू । श्रीकुरुकुल्लाको रूपले ह्रीःकारलाई मदनातपत्रमा रहेको इत्यादि भनियो । त्यसपछि अवश्य ती साध्य र साधकको वशमा परेकी तिनी सबै काम गर्न उत्सुक हुन्छिन् ।

कुरुकुल्लाको साधन गरेर पुण्य पाइयो । त्यसद्वारा सबै जना वश्यको बोधिको नियोजनमा होऊन् ।

*श्रीहेवज्रतन्त्र*क्रमले स्वाधिष्ठानकुरुकुल्लासाधन सिद्धियो ।

यो कृति सहजविलासको हो ।

१८४

कुरुकुल्लालाई नमस्कार ।

पहिले बताइएको विधानअनुसार तर आफ्नो हृदयको चन्द्रमामा ह्रीःकारबीजबाट निष्पन्न **रातो वर्ण भएकी, दायाँ हातमा बाण लिएकी, बायाँ हातले रातो कमलको धनु लिएकीको ध्यान गर्नू । त्यसपछि कानसम्म तानिएको धनु र रातो कमलको कोपिला जस्तो बाण**ले साध्यलाई अगाडि चिन्तना गरेर हृदयमा घोच्नू । माथि बताइएको मुद्राले हृदय, ऊर्णा (दुइ आँखीभौँको बीचको रौँ), घाँटी र शिरमा राखेर त्यसपछि जप गर्नू–

ॐ कुरुकुल्ले ह्रीः देवदत्तं वशमानय स्वाहा ।
(हे कुरुकुल्ला, देवदत्तलाई वशमा ल्याइदिनुहोस् ।)

संक्षिप्तकुरुकुल्लासाधन सिद्धियो ।

१८५

शुक्लकुरुकुल्लालाई नमस्कार ।

सेतो वर्ण भएकी, चार हात भएकी, बाण र धनु हातमा लिएकी, सेतो कमल लिएकी, अभयमुद्रामा भएकी, पद्मासनमा बसेकी, दिव्य, रातो ताटङ्क लगाएकी, दाह्रा निकालेकी, तीन आँखा भएकी, पहेँलो र ठाडो कपाल भएकी कुरुकुल्लालाई नमस्कार गर्छु ।

अनि सुखासनमा बसेको, आफ्नो हृदयमा चन्द्रमण्डल त्यसमाथि ह्रीःकारलाई हेरेर सेतो स्फटिक जस्तो वर्ण भएको यस मानिसले सेतो चहक भएको रश्मिले चम्किएका त्यो रश्मिबाट आकृष्ट सेतो बुद्ध र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बोधिसत्त्वहरूलाई अगाडि पूजा गरी शिरले ढोगेर तिनीहरूको अगाडि पापदेशना र पुण्यानुमोदना, त्यसपछि परिणामना, त्रिशरणगमन र बोधिचित्तोत्पादन गरेर चतुर्ब्रह्मविहारको भावना गर्नू । अरूको हितको चिन्तना गर्ने मैत्री, अरूको दु:ख नाश गर्ने करुणा, अरूको सुखमा सन्तुष्ट मान्ने मुदिता, अरूको दोषको वास्ता नगर्ने उपेक्षाको भावना गर्नू । त्यसपछि शून्यतामन्त्रको उच्चारण गर्नू ।

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम् ।

अनि पहिले बताइएको ह्रीँ:कारद्वारा स्फुरण र संहरण गरेर आदिक्रमले सेतो वर्ण भएकी कुरुकुल्लाको भावना आफूमा गर्नू । आफ्नो हृदयमा अष्टदल भएको सेतो कमलमा लीन, त्यसमाथि सूर्यमण्डल, त्यसैमा ह्रीँ:कारद्वारा उत्पन्न, **विचित्र रूप भएकी, सेतो वर्ण भएकी, चार हात भएकी, बायाँ हातमा धनु लिएकी, दायाँ हातमा कानसम्म तानिएको बाण भएकी, फेरि बायाँ हातमा सेतो कमल लिएकी, दायाँ हात अभयमुद्रामा भएकी, पद्मासनमा भएकी, राम्रो वस्त्रले शोभायमान, सेतो पाटको उत्तरीय (ओढ्ने) ओढेकी, डरलाग्दो दाह्रा भएकी, तीन आँखा भएकी, ठाडो र कैलो कपाल भएकी, मुकुटमा अमिताभ[को आकृति] भएकी, सूर्यासनमा सूर्यको जस्तो चहक भएकी, थरीथरीका गहनाले सिँगारिएकी, नीलो अनन्त नागले कपाल बाँधेकी, रातो तक्षक नाग कुण्डल भएकी, पहेँलो शङ्खपाल नाग कण्ठिका भएकी, विश्ववर्णको कुलिक नाग केयूर (बाजु) भएकी, हरियो कर्कोटक नाग जनै भएकी, सेतो वासुकि नाग मेखला भएकी, कमलको डाँठ जस्तो सेतो महापद्म नाग हार भएकी, सेता नन्द र उपनन्द नागराज नूपुर भएकी** देवीको ध्यान गर्नू । अनि फेरि **आठै नाग हात जोडेर [कुरुकुल्ला]को पाउमुनि बस्छन्** । यसरी समयसत्त्वको निष्पादन गरी ज्ञानसत्त्वसँग एकीभाव गरेर पूजा गर्नू । पूर्व आदि दिशामा अक्षोभ्य, वैरोचन, रत्नसम्भव र अमोघसिद्धि हुन्छन् । आग्नेय आदि कोणमा लोचना, मामकी, पाण्डरा र तारा हुन्छन् ।

उहाँहरूको भावना गरेर क्रमयोगअनुसार पूजा गर्नू । पूजा गरी दह्रो भएर मन्त्रको जप गर्नू । उहाँको जप मात्रले पनि त्रैलोक्यलाई वशमा ल्याउनू ।

ॐ कुरुकुल्ले ह्रीः स्वाहा ।

यो जप मात्र गर्नाले त्रैलोक्यव्यापी योगी (साधक) हुन्छ । सेतो वर्णले विष हर्छ । स्फटिकले बुद्धिलाभ हुन्छ । सुनले स्त्रीलाई वश पार्न सकिन्छ । पुष्कर (नीलकमल)ले विनाश गर्छ ।

अनि शहर हल्लाउने मन्त्र भन्नेछु । जसद्वारा देवताहरूबाट सिद्धि पाइन्छ ।

ॐ कुरुकुल्ले अमुक च ट त प य श ह्रीँ फट् स्वाहा ।

अष्टसिद्धि नाउँ भएको यो मन्त्र हो । आठवटा परीक्षा दिने, आठवटा ऐश्वर्यप्राप्तिको भावना गर्नू । देवताहरूद्वारा पनि पूजा गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अब अर्को ध्यान भन्नेछु– गुह्यभन्दा अझ गुह्य जप सिद्धिको कारणले शिर तालु घाँटी हृदय र दुइटा स्तनमा भनियो ।

कमरमा, छातीमा र दुइटा खुट्टामा मन्त्र राख्नू । जसले अर्थसिद्धिको लागि संसारका नागहरूलाई हल्लाउनू र आकर्षण गराउनू । दैत्य र देवताहरूलाई, ब्रह्मा रुद्र आदि देवताहरूलाई पनि आकर्षित गर्छ, क्षुद्र मानिसको त के कुरा गर्नु । मन्त्रको उच्चारण गरेर वा नगरेर दश हजारपटक जप्नू । उच्चारण नगरिएकोचाहिँ उच्चारण गरी एक लाखचोटि जप्नू । यसरी जप मात्रले योगी (साधक) तीनै लोकमा व्यापक भएर चौथै भुवनमा जान्छ, इच्छा लागेको हेर्न सक्छ ।

मन्त्रको साधनमा भनिएको छ । एक लाखले देवराज (इन्द्र)लाई, दश हजारले प्रजालोकलाई, एक करोडले पशुपक्षीलाई, सात लाखले असुरहरूलाई [वशमा पार्छ], एक लाख मन्त्रले वज्रगर्भाभिसम्बोधिपदको लाभ हुन्छ ।

यहाँ यो उपदेश हो–
कुरुकुल्लाको त्यो रूप लिएर जुन मानिसहरू अगाडि रातोदिन ह्रीः बीजाक्षर दिन्छन्, तिनीहरू गुरुवचनमा दृढ भएर विषहरण गर्छन् भनी शबरपाद मानपूर्वक भन्छन् ।

सेतो कुरुकुल्लाको उत्तममा पनि उत्तम त्रैलोक्यविजय गर्ने विद्या सर्पको साधन गर्ने, सबै कामको सिद्ध गर्ने, राम्रो गर्ने हुन्छ ।

सेतो कुरुकुल्लाको साधन सिद्धियो ।

यो कृति सिद्ध शबरपादको हो ।

१८६

सबभन्दा पहिले आफ्नो हृदयमा रातो वर्ण भएको चन्द्रमण्डलको भावना गरेर रातो वर्ण भएको ह्रीःकार हेर्नू । त्यसपछि पापदेशना आदि निवेदन गर्नू । त्यसपछि शून्यताको भावना गर्नू । शून्यतामा रहेको बुद्धिमान् योगी (साधक)ले रेफद्वारा सूर्यलाई अगाडि भावना गरेर त्यसमाथि नीलो वर्णको हुँकारको भावना गर्नू । त्यसद्वारा परिणत विश्ववज्र, त्यसद्वारा परिणत वज्रमयी भूमि, वज्रप्राकार, वज्रपञ्जरबन्धन पनि ।

ॐ रक्ष रक्ष हुँ हुँ हुँ फट् फट् फट् स्वाहा ।

त्यसपछि योगी(साधक)ले रातो वर्ण भएको कमल, त्यसमाथि चन्द्रमण्डल, त्यसमाथि रातो वर्णको ह्रीःकारद्वारा परिणत रातो कमल, त्यसमाथि फेरि चन्द्रमण्डल, त्यसद्वारा परिणत **अर्धपर्यङ्कासनमा नाचिरहेकी, बाघको छाला**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कमरमा बेरेकी, पञ्चमुद्रा (चक्री, कुण्डल, कण्ठिका, रुचक, मेखला)ले सिँगारिएकी, ठाडो केश भएकी, पहेँलो कपाल भएकी शिखा (कपालको बीच)मा अमिताभनाथ भएकी, धनु र बाण, कमल र अङ्कुश हातमा लिएकी कुरुकुल्लाको भावना आफूमा गर्नू । यहाँ ठाउँको नियम पनि छैन, भोजनको नियम पनि छैन । यहाँ गरिरहेको मन्त्रको जप कसैले पनि विश्वास नगर्ने गरी गर्नुपर्छ ।

ॐ कुरुकुल्ले ह्रीः स्वाहा ।

एक लाख मन्त्रले राजालाई, दश हजारले दुनियाँलाई, एक करोडले पशुपक्षीलाई, सात लाखले असुरलाई वशमा पार्छ ।

हेवज्रक्रमकुरुकुल्लासाधन सिद्धियो ।

१८७

कुरुकुल्लालाई नमस्कार ।

बिहान उदाएको सूर्यको जस्तो किरण भएकी, ज्यादै मसिनो ज्योति भएकी, क्षीण नभएको चिह्न भएकी, चम्किरहेको रागवज्रले फरफराएको ठूलो किरण भएको पहेँलो ठाडो केश भएकी जसलाई एकाग्रमा चिन्तना गरेर स्वर्गका नारीहरूको हातका बन्धन प्राप्त हुन्छन् । संसारलाई बराबर नगरी वश गर्ने भैषज्यसिद्धि उहाँलाई नमस्कार गर्छौं ।

श्मशानमा, गहन पहाडको क्रोध जस्तो अँध्यारो गुफामा, रूखमा अथवा आफ्नो घरमा अथवा उपद्रव नहुने कुनै पनि ठाउँमा बसेर श्रीहेवज्रको क्रमले त्रिभवद्वारा परिणत ज्ञानबाट निस्केको मूर्ति भएकी, रातो कमलरूपी अस्त्रको चहकले ढलेको जगत्को द्वन्द्वमा निर्वाणमाया भएकीको ध्यान गर्नू ।

सबभन्दा पहिले हित गर्ने छोरालाई गरिने जस्तो स्नेहरूपी मैत्री प्राणीहरूमा चिन्तना गरेर थाकेको एक्लो सन्तान जस्तो ठानी करुणाले सबै प्राणीको भावना गर्दै त्यो सुखरूपी सम्पत्तिको भारी हेर्दै ज्यादै खुशी भएर असल र अरूको लागि एक मात्र मूर्ति भएकी, ती सबै प्राणीमा शत्रुको हित गर्ने बुद्धिले शून्यता ओइलाएको उपेक्षाको ध्यान गर्नू । यो सबै सिद्ध्याएर आफ्नो हृदयले लिएको चम्किएको सूर्यमा रहेको रातो ह्रीःकारका रश्मिले युक्त बुद्धहरूलाई ती गुरु, सुगतसुत (बोधिसत्त्व?)हरूसँगै आकर्षण गरेर जन्मजन्मान्तरमा गरिएको जुनसुकै राम्रो काम गरेको वा गराइएको र खराब काम प्रकाश गरेर कुशल कर्म अनुमोदन गर्नुपर्ने काम सबै समयमा बिताइएको त्यसपछि सद्गुरु भगवान्को आज्ञाले नै जानेर त्यसको अगाडि सहज, बेजोडका बुद्धहरूको धर्मरूपको ध्यान गर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यो सर्वज्ञता, त्यही नै सम्पूर्ण त्रैलोक्य, त्यो त्यो आभागमूर्तिद्वारा सबै पारमिताहरूको ठूलो परिणाम भएको त्यही नै मञ्जुतत्त्व, त्यसैमा मनको एकाग्रताको घटनाद्वारा धर्मकायको स्वभाव भएको त्यहीँ डुबेको योगी (साधक)ले सम्भोगरूपको कोणबाट भएको किरणको चम्काइएको एउटै सूर्यचक्र भएको भयो । त्यहाँ नीलो चहक भएको हुँकार, अनि जन्मको लागि विश्ववज्र, त्यो आत्मप्राकार, ज्यादै बलियो, महामार वीरहरूद्वारा पनि फोड्न नसकिने पञ्जर, पछि रातो कमललाई प्यारो गर्ने सूर्यमा कणको चहक भएको ह्रीःकारबाट उत्पन्न **रातो कमलमाथि, त्यसपछि चम्केको सूर्यविम्ब, त्यसमा उग्र, संसारभरि घुमिरहेको रातो ठूलो किरण भएको चम्किलो ह्रीःकारले उग्र मारको सम्बन्धबाट अग्निको ज्यादै तीव्र शोभा भएकी देवी । पूर्वमा रहेको सूर्यको जस्तो तेज भएकी; अत्यन्त ठूलो यौवनले घमण्ड व्यक्त गरेकी; चहकिलो, पहेँलो र ठाडो कपाल भएकी; ठूलो स्तन र तल्लो पेट भएकी; नरम खालको शृङ्गार गरेकी । बायाँपट्टि रहेको रातो चहक भएको तीनवटा आँखाको किरणले छोएको दाह्राले डरलाग्दी भएकी, फरफराइएको मुखभित्र घुमिरहेको ठूलो जिभ्रोको टुप्पो भएकी, ठूलो तेज भएकी, विश्वाग्निद्वारा खूब चम्केको चहकिलो, चहक जाने मुर्दामा बायाँ खुट्टाको टुप्पो राखेर माथि राखेकी, अर्को खुट्टा बायाँ घुँडाको छेउमा राखेकी, ठूलो चितुवाको छालाले ढाकिएको नितम्बको भारले अल्छी अङ्ग भएकी, चुहिरहेको रगतरूपी पानीको धारा भएको नरमुण्डको माला छातीमा लगाएकी, डाँठ माथि फर्केको, निद्रा हटेको, मुखमा चम्किरहेको रातो ठूलो दुइटा कमलले सिँगारिएकी, खेलिरहेको धनु र बाणबाट प्रकट भएको चिल्लो कानसम्म तानिएकी, उग्र अङ्कुशले तानेर धाईले जस्तै सम्पूर्ण त्रैलोक्यलाई पालना गर्ने । बायाँ हातमा रातो कमल, त्यही नै निरुपम सहज रागराज्य । सफा चन्द्रमाको किरणको शोभालाई उपहास गर्ने । मौलि (शिर)मा पाँचवटा कपाल (खप्पर) भएका, पञ्चबुद्ध (अक्षोभ्य, अमिताभ, रत्नसम्भव, वैरोचन, अमोघसिद्धि)को क्रमले पञ्चाङ्ग (शिर, कान, घाँटी, हात, कटि) र पञ्चमुद्रा (चक्री, कुण्डल, कण्ठिका, रुचक, मेखला)को गहना लगाएकी, रागवज्रलाई शिरमा धारण गरेकी भगवतीलाई** तिनैमा लीन भएको श्रेष्ठ साधकले तिनीको मात्र क्लीबजापले जप्छ भने उसको खुट्टा देवताहरूले ढोगिन लायक्को छ । भगवान् लीलावज्रको आज्ञाले यो उत्तम साधन लेखेर करुण नाउँ भएको कविले जुन पुण्य पाए; त्यसले ज्यादै निष्कलङ्क, सफा प्रज्ञाको ज्ञानले चम्केको स्वच्छन्द रूपले फैलिएको चहकिलो महासुखमा प्रतिष्ठा भएको संसार होओस् ।

*श्रीहेवज्रतन्त्र*बाट उद्धृत कुरुकुल्लाको साधन सिद्धियो ।
करुण भन्ने नाम भएका कविको यो कृति हो ।
यहाँ १२ श्लोक छन् ।

१८८

ॐ कुरुकुल्लालाई नमस्कार ।

जसको स्मरण मात्रले देवता, असुर र मानिसहरू पक्कै सेवक हुन जान्छन्, उहाँ कुरुकुल्लालाई नमस्कार गर्छु । सबभन्दा पहिले मन्त्री (साधक)ले मुख आदि धोई सुखासनमा बसी आफ्नो हृदयमा अकारबाट उत्पन्न चन्द्रमामा रहेकी ह्रीःकारको रश्मिले ल्याइएकी कुरुकुल्लादेवीलाई हृदयबीजबाट निस्केका पूजाविशेषद्वारा पूजा गरी वन्दना पापदेशना पुण्यानुमोदना त्यसको परिणामना त्रिशरणगमन बोधिचित्तोत्पादन चतुर्ब्रह्मविहारको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भावना गरी शून्यताको भावना गरी मन्त्रद्वारा अधिष्ठान गरी हृदयबीजबाट निष्पन्न रातो कमलमा अकारबाट उत्पन्न चन्द्रमण्डलमा उहाँको भावना गरेर त्यो सबैद्वारा परिणत **रातो वर्ण भएकी, रातो चन्द्रको पद्मासनमा बसेकी, रातो लुगा लगाएकी, रातो किरीट लगाएकी, चार हात भएकी, दायाँ हात अभयमुद्रामा भएकी, अर्को हातमा बाण लिएकी, एउटा बायाँ हातमा रत्नको धनु लिएकी, अर्को हातमा रातो कमल लिएकी, अमिताभको मुकुट लगाएकी, कुरुकुल्ला पर्वतको गुफामा बसेकी, शृङ्गाररसले उज्ज्वल भएकी, भरखरकी, भगवती कुरुकुल्लाको** भावना तबसम्म गर्नू, जबसम्म थकाइ लाग्दैन । थकाइ लागेपछि मन्त्र जप्नू । यो मन्त्र हो–

ॐ कुरुकुल्ले ह्रीः स्वाहा ।

साध्यलाई वशमा पार्न खोज्नेले त रातो अशोक वृक्षको तल सिन्दूरले त्रिकोणको मण्डल बनाई त्यहाँ राता फूलले देवीलाई पूजा गरी आफूले रातो लुगा लगाई साध्यलाई खुट्टाले ऐँचेर निर्वस्त्र, विह्वल, कपाल छोडेकीलाई हृदयमा रातो कमलको कोपिलाले घोचे जस्तो गरी मन्त्र जप्नू ।
मन्त्र यो हो–

ॐ कुरुकुल्ले ह्रीः अमुकं मे वशीकुरु स्वाहा ।
(हे कुरुकुल्ला, फलानोलाई मेरो वशमा पारिदिनुहोस् ।)

कुरुकुल्लासाधन सिद्धियो ।

१८९

ॐ कुरुकुल्लालाई नमस्कार ।

ॐ कुरुकुल्ले स्वाहा । नरोकिएको शक्ति भएको, तीनै लोकलाई वशमा पार्ने काममा प्रख्यात आर्यताराको हृदयलाई पहिले बताइएअनुसारको समाधिमा बसेको [साधक]ले एक लाख अक्षर जप्नू । पछिबाट फूल धूप लेप चन्दन चूर्ण र पान आदि जसलाई उसले मन्त्रेर दिन्छ, त्यो वशमा आउँछ । बास्ना आउने धूपको धूवाँ आफूले लिनू, सबै मानिसको प्यारो हुन्छ । बन्धूक (बाह्रमासे फूल)ले जसको नाममा होम गरिन्छ, त्यो मान्छे वशमा आउँछ । खानपान पनि मन्त्रेर जसलाई दिइन्छ, त्यो वशमा आउँछ । महापुरुषलाई वश गर्नुपर्‍यो भने सेतो सस्यूँ होम गर्नुपर्छ । पछिबाट राम्रो तिथि नक्षत्र आदि भएको बेला भगवतीको पूजा आदि गरी केशर गोरोचना कपूर आदिले भोजपत्र वा कपडामा सोह्र कोण भएको पद्मपत्रको आकार भएको चक्र लेखेर चक्रको बीचमा मन्त्रसहित साध्य र साध्याको नाउँ लेख्नुपर्छ । पातमा कु रु कु ल्ले चार अक्षरको यन्त्र बनाएर साध्यको नाम मात्र लेख्नुपर्छ । बाहिर आँःकारले तीन गुना गरिएको चक्रलाई रातो धागोले बेरी मैनले बनाएको पुतलीको हृदयको बीचमा राखेर खयरको गोलले तताउनू, खुट्टा तान्न आउँछ । लोग्नेमान्छे वा स्वास्नीमान्छेलाई वशमा पार्नुपर्‍यो भने तातेको तामाको सियोले योनि वा खुट्टामा घोचेर तताउनू (तातेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तामाको सियोले योनि वा खुट्टामा घोच्नू ?), वशमा पर्छ, यसमा संशय छैन । ठूलो श्रद्धाले भगवतीको पूजा गरेर यो मन्त्रराज जप्नुपर्छ । यसरी यस क्रमले सबै सिद्धि हुन्छ ।

कर्मप्रसरप्रयोग सिद्धियो ।

१९०

गँ रँ वँ यँ पँ शँ चँ डँ ॐ हे कुरुकुल्ला, सबै दुष्टलाई नाश गर्नुहोस् नाश गर्नुहोस्, घोच्नुहोस् घोच्नुहोस्, भाँच्नुहोस् भाँच्नुहोस्, माड्नुहोस् माड्नुहोस्, ध्वस्त पार्नुहोस् ध्वस्त पार्नुहोस्, हटाउनुहोस् हटाउनुहोस्, मेरो शान्ति गर्नुहोस्, मेरो पुष्टि गर्नुहोस्, मलाई मन पर्ने काम गर्नुहोस्, सबै प्राणीलाई मेरो वशमा पार्नुहोस् । स्वाहा ।

ऊँ ह्रीँ श्रीँ हुँ हैँ हाँ हाः ।

कुरुकुल्लाको बलिविधि ।

१९१

उष्णीषविजयालाई नमस्कार ।

पहिले बताइएको विधानअनुसार चन्द्रमामा सेतो भ्रूँकारद्वारा उत्पन्न, **सेतो वर्णकी, तीन मुख भएकी, तीन आँखा भएकी, भरखरकी, थरीथरीका गहना लगाएकी, आठ हात भएकी भगवतीको चिन्तना गर्नू । दायाँ मुख पहेँलो र बायाँ मुख कृष्ण वर्णको, दायाँ चार हातमध्ये तीन हातमा विश्ववज्र कमलमा रहेका बुद्ध र बाण लिएकी, बाँकी भएको हात वरदमुद्रामा भएकी, बायाँ चार हातमध्ये दुइ हातमा धनु र पूर्णकलश लिएकी, बाँकी दुइ हातमध्ये एक हात तर्जनीमुद्रामा पाश लिएकी, अर्को हात अभयमुद्रामा भएकी, चैत्यगुहाभित्र बसेकी, वैरोचन[को आकृति भएको] मुकुट लगाएकी भगवतीलाई** सम्झेर पद्ममाथि रहेको आफ्नो बीजलाई हृदयमा ध्यान गर्नू । त्यसपछि शिखा, निधार, घाँटी, नाभि र खुट्टामा क्रमशः हुँ त्राँ ह्रीः अं अः पाँच अक्षर हेर्नू । त्यसपछि मन्त्र जप्नू–

ॐ भ्रूँ स्वाहा ।

उष्णीषविजयासाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१९२

पहिले बताइएको विधानअनुसार हृदयमा चन्द्रमण्डलमा सेतो ॐकारद्वारा उत्पन्न, सेतो वर्णकी, **तीन मुख भएकी, दायाँ मुख नीलो र बायाँ मुख रातो भएकी, हरेक मुखमा तीन आँखा भएकी, ६ हात भएकी, दायाँपट्टिका हातले चक्र अङ्कुश र धनु लिएकी, बायाँपट्टिका हातले सेतो वज्र तर्जनीमुद्रामा पाश र बाण लिएकी, रिसाएर हेरेकी, सबै ग्रहको विंध्वस गर्ने, राम्रो गहना र लुगा लगाएकी, वैरोचन नायक भएकी सितातपत्रापराजिता भगवतीको** ध्यान गरेर मुद्रामा बाँध्नू। दायाँ हात मुट्ठीसहितको तर्जनीमुद्रामा भएकी र बायाँ हात मुट्ठी उठाएकीलाई हृदयमा राखेर उठाउनू। जप–

ॐ सितातपत्रापराजिते सर्वग्रहान् त्रासय त्रासय हन हन हुँ हुँ हुँ फट् स्वाहा।
(हे सितातपत्रापराजिता, सबै ग्रहलाई तर्साउनुहोस् तर्साउनुहोस्, मार्नुहोस् मार्नुहोस्।)

आर्यसितातपत्रापराजितासाधन सिद्धियो।

१९३

पहिले बताइएको विधानअनुसार शून्यताको भावना गरेपछि अष्टदल भएको कमलमाथि सूर्यमा रहेको हुँकारद्वारा उत्पन्न वज्र, वँकारमा अधिष्ठित वरटकको ध्यान गरेर त्यसद्वारा परिणत **तीन आँखा र एक मुख भएकी, अर्धपर्यङ्क ताण्डवमा रहेकी, शवमाथि टेकेकी, दुब्ली, दाह्रा निस्केकोले डरलाग्दी भएकी, घाँटीमा नरमुण्डमाला लगाएकी, हाडको गहनाले सिँगारिएकी, पञ्चमुद्रा (चक्री, कुण्डल, कण्ठिका, रुचक, मेखला) लगाएकी, अक्षोभ्य [को आकृति भएको] मुकुट लगाएकी, बाघको छाला लगाएकी, केश छोडेकी, ६ हात भएकी, दायाँपट्टिका हातले वज्र खड्ग र चक्र लिएकी, बायाँपट्टिका हातले कपाल (खप्पर) मणि र कमल लिएकी, रातो वर्णकी, कर्मअनुरूप सेतो आदि वर्णले युक्त वज्रचर्चिका**को ध्यान गरेर आफ्नो हृदयबाट चँकारको किरणबाट ल्याइएको ज्ञानचक्रलाई अगाडि स्थापना गरी पूजा आदि सकाएर प्रवेश गराउनू। त्यसपछि मन्त्र जप्नू–

ॐ वज्रचर्चिके हुँ स्वाहा।

वज्रचर्चिकासाधन सिद्धियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१९४

महाप्रतिसरालाई नमस्कार ।

पहिले बताइएको विधानअनुसार शून्यताको भावनापछि अकारद्वारा उत्पन्न चन्द्रमण्डलमा पहेँलो प्रँकारद्वारा उत्पन्न कृतविविधरश्मिपरार्थलाई परिणत गरेर **पहेँलो वर्णकी, चार मुख भएकी, पहिलो पहेँलो मुख दायाँ सेतो मुख पछाडिको नीलो मुख र बायाँ रातो मुख भएकी, हरेक मुखमा तीन आँखा भएकी, आठ हात भएकी, दायाँपट्टिका हातमा खड्ग चक्र त्रिशूल र बाण लिएकी, बायाँपट्टिका हातमा बञ्चरो धनु पाश र वज्र लिएकी, विश्वपद्मचन्द्रासनमा ललिताक्षेपमा रहेकी, रातो प्रभामण्डल भएकी, सबै गहनाले सिँगारिएकी, रङ्गीचङ्गी वस्त्र लगाएकी, पाटको उत्तरीय (ओढ्ने) ओढेकी, थरीथरीका रत्नजडित मुकुट लगाएकी भगवती महाप्रतिसरालाई** झट्टै आफूमा निष्पादन गर्नू । यसरी चिन्तना गरी त्यसपछि काय वाक् र चित्तचन्द्रमा सेतो, पहेँलो र नीलो ॐ आः हुँ तीन अक्षरको चिन्तना गर्नू । त्यसपछि स्तनान्तरमा चन्द्रमामा रहेको प्रँकारको चिन्तना गरी जबसम्म आफू थाकिँदैन, तबसम्म थरीथरीका देवीद्वारा आफूलाई पूजा गरेको हेरेर भावना गर्नू । थाक्यो भने आफ्नो हृदयचन्द्रमा मोतीको हारतुल्य मन्त्र हेरेर जप्नू–

ॐ मणिधरि वज्रिणि महाप्रतिसरे हुँ हुँ फट् फट् स्वाहा ।
(हे मणि धारणा गर्ने, वज्र धारणा गर्ने महाप्रतिसरा)

महाप्रतिसरासाधन ।

१९५

पहिले योगी (साधक) स्थिर चित्त भई हृदयमा पँकारद्वारा परिणत विश्वपद्म, त्यसमाथि अकारद्वारा परिणत चन्द्रमण्डल, त्यहाँ पहेँलो प्रँकार राखेर त्यसबाट निस्केका रश्मिद्वारा गुरु, बुद्ध बोधिसत्त्वहरूलाई सञ्चोदना गरी अगाडि ल्याएर थरीथरीका आसनमा बसेकाहरूलाई वन्दना पूजना पापदेशना पुण्यानुमोदना त्रिशरणगमन बोधिचित्तोत्पाद पुण्यपरिणामना र क्षमापना गर्नू । त्यसपछि मैत्री करुणा मुदिता र उपेक्षाको भावना गर्नू । ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम् यो उच्चारण गरी शून्यताको भावना गरी त्यसपछि आफ्नो हृदयमा झट्टै पहेँलो प्रँकारद्वारा उत्पन्न चन्द्रको भावना गरी त्यसको परिणामद्वारा **पहेँलो वर्णकी, रत्नजडित मुकुट लगाएकी, पहेँलो सेतो पहेँलो र रातो गरी चार मुख भएकी, हरेक मुखमा तीन आँखा भएकी, आठ हात भएकी, दायाँपट्टिका हातमा खड्ग चक्र त्रिशूल र बाण लिएकी, बायाँपट्टि हातमा पाश बञ्चरो धनु र वज्र लिएकी, पद्मचन्द्रासनमा ललिताक्षेपमा रहेकी, थरीथरीका रत्नको गहना लगाएकी प्रतिसराको** भावना गरी उहाँको शिर घाँटी हृदय र उपहृदयमा चन्द्रमामा रहेका सेतो रातो पहेँलो र कृष्ण ॐ आः प्रँ हुँकारहरू राखेर यस मन्त्रको उच्चारणद्वारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आफूलाई देवीको रूपमा अधिष्ठान गर्नू । त्यसपछि आफ्नो हृदयबाट निस्केका रश्मिद्वारा अक्षोभ्य आदिलाई सञ्चोदना गरी ल्याई अभिषेक लिएर अधिपति अक्षोभ्यको चिन्तना मुकुटमा गर्नू । त्यसपछि आफ्नो हृदयबाट पूजादेवीहरूको संस्फारण गरी पूजा गरेर जबसम्म थाकिँदैन, तबसम्म एक सय अक्षर भएको मन्त्र आवृत्ति गरी भावना गर्नू । मन थाकेपछि मन्त्र जप्नू–

ॐ मणिधरि वज्रिणि महाप्रतिसरे हुँ हुँ फट् फट् स्वाहा ।

त्यसपछि अर्को मन्त्र–

ॐ वज्रसत्त्व समयमनुपालय वज्रसत्त्वत्वेनोपतिष्ठ दृढो मे भव सुतोष्यो मे भव सुपोष्यो मे भव अनुरक्तो मे भव सर्वसिद्धिं मे प्रयच्छ सर्वकर्म्मसु च मे चित्तं श्रेयः कुरु हुँ हहहहहोः भगवन् सर्वतथागतवज्र मा मे मुञ्च वज्रीभव महासमयसत्त्व आः
(हे वज्रसत्त्व, समयको अनुपालन गर्नुहोस्, वज्रसत्त्व भएर रहनुहोस्, मेरो लागि दृढ हुनुहोस्, मेरो लागि खुशी हुने हुनुहोस्, मलाई पोषण गर्ने गर्नुहोस्, ममा अनुरक्त हुनुहोस् । मलाई सबै सिद्धि दिनुहोस्, सबै काममा मेरो चित्तलाई कल्याण गर्नुहोस् । हे भगवान् सर्वतथागतवज्र, मलाई नछोड् नुहोस्, भगवान् वज्र जस्तो हुनुहोस्, हे महासमयसत्त्व)

यो सय अक्षारको मन्त्र हो । बिहान सबेरै पूजा आदि गरेर क्षमाप्रार्थना गर्नू ।

यति महाप्रतिसराको साधन सिद्धियो ।

१९६

जन्म मरण रोग र व्यथाबाट विह्वल सबै मानिसमा मैत्री करुणा मुदिता र उपेक्षाको उपदेश गरी माया र सपनासमान शून्य जगत्को भावना समग्र विकल्पहरूद्वारा गरेर विज्ञान नै मुख्य शरीर भएको मन्त्री (साधक)ले त्यसपछि त्यसद्वारा सेतो वर्णको चन्द्रविम्बमा लोटपोट भएको पहेँलो वर्णको प्रँकारलाई आफ्ना रश्मिद्वारा प्रत्येक दिशामा विश्वको सदिच्छा गर्ने, विश्वपद्मको गर्भमा **चम्केको चन्द्रासनमा बसेकी; पहेँलो, पहेँलो नभएको, सेतो, सेतो नभएको, रातो मुख भएकी; तीन आँखाले सिँगारिएकी; रत्नजडित मुकुट लगाएकी; रङ्गीचङ्गी लुगा लगाएकी; रातो प्रभामण्डल भएकी; लीलापूर्वक दुइ स्तनमा उत्तरीय (ओढ्ने) ओढेकी; कोमल हातहरूमा खड्ग चक्र बाण त्रिशूल बञ्चरो श्रीपाश वज्र धनु लिएकी प्रतिसरा** साधक आफैँ हुनू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सिपालु [साधक]ले ॐ आः हुँ यी अक्षरद्वारा शरीरमा पहाडको नजीकमा विधिले युक्त सेतो पहेँलो नीलो चन्द्रमामा भएको देखेर दुइटा स्तनको बीचमा मिलेको प्रँकारद्वारा उत्पन्न ज्वालाद्वारा निष्पन्न देवीगणहरूले आफ्नो शरीर परिपूरित ठानी ध्यान गर्नू ।

यसरी स्फुरण र संहार हुँदा जब थकाइ लाग्छ, मोतीको माला जस्तो रश्मिको फैलावटले उज्ज्वल यस्तो मन्त्रराजलाई हृच्चचन्द्रमाथि सधैँ राम्रोसँग आदरपूर्वक राम्ररी चित्त स्थिर गरी चोखो आशय गरेर लामो समयसम्म ध्यान गर्नू ।

मन्त्रराज यस प्रकारको छ–

ॐ मणिधरि वज्रिणि महाप्रतिसरे हुँ हुँ फट् फट् स्वाहा ।

(मणि र वज्र लिएकी हे महाप्रतिसरा)

प्रतिसरासाधन ।

१९७

पहिले बताइएको विधानअनुसार विश्वपद्मचन्द्रमा हरियो माँकारद्वारा उत्पन्न **हरियो वर्णकी, तीन मुख भएकी, दायाँ कृष्ण र बायाँ सेतो वर्णको मुख भएकी, मुखैपीछे तीन तीन आँखा भएकी, ६ हात भएकी, दायाँपट्टिका दुइ हातमा क्रमैसँग मयूरको प्वाँख र बाण लिएकी, अर्को हात वरदमुद्रामा भएकी, बायाँपट्टिका तीन हातमा क्रमैसँग रत्नको समूह धनु र काखमा कलश लिएकी, थरीथरीका गहना लगाएकी, शृङ्गाररसमा भएकी, भरखरकी युवति, चन्द्रासनमा अर्धपर्यङ्कमा रहेकी, चन्द्रमाको जस्तो चहक भएकी, अमोघसिद्धि[को आकृति भएको] मुकुट लगाएकी महामायूरी**को भावना आफूमा गर्नू । त्यसपछि उहाँको शिर घाँटी हृदय र नाभिमा रहेका चन्द्रमाहरूमा क्रमैसँग ॐ आः माँ हुँ यति चार अक्षरको भावना गरेर स्फुरण र संहरण गर्नू । त्यसपछि मन्त्र जप्नू–

ॐ महामायूरी विद्याराज्ञी हुँ हुँ फट् फट् स्वाहा ।

यति आर्यमहामायूरीसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१९८

पहिले बताइएको विधानअनुसार विश्वपद्मचन्द्रमा बुंकारद्वारा उत्पन्न सेतो वर्णकी, एक मुख भएकी, ६ हात भएकी, दायाँपट्टिका तीन हातमध्ये दुइ हातमा खड्ग र बाण लिएकी, एउटा हात वरदमुद्रामा भएकी, बायाँपट्टिका तीन हातमा धनु पाश र बञ्चरो लिएकी, रङ्गीबिरङ्गी गहना लगाएकी, राम्री, युवति, शृङ्गार गरेकी, वैरोचन[को आकृति भएको] किरीट लगाएकी र पद्मचन्द्रासनमा रहेकी महासाहस्रप्रमर्दनी आफू भएको ध्यान गर्नू ।

यति आर्यमहासाहस्रप्रमर्दनीसाधन ।

१९९

कृष्ण वर्णकी, एउटा मात्र मुख भएकी, चार हात भएकी, दायाँपट्टिका दुइ हातमध्ये एउटामा वज्र लिएकी र अर्को हात वरदमुद्रामा भएकी, बायाँपट्टिका दुइ हातमा बञ्चरो र पाश लिएकी, अक्षोभ्य[को आकृति भएको] मुकुट लगाएकी, सूर्यासनको चहक भएकी, हुँकार बीजद्वारा उत्पन्न महामन्त्रानुसारिणी ।

यति आर्यमहामन्त्रानुसारिणीसाधन ।

२००

रातो वर्णकी, एउटा मात्र मुख भएकी, चार हात भएकी, दायाँपट्टिका हातमध्ये एउटामा अक्षसूत्र लिएकी, अर्को हात वरदमुद्रामा भएकी, बायाँपट्टिका हातमध्ये एउटामा वज्र र अङ्कुश लिएकी, अर्को हातमा छातीनिर पुस्तक लिएकी, अमिताभ[को आकृति भएको] मुकुट लगाएकी, अर्धपर्यङ्कमा रहेकी, थरीथरीका गहना लगाएकी, सूर्यासनको चहक भएकी, जीँ बीजद्वारा उत्पन्न महासितवती ।

यति आर्यमहासितवतीसाधन ।

२०१

अब अर्को शास्त्रअनुसार पाँच जना महादेवीको निर्देशन गरिन्छ । त्यहाँ पहेँलो वर्णकी, तीन मुख भएकी, दायाँ कृष्ण र बायाँ सेतो मुख भएकी, मुखैपीछे तीन आँखा भएकी, दश हात भएकी, दायाँपट्टिका पाँच हातमा क्रमैले खड्ग वज्र र बाण लिएकी, एउटा हात वरदमुद्रामा भएकी र अर्को एउटा हातमा छातीनिर हाते छाता लिएकी,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बायाँपट्टिका पाँच हातमा क्रमशः धनु ध्वज रत्नसमूह बञ्चरो र शङ्ख लिएकी, रत्नसम्भव[को आकृति भएको] मुकुट लगाएकी, कृष्ण कञ्चुक (कालो चोली) र रातो उत्तरीय (ओढ्ने) ओढेकी, अर्धपर्यङ्क र ललिताक्षेपमा रहेकी, राम्रा गरगहना र लुगाले सिँगारिएकी महाप्रतिसरा ।

हरियो वर्णकी, एउटा मुख भएकी, दुइ हात भएकी, दायाँ हातमा मजूरको प्वाँख लिएकी र बायाँ हात वरदमुद्रामा भएकी महामायूरी ।

महासाहस्रप्रमर्दनी पहिले बताइएअनुसार हो ।

कृष्ण वर्णकी, एउटा मुख भएकी, चार हात भएकी, दायाँपट्टिका दुइ हातमध्ये एउटामा असि लिएकी, दोस्रो हात वरदमुद्रामा भएकी, बायाँपट्टिका हातमा बञ्चरो र पाश लिएकी महामन्त्रानुसारिणी ।

रातो वर्णकी, एउटा मुख भएकी, चार हात भएकी, दायाँपट्टिका दुइ हातमध्ये एउटामा असि लिएकी र अर्को हात वरदमुद्रामा भएकी, बायाँपट्टिका हातमा बञ्चरो र पाश लिएकी महासितवती ।

तीन अक्षरले अङ्कित, आफ्नो बीजको मध्यमा रहेका उहाँहरूको नामसहित उहाँहरूको मन्त्र ।

महापञ्चरक्षासाधन ।

२०२

कृष्ण वर्णकी, एउटा मात्र मुख भएकी, ६ हात भएकी, दायाँपट्टिका हातमा खड्ग र अङ्कुश लिएकी, अर्को हात वरदमुद्रामा भएकी, बायाँपट्टिका हातमा रातो कमलको फूल र त्रिशूल लिएकी, अर्को हातले छातीनिर तर्जनीमुद्रामा पाश भएकी, अक्षोभ्य[को आकृति भएको] मुकुट लगाएकी, सबै गरगहनाले सजिएकी, राम्री युवति, हुँ बीजबाट उत्पन्न महाप्रत्यङ्गिरा ।

यति महाप्रत्यङ्गिरासाधन ।

२०३

कृष्ण वर्णकी, तीन मुख भएकी, दायाँ रातो र बायाँ कालो मुख भएकी, चार हात भएकी, दायाँपट्टिका दुइ हातमा खड्ग र पाश लिएकी, बायाँपट्टिका दुइ हातमा वज्राङ्कित खट्वाङ्ग र चक्र लिएकी, ठाडो र कैलो कपाल भएकी,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाँचवटा सुकेका मुण्डले अलङ्कृत मुकुट शिरमा लगाएकी, बाघको छाला लगाएकी, दाह्रा मुखबाहिर निक्लेर डरलाग्दी भएकी, ठूलो पेट भएकी, सूर्यासनमाथि प्रत्यालीढपदमा रहेकी, चहक भएकी, पहेँलो कपडाको कञ्चुक (चोली) लगाएकी, शिरमा अक्षोभ्य[को आकृति भएको] मुकुट लगाएकी, हुँ बीजद्वारा उत्पन्न ध्वजाग्रकेयूरा ।

यति ध्वजाग्रकेयूरासाधन ।

२०४

पहेँलो वर्णकी, एउटा मुख भएकी, दुइ हात भएकी, दायाँ हातले थप्पड हानेको अभिनय गरेकी, बायाँ हात छातीनिर पाशसहितको तर्जनीमुद्रामा भएकी, थरीथरीका रत्नले शोभायमान, गणपतिद्वारा ऐँचिएकी, अतिभयङ्कर डरलाग्दो रौद्र मुख भएकी, सबै मारलाई दमन गरेकी, ब्रह्मा आदि दुष्ट रौद्र देवगणले छाता ओढाइएकी अपराजिता ।

यति अपराजितासाधन ।

२०५

कृष्ण वर्णकी, ६ मुख भएकी, पहिलो मुख नीलो, अरू मुखचाहिँ पाँच थरी वर्णका भएकी, मुखैपीछे तीन-तीन आँखा भएकी, बाह्र हात भएकी, दायाँपट्टिका ६ हातमा क्रमैले वज्र वज्रघण्टा खड्ग त्रिशूल बाण र चक्र लिएकी, बायाँपट्टिका ६ हातमा खट्वाङ्ग अङ्कुश धनु र बञ्चरो लिएकी, एउटा हातले छातीनिर तर्जनीमुद्रामा पाश लिएकी, ठाडो र कैलो कपाल भएकी, दाह्रा निक्लेर डरलाग्दो मुख भएकी, विश्वपद्मसूर्यासनमाथि प्रत्यालीढपदमा रहेकी बसेकी वज्रगान्धारी ।

ॐ हुँ हुँ हुँ स्वाहा ।

यो जपमन्त्र हो ।
यहाँ यस्तो धारणी हुन्छ–

नमो रत्नत्रयाय, नमश्चण्डवज्रपाणये महायक्षसेनापतये, नमो भगवति महावज्रगान्धारि अनेकशतसहस्रप्रज्वलितदीप्ततेजायै उग्रभीमभयानकायै योगिनीयै भीष्मभगिनीयै द्वादशभुजायै विकीर्णकेशीयै अनेकरूपविविधवेशधारिणीयै, एह्येहि भगवति महावज्रगान्धारि त्रयाणां रत्नानां सत्येन आकट आकट बलदेवादिकं ये चान्ये समये न तिष्ठन्ति तानावर्तयिष्यामि, शीघ्रं गृह्ण गृह्ण गृह्ण गृह्ण ॐ अल अल अल अल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुलु हुलु मुलु मुलु चुलु चुलु धम धम रक्ष रक्ष रक्षापय रक्षापय पूरय पूरय आविश आविश भगवति महावज्रगान्धारि सिद्धचण्डवज्रपाणिराज्ञापयति ह्रीः हः हुँ फट् स्वाहा ।

(त्रिरत्नलाई नमस्कार । चण्डवज्रपाणिलाई नमस्कार । महायक्षसेनापतिलाई नमस्कार । बालिएका लाखौँ बत्तीको जस्तो तेज भएकी, अत्यन्त डरलाग्दी, योगिनी, भीष्मकी बहिनी, बाह्र हात भएकी, कपाल छोडेकी, थरीथरीका रूप र थरीथरीका भेष धारण गरेकी, महावज्रगान्धारी भगवतीलाई नमस्कार । हे भगवती महावज्रगान्धारी, त्रिरत्नको सत्यद्वारा बलदेव आदि देवताहरूलाई तान्नुहोस् तान्नुहोस् र जो आफ्नो प्रतिज्ञामा अड्दैनन् तिनीहरूलाई म फर्काउनेछु, चाँडै लिनुहोस् लिनुहोस् लिनुहोस्, ॐ अल अल अल अल हुलु हुलु मुलु मुलु चुलु चुलु धम धम रक्षा गर्नुहोस् रक्षा गर्नुहोस्, रक्षा गर्न लगाउनुहोस् रक्षा गर्न लगाउनुहोस्, पूरा गर्नुहोस् पूरा गर्नुहोस्, प्रवेश गर्नुहोस् प्रवेश गर्नुहोस् । हे भगवती महावज्रगान्धारी, सिद्धचन्द्रवज्रपाणि आज्ञा दिनुहुन्छ । ह्रीः हः हुँ फट् स्वाहा ।)

यसको कर्मप्रसर अनेक थरीका हुन्छन् ।

यति वज्रगान्धारीसाधन ।

२०६

पहिले मुख आदि धोई मन्त्री (साधक)ले आफूलाई अनुकूल पर्ने ठाउँमा सुखासनमा बसेर ॐ आः हुँ रक्ष रक्ष हुँ फट् स्वाहा यति स्थानात्मयोगद्वारा रक्षाको अधिष्ठान गर्नू । त्यसपछि आफ्नो हृदयमा अकारद्वारा उत्पन्न चन्द्रमण्डल, त्यसमाथि पँकारको रश्मिद्वारा निस्केका गुरु बुद्ध बोधिसत्त्वहरूलाई चम्काएर अगाडि हेरेर गणपरिवारसहित महाप्रतिसरा आदिको पूजा गर्नू । फूल धूप बत्ती चन्दन बलि नैवेद्य आदि चढाएर पापदेशना गर्नू, त्रिशरणगमन गर्नू, बोधिचित्तोत्पाद गर्नू, त्यसपछि चतुर्ब्रह्मविहारको भावना गर्नू । त्यस दुःखबाट उद्धार गर्ने करुणा, सुखको प्रतिष्ठापन गर्ने मैत्री, सुखलाई स्थिर गर्नाले मुदिता, तथतारूप उपेक्षा हो । त्यसपछि सबै धर्मलाई मनले अवलम्बन गरी शून्यतालाई निर्विकल्पको चिन्तना गरेर ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम् भनी पढ्नू । त्यसपछि हुँकारद्वारा विश्ववज्रको भूमिलाई अधिष्ठान गर्नू । त्यही वज्रद्वारा वज्रपञ्जर वज्रप्राकार र वज्रवितानको चिन्तना गरी त्यसमध्ये सुँकारमा परिणत सुमेरु पर्वत, थरीथरीका फूल छरिएको महामोक्षपुरभवन, त्यसमाथि हुँकारद्वारा पँकारमा परिणत विश्ववज्र, बीजकोश र केशरले युक्त विश्वपद्म, त्यसमाथि चन्द्रमण्डलको बीचमा पँकारद्वारा उत्पन्न रश्मि फिँजाएर तीद्वारा पञ्चज्ञानात्मकलाई आकृष्ट गरेर सबै तथागतहरूसँग एकै बनाएर द्रवीभूत बीजपरिणामद्वारा भनिने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वर्णको आकृति भएकी, गोरो वर्णकी, १६ वर्षकी, चैत्यले शिर सिँगारिएकी, चन्द्रासनमा रहेकी, सूर्यमण्डलमा वज्रपर्यङ्कमा बसेकी, तीन आँखा भएकी, आठ हात भएकी, हल्लिरहेको कुण्डलले सुहाएकी, हार र नूपुरले सिँगारिएकी, सुनको केयूर (बाजु) र मेखला लगाएकी, सबै गहना लगाएकी, बोधिवृक्षमा रहेकी, थरीथरीका फूल र फलले अलङ्कृत, ब्रह्मा विष्णु महेश्वर नन्दिकेश्वर आदिहरूद्वारा स्तुति गरिएकी, देवता नाग यक्ष गन्धर्वहरूले सत्कार गरिनुपर्ने, इन्द्र यम वरुण कुबेर दैत्य गरुड किन्नर महानाग आदि देवताद्वारा स्तुति गरिएकी, राग द्वेष मोह वासना अनुसन्धि र पाशको छेदन गरेकी, शत्रुको मन्त्र मुद्रा विष काखोर्द (भूतविशेष) चूर्णप्रयोग विद्वेषणद्वारा अभिचार (जादूटुना)द्वारा खराब चित्त भएकाहरूको विध्वंस गर्ने, सबै बुद्ध बोधिसत्त्व आर्यगण र वरपूजामा लागेकाहरूको पालन गर्ने, महायानको उद्ग्रहण लेखन पठन वाचन स्वाध्ययन श्रवण र धारण गर्नमा लागेकाहरूलाई रक्षा गर्ने महाप्रतिसरा। उहाँ भगवतीको पहिलो मुख गोरो वर्णको, दायाँपट्टिको कृष्ण वर्णको, पछाडिको पहेँलो वर्णको, बायाँपट्टिको रातो वर्णको। दायाँपट्टिको पहिलो हातमा चक्र, दोस्रोमा वज्र, तेस्रोमा बाण र चौथोमा खड्ग। बायाँपट्टिको पहिलो हातमा वज्रपाश, दोस्रोमा त्रिशूल, तेस्रोमा धनु र चौथोमा बञ्चरो। यस्तो भएकी भगवतीलाई स्फुरण संहरणको योगद्वारा आदरपूर्वक निरन्तर गरिएको अभ्यासद्वारा अवलम्बन गरेर उहाँको जपमन्त्र–

ॐ मणिधरि वज्रिणि महाप्रतिसरे हुँ हुँ फट् फट् स्वाहा।

उहाँ महाप्रतिसराको पूर्वपट्टि, त्यस्तै पूर्वयोग गरी विश्वपद्मको बीचमा हुँकारद्वारा वज्रचिह्नको परिणामद्वारा कृष्ण वर्णकी, पहेँलो र ठाडो कपाल भएकी, मानिसको कपाल (खप्पर)ले सिँगारिएकी, आँखीभौँ बङ्ग्याएर र दाह्राले मुख डरलाग्दो भएकी, चम्केको सूर्यमण्डलासनमा रहेकी, ललिताक्षेपमा रहेर महाभूत र महायक्षलाई थिचेकी, कटक (कडा) केयूर (बाजु) हार र नूपुरले सिँगारिएकी। उहाँको दायाँपट्टिको पहिलो हात वज्रसहितको वरदमुद्रामा, दोस्रोमा अङ्कुश तेस्रोमा बाण चौथोमा खड्ग लिएकी, बायाँपट्टिको पहिलो हात पाशसहितको तर्जनीमुद्रामा, दोस्रोले बञ्चरो तेस्रोले धनु चौथोले कमलमाथि १६ रत्न लिएकी। उहाँको मुख्य मुख कृष्ण वर्णको, दायाँपट्टिको सेतो वर्णको, पछाडिपट्टिको पहेँलो वर्णको, बायाँपट्टिको हरियो वर्णको। सबै मुखमा तीन-तीनवटा आँखा भएकी। थरीथरीका रत्न आदिले शरीर सिँगारिएकी, ठूलो बल पराक्रम भएकी, रौद्र रूप भएकी, वरको रूखमा बसेकी, सप्तमातृका आदि देवताहरूलाई तर्साउने, रेवती आदि र ग्रहहरूलाई तर्साएकी, वासुकि आदि अष्टनागलाई तर्साएकी, वात पित्त कफ आदिको शोधन गर्ने, अत्यन्त डरलाग्दो अन्धकारमेघ फ्याउने, सबै प्रकार का अपमृत्युकोनिवारण गर्ने महासाहस्रप्रमर्दनी। उहाँको जपमन्त्र–

ॐ अमृतवरे वरप्रवरविशुद्धे हुँ हुँ फट् फट् स्वाहा।

त्यसपछि महाप्रतिसराको दक्षिणदिग्भवनमा विश्वपद्ममाथि चन्द्रमण्डलको बीचमा माँकार बीजको परिणामद्वारा झट्टै पहेँलो वर्णकी, सूर्यमण्डलमा सत्त्वपर्यङ्कमा रहेकी, तीन मुख भएकी, तीन आँखा भएकी, आठ हात भएकी,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रत्नमुकुट लगाएकी, सबै गहनाले सिँगारिएकी महामायूरी । उहाँका दायाँपट्टिका चार हातमध्ये पहिलो वरदमुद्रामा, दोस्रोमा रत्नकलश तेस्रोमा चक्र र चौथोमा खड्ग लिएकी, बायाँपट्टिका चार हातमध्ये पहिलोमा पात्रमाथि भिक्षा दोस्रोमा मयूरको प्वाँख तेस्रोमा घण्टमाथि विश्ववज्र चौथोमा रत्नध्वज लिएकी । मुख्य मुख पहेँलो वर्णकी, दायाँपट्टिको कृष्ण वर्णकी, बायाँपट्टिको रातो वर्णकी । अशोकको रूखको छेउमा बसेकी, सात थरीका विषसमेत छोप्ने,[८] भयानक कपिला आदि राक्षसीसमेतको विध्वंस गर्ने, सबै नाग आदिलाई तर्साउने, देवता नाग यक्ष गन्धर्वहरूद्वारा नमस्कार गरिने, सत्ताइस नक्षत्रलगायत नवग्रह आदिले सेवा गरिने, अचल चल विष हट्याइने, देव दैत्य असुरलाई मोहित पार्ने महामायूरी । उहाँ भगवतीको जपमन्त्र–

ॐ अमृतविलोकिनि गर्भसंरक्षणि आकर्षणि हुँ हुँ फट् फट् स्वाहा ।

उहाँ प्रतिसराको पश्चिमपट्टि विश्वपद्ममाथि चन्द्रमण्डलको बीचमा मँकारबीजको परिणामद्वारा उत्पन्न महामन्त्रानुसारिणीको भावना गर्नू । सेतो वर्णकी, बाह्र हात भएकी, तीन मुख भएकी, तीन आँखा भएकी, चम्किरहेको सूर्यमण्डलमा रहेकी, रत्नमुकुट लगाएकी, सबै गहनाले शोभायमान, भरखरकी, हार नूपुर र कुण्डल लगाएकी, शिरीषको रूखमा बसेकी । उहाँका पहिला दुइ हात धर्मचक्रमुद्रामा, दोस्रा दुइ हात समाधिमुद्रामा, तेस्रो हात वरदमुद्रामा, चौथो हात अभयमुद्रामा, पाँचौँमा वज्र र छैटौँ हातमा बाण लिएकी, बायाँपट्टिको तेस्रो हात पाशसहितको तर्जनीमुद्रामा, चौथोमा धनु पाँचौँमा रत्नको समूह र छैटौँमा पद्माङ्कित कलश लिएकी । मुख्य मुख सेतो वर्णको, दायाँपट्टिको कृष्ण र बायाँपट्टिको रातो । थरीथरीका फूल छरिएकी, आठ लोकपाल आदि देवताहरूले पूजा गरिने, चतुर्महाराजिकसहित देवताका समूहले स्तुति गरिएकी, मालाविद्याधरहरूले पूजा गरिएकी । उहाँको जपमन्त्र–

ॐ विमले विपुले जयवरे अमृते विरजे हुँ हुँ फट् फट् स्वाहा ।

त्यसपछि महाप्रतिसराको उत्तरपट्टि विश्वपद्ममाथि चन्द्रमण्डलको बीचमा त्राँ बीजको परिणामद्वारा उत्पन्न महासितवती । हरियो वर्णकी, सूर्यमण्डलमा रहेकी, तीन मुख भएकी, तीन आँखा भएकी, ६ हात भएकी, तथागत [को आकृति भएको] मुकुट लगाएकी, सबै गहनाले सिँगारिएकी, राम्रो वस्त्रले जीउ ढाकिएकी । उहाँको पहिलो हात अभयमुद्रामा, दोस्रोमा वज्र र तेस्रोमा बाण लिएकी, बायाँपट्टिको पहिलो हातमा तर्जनीमुद्रामा पाश भएकी, दोस्रोमा धनु र तेस्रोमा रत्नध्वज लिएकी । मुख्य मुख हरियो वर्णको, दायाँपट्टिको सेतो वर्णको र बायाँपट्टिको रातो वर्णको । चाँपको रूखमा बसेकी, कामदेव आदि मुख्य देवताहरूले पूजा गरी स्तुति गरिएकी, हारितीलगायत यक्षयक्षिणीको विध्वंस गर्ने, काग लाटोकोसेरो गिद्ध बाज परेवा आदिलाई भगाउने, भूतप्रेत पिशाच वेताल राक्षस आदिलाई लट्ठ पार्ने । उहाँको जपमन्त्र–

---

८ **सप्ताशीविषपर्वत** यो शब्द एक थरी पहाडको समूहको अर्थमा महायानग्रन्थहरूमा आउँछ ।
(प्र्याङ्क्लिन एजर्टन २०१०मा **सप्ताशीविष** हेर्नू)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ भर भर सम्भर सम्भर इन्द्रियबलविशोधनि हुँ हुँ फट् फट् स्वाहा ।

यसरी निर्देश गरिएअनुसार मण्डलको भावना गरी उहाँको रश्मिसमूहबाट व्याप्त, आआफ्नो बीजबाट रश्मिहरू निकालेर ती रश्मिले सबै त्रैधातुकलाई ढाकेर त्यही अक्षरमा प्रवेश गराउनू । फेरि आकाशमण्डलमा फैलाई, ज्ञानचक्र तानी, स्तुति गरी, सञ्चार गरेर समयचक्रमा प्रवेश गराउनू । त्यसपछि दुइटैलाई एकै पारेर भावना गरी, त्यसबाट रश्मिहरूद्वारा सबै तथागतलाई तानी पूजा गरेर अभिषेक माग्नू र आफूलाई सेचन गरेको देख्नू । जान्ने मान्छेले पूजा स्तुति र अमृतको स्वादपूर्वक भावना गर्नू । दुइ आँखामा मोहवज्री महाप्रतिसरा, दुइ कानमा द्वेषवज्री महासाहस्रप्रमर्दनी, नाकमा मात्सर्यवज्री महामायूरी, मुखमा रागवज्री महामन्त्रानुसारिणी, स्पर्शमा ईर्ष्यावज्री महासितवती । यसरी रूप वेदना संज्ञा संस्कार र विज्ञानस्कन्ध धातु आयतन स्वभाव भएकी । यसरी देवताको विशुद्धिबाट विशेष गरी जान्नुपर्छ । त्यही समयी भएर यस विधिले मन्त्र जप्नू । जुन मन्त्राक्षर उच्चारण गरिन्छन्, तिनै देवतायोगद्वारा साध्यहरूको नाम किटेर शान्त मनले निरन्तर जप्नू ।

ज्वर विष बिमारी र लडाइँमा त्यस्तै डाकिनी भूत उच्छुष्मा नदी र शत्रुबाट दुःख भएमा, वज्र चट्याङ बादल पर्वत जङ्गल र बाटोमा सबै शङ्का निवारण गर्ने मन्त्र सधैँ सम्झनू ।

त्यसैमा क्रम–
सबै प्राणीको हितको लागि जसोतसो गरी आयु बढाउनको लागि प्रार्थना गर्नुपर्छ । प्राणीहरूको हितको लागि, राम्रो मण्डल बनाउँदै म पञ्चरक्षाविधान र स्वस्त्ययन लेख्छु । कल्याण गर्ने, राम्रो, गोबरले लिपेको, चँदुवा टाँगिएको, थरीथरीका कपडा झुण्ड्याइएको, चारैतिर बास्ना आउने पदार्थ खास गरी चन्दनले लिपिएको चोखो भूमिमा २८ अङ्गुलको मण्डल बनाउनू । त्यसपछि सेतो र रातो चूर्णले शान्तिकर्म राम्रो मानिन्छ । गट्टा र केशर भएको कमलको अष्टदल राख्नू । पाँचवटा कलश थापेर माला र वस्त्रले सुहाएको छत्र पताकायुक्त पालुवाले ढाकेको पुस्तक धर्मधातु अगाडि झुण्ड्याइएको पट फूल धूप चन्दन बलि नैवेद्य दूबो र कुन्द (माघे फूल) खास गरी सेतो फूल चढाउनू । दिशाविदिशामा विधिपूर्वक देवताहरूको पूजा गर्नू । चाकु र भात, सेतो फूल, खास गरी खीर गन्धर्वहरूलाई बलि दिएर पूर्वपट्टि राख्नू । कालो तिल रक्सी माछा मासु प्याज कुभिण्डो बलि दिएर दक्षिणपट्टि राख्नू । खीर दही दूध विशेष गरेर सालधूप पश्चिम दिशामा राखेर नागहरूलाई महाबलि दिनू । मास मुङ गहत भाँडोमा ऊखुको रक्सी हाली उत्तर दिशामा राखेर यक्षहरूलाई बलि दिनू । ईशान दिशाबाट थालेर बाटोसम्म सेतो रातो हरियो माला झुण्ड्याएर बीचमा सेतो भएको माला थरीथरीका फूलले बनाइएको माला दूध र रगतको कहतारो सालधूप चन्दन ती ती वस्तुको अर्घ दिएर पाइए जति फल र अफल (मिठाई) लड्डू मोदक सेल पीठोको परिकार आदि बताएअनुसार खास गरी खाँड हालेको दूध दक्षिणमा बलि राखेर अष्ट चिह्नले शोभायमान गर्नू ।

धर्मभाणक (बौद्ध ग्रन्थ पाठ गर्ने), आचार्य, कर्मवज्री (कर्माचार्य)ले स्नान गरी, चोखो वस्त्र लगाई, चोखो आसनमा बसी, मौली (मूलाचार्य)लाई पूर्वपट्टि राखी पाठ गर्न लगाउनू । पिण्डपात्र थाप्ने भिक्षुहरूको राम्रो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शीललाई प्रशंसा गरिन्छ । चोखो भई कुनै आचार्याङ्गुलिमाद्वारा पाठ गराउनू । एकचोटि थालेर २१ पटक दोहऱ्याउनू । थोरै वा धेरै पाठ भएमा राम्रो सिद्धि हुँदैन । धैर्य र वीर्यले सम्पन्न प्राणीहरूको करुणाको लागि उद्योग गरी त्यसद्वारा पहिलेका बुद्धले भनेका शान्तिस्वस्ति गर्नू । सेतो भाँडामा राखेको भातमा मासु नराख्नू । सबै शास्त्रमा मानिएको सबै निरामिष कुरा राखी उत्तरपट्टि फर्केर आचार्यले त्यहाँ काम थाल्नू । पहिले बताइएको देवताको आलम्बनतिर स्तोत्र पाठ गरी, पूजा गरी, घण्टा बजाएर भावना गर्नू । अनन्तगोचर, सत्य कुरा प्रकाश गर्ने, सत्यमा अडेर मानिसलाई मुक्त गर्ने हे मुनि, हजुरलाई नमस्कार । सबै इच्छा सफल होऊन् ।

हे पुरुषहरूमा श्रेष्ठ, नमस्कार । हे तथागतहरूलाई नमस्कार । हे सबै देवतालाई नमस्कार । हे धर्मधातु हजुरलाई नमस्कार । दूबो र कुन्द (माघे फूल)सहित साध्यको नाम किटेर देवताको शिरमा र धर्मधातुमा पूजा गर्नू । एकपल्ट मन्त्रको उच्चारण गरेर एकपल्ट योगद्वारा पूजा गर्नू । दश हजार कर्मले आयु बढ्छ, यो सर्वविदित छ । जुनसुकै प्रकारले पनि प्रार्थना गर्नू । मण्डल राज्य राष्ट्र गाउँ गोठ बगैँचा प्रवर्तन गर्नू (बनाउनू?) । अमनुष्यावतार (राक्षसको जन्म) रोग, मडक (महामारी), अनिकाल नाश हुन्छ । त्यस कामले सुकेका दाउराको पनि आफैँ रक्षा हुन्छ । मनले नचिताइने कामका दुःख जसको लागि गर्ने इच्छा गर्छ । त्यसपछि रक्षाविधानद्वारा पक्कै पनि रक्षा हुन्छ । वात पित्त, कफ र सन्निपातबाट उत्पन्न सबै रोग सधैँ शान्त हुन्छन् । पाठ र स्वाध्याय गर्नाले विघ्न पक्कै शान्त हुन्छ ।

पञ्चरक्षाविधान ।

२०७

वज्रशृङ्खलालाई नमस्कार ।

पहिले बताइएको विधिअनुसार हृदयमा चन्द्रमण्डलमा हरियो हुँकारको ज्ञानबाट निष्पन्न, **तीन मुख भएकी, ६ हात भएकी, बायाँ मुख नीलशुक्ल वर्णको, तीन आँखा भएकी, दायाँपट्टिका तीन हातमा क्रमशः वज्र शृङ्खल र बाण लिएकी, बायाँपट्टिका तीन हातमध्ये एक हात तर्जनीमुद्रामा र बाँकी दुइ हातमा क्रमशः पाश र धनु लिएकी, हरितश्याम वर्णकी, मुसुक्क हाँसेकी, सबै थरीका गहना लगाएकी**, दुष्ट प्राणीलाई मार्ने वज्रशृङ्खला भनी आफूलाई सम्झेर मुद्राबन्धन गर्नू । दुइ हातले अलगअलग वज्रमुष्टि गरेर कान्छीऔँला र चोरऔँलालाई शृङ्खलाको आकारले बन्ध गर्नू ।

ॐ वज्रशृङ्खले हुँ फट् स्वाहा ।

यो जपमन्त्र हो ।

वज्रशृङ्खलासाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२०८

पहिले बताइएको विधिअनुसार शून्यताको भावनापछि विश्वकमलसूर्यमा रहेको हरियो र श्याम हुँकारबाट उत्पन्न, **हरियो वर्णकी, तीन मुख भएकी, आठ हात भएकी, पहिलो मुख अलिकति हास्यरसमा भएकी, दायाँपट्टिको मुख पनि कैलो आँखा पनि कैलो भएकी, बायाँपट्टिको मुख रातो वर्णकी, आँखीभौँ तन्काएकोले र दाह्राले गर्दा डरलाग्दी भएकी, दायाँपट्टि चार हातमध्ये एक हात अभयमुद्रामा, अरू हातमा क्रमशः वज्र शृङ्खल र बाण लिएकी, क्रमशः बायाँपट्टिका चार हातमध्ये पहिलो हातमा रगत भरिएको कपाल (खप्पर) लिएकी, दोस्रो हात तर्जनीमुद्रामा भएकी, तेस्रो हातमा पाश र चौथो हातमा धनु लिएकी, ललिताक्षेपमा रहेकी, बिरालोको छाला ओढेकी, अमोघसिद्धि बुद्धले अङ्कित मुकुट लगाएकी, ठाडो र कैलो कपाल भएकी वज्रशृङ्खला**लाई सम्झेर

ॐ वज्रशृङ्खले हुँ फट् स्वाहा

मन्त्र जप्नू ।

यति अर्को शास्त्रअनुसारको वज्रशृङ्खलाको साधन ।

२०९

सबभन्दा पहिले मन्त्री (साधक)ले सुखासनमा बसी सबै धर्म शून्य छ भनी उच्चारण गरेर यसरी पहिलाबाट शून्य धर्महरू उत्पन्न हुन्छन् भनी दृष्टिसम्पत्तिको उत्पत्ति गरेर त्रिरत्नको शरण आदिमा जानू । यसपछि जति प्राणीहरूको सङ्ग्रह सत्त्वसङ्ग्रहद्वारा भएको छ, ती सबैलाई मैले सर्वज्ञज्ञानमा प्रतिष्ठापित गर्नुपर्छ । त्यसपछि हृदयमा विश्वदलकमल, त्यसमाथि सूर्यमण्डल, त्यसपछि हुँकारद्वारा निष्पन्न **वज्रशृङ्खलात्मक, सबै बन्धनको छेदन गर्ने, दुष्ट प्राणीलाई मार्ने, श्याम वर्णकी, तीन मुख भएकी, तीन आँखा भएकी, हरेक दोस्रो आँखा कैलो भएकी, आँखीभौँ तन्काएको बायाँ मुख भएकी, रातो दाह्राले डरलाग्दी भएकी, मुसुक्क हाँसेको पहिलो मुख भएकी, आठ हात भएकी, दायाँपट्टिको पहिलो हात अभयमुद्रामा भएकी, दोस्रो हातमा वज्र तेस्रो हातमा वज्रशृङ्खला[१] चौथो हातमा बाण लिएकी, बायाँपट्टिको पहिलो हातमा रगत भरिएको कपाल (खप्पर) लिएकी, दोस्रो हात तर्जनीमुद्रामा भएकी, तेस्रो हातमा पाश र चौथो हातमा धनु लिएकी, बुद्धमेघहरूलाई चम्काएकी, ललितासनमा रहेकी, बिरालोको छाला ओढेकी वज्रशृङ्खला**को भावना गर्नू । बोधि एकै छिनमा पाइन्छ, फेरि किन अरू सिद्धि चाहियो ।

ॐ वज्रशृङ्खले हुँ फट् स्वाहा ।

वज्रशृङ्खलासाधनोपायिका सिद्धियो ।

---

१ २०७ र २०८ साधनमा **वज्र** र **शृङ्खला** अलग अलग आयुध छन् । यहाँ **वज्रशृङ्खला** एउटै आयुध छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२१०

ध्वजाग्रकेयूरालाई नमस्कार ।

सबै विघ्न र डर हर्ने, ध्वजाग्रकेयूरालाई ढोगेर उहाँको साधनको सिद्धि म श्रद्धापूर्वक लेख्छु ।

सबभन्दा पहिले मुख आदि धोएर अनुकूल ठाउँमा सुखासनमा बसेर असल मैत्री आदिद्वारा मन शुद्ध भएको, दानपारमितामा लागेको मन्त्री (साधक)ले लडाइँमा मारको विध्वंस गर्ने तारिणीको भावना गर्नू ।

ॐ चन्द्रार्कविमले स्वाहा

भन्ने मन्त्र उच्चारण गरेर अकार आकारमा परिणत चन्द्रसूर्यको सम्पुटमाथि ध्वँकारका पहेँला रश्मिद्वारा आकाशमा बुद्ध र बोधिसत्त्वहरूलाई हेरी मानस फूल आदिले पूजा गरेर त्रिशरणगाथा पढ्नू । त्यसपछि

ॐ स्वभावशुद्धाः सर्वधर्माः स्वभावशुद्धोऽहम्

भन्ने मन्त्र उच्चारण गरेर मुहूर्तसम्म शून्यताको भावना गर्नू । त्यसपछि

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम्

भनी अहङ्कार उत्पन्न गरेर प्राणी आदिको उद्धार गर्ने आशयले प्रतिबिम्ब जस्तो चन्द्रसूर्यसम्पुटमाथि ध्वँकारका पहेँला रश्मिद्वारा अनन्त सत्त्वहरूलाई बुद्ध र बोधिसत्त्वको रूपले अलङ्कृत गरेर त्यसको हृदयमा पसेर फेरि आएर रश्मिसमूहलाई बीजमा पसिरहेको भावना गर्नू । त्यो सबैलाई परिणत गरेर लडाइँ तार्ने (लडाइँ जिताउने), **पहेँलो वर्णकी, राम्री, चार मुख र चार हात भएकी, रिसाही, प्रत्यालीढासनमा रहेकी, ठूलो पेट भएकी, कल्याण गर्ने, राता र बाटुला तीन आँखा भएकी, नीलो लुगा लगाएकी, खड्ग र चक्र दायाँ हातमा लिएकी, बायाँ हातमध्ये एउटा हात पाशसहित तर्जनीमुद्रामा र अर्को हातमा कृष्णवज्राङ्कित सेतो मुसल लिएकी, बायाँ अङ्गले त्रिशूल च्यापेकी, पहिलो मुख पहेँलो वर्णको, बायाँपट्टिको मुख रातोभन्दा फरक सेतो वर्णको, माथिल्लो मुख विकृत र ध्वाँसे रङ्गको भएकी, माथि रातो र पहेँलो जय बाँधेकी, पाँचवटा कपाल (खप्पर)ले युक्त**, पद्मसूर्यको बीचमा आफू स्थिर भएको भावना गर्नू । यसरी समयसत्त्वको निष्पादन गरेर सूर्यमा रहेको हृद्बीजको रश्मिद्वारा ज्ञानसत्त्वलाई ल्याई पूजा गरी जः हुँ बँ होः यी अक्षरद्वारा तानी प्रवेश गराई बाँधेर वशमा ल्याउनू । त्यसपछि तथागतहरूसँग याचना गर्नू–

अभिषिञ्चन्तु मां सर्वतथागताः

(सबै तथागतहरूले मलाई अभिषेक गर्नुहोस्)

त्यसपछि आफ्नो हृदयबाट निस्केको पञ्चामृतले भरिएको सुनको कलश हातमा भएका अक्षोभ्य आदि तथागतहरूले आफूलाई अभिषेक गरेको भावना गर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अभिषेकको गाथा यो हो–

त्रैधातुकहरूद्वारा नमस्कार गरिएको त्रिगुह्यालयबाट उत्पन्न सबै बुद्धको महावज्राभिषेक दिन्छु ।
ॐ सर्वतथागताभिषेकसमयश्रिये आः हुँ स्वाहा ।
सर्वतथागतभिषेकसमयश्रीलाई स्वाहा ।

त्यसपछि बाँकी रहेको पानी मुकुटमा परिणत गरेर अक्षोभ्यको उत्पत्ति हुन्छ ।
सत्यवादी दयालुले सधैँ मन्त्र दोहऱ्याउनू ।

ॐ भगवति ध्वजाग्रकेयूरे परसैन्यविध्वंसनकरि स्वसैन्यपरिपालनि ऊर्णामुखि ख ख खाहि खाहि परसैन्यम् अनन्तमुखेन अनन्तभुजेन प्रहर प्रहर हुँ हुँ फट् फट् स्वाहा ।
(शत्रुको फौजको नाश गर्ने, आफ्नो सेनाको पालना गर्ने, आँखीभौँको बीचमा ऊर्णा भएकी, हे भगवती ध्वजाग्रकेयूरा अनन्त मुखले शत्रुको फौज खानुहोस् खानुहोस्, अनन्त हातले हान्नुहोस्, हान्नुहोस् ।)
यो हृदयमन्त्र हो ।

ॐ सर्वग्रहनक्षत्रध्यामीकरणि स्वाहा ।
(हे सबै ग्रह र नक्षत्रलाई कालो पार्ने स्वाहा ।)

यो उपहृदयमन्त्र हो ।
मालामन्त्र त धारणीमा हेर्नुपर्छ ।
उठ्ने बेलामा
यहाँहरूले सबै प्राणीको लागि काम गर्नुभयो, त्यसपछि सिद्धि दिनुभयो, फेरि आउन बुद्धको स्थानमा जानुहोस् ।
यस मन्त्रले विसर्जन गरेर हिँड्नू ।

ध्वजाग्रकेयूरासाधन सिद्धियो ।

मध्यमकशास्त्रमा तेजिला पण्डित धर्माकरमतिको कृति यो हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२११

आर्योष्णीषविजयालाई नमस्कार ।

सबभन्दा पहिले मन्त्री (साधक)ले मुख धुने आदि काम गरेर सुखासनमा बसेर चतुर्ब्रह्मविहारको भावना गर्नू। त्यसपछि आफ्नो हृदयमा अकारमा परिणत चन्द्रमण्डलको ध्यान गरी त्यसमाथि सेतो भ्रुँकार हेरी त्यहाँबाट निस्केको रश्मिसमूहद्वारा संसारलाई उज्यालो पारेर अगाडि सबै बुद्ध र बोधिसत्त्वहरूको चिन्तना गरेर पूजा र पापदेशना आदि गर्नू । त्यसपछि ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम् । त्यसपछि फेरि पनि आफ्नो हृदयचन्द्रमा पँकारबाट उत्पन्न विश्वदलकमलको ध्यान गरेर त्यसमाथि चन्द्रबिम्बमध्यले बताएको भ्रुँकार हेरेर त्यसबाट परिणत **चैत्यभित्र रहेकी, सेतो वर्ण भएकी, तीन मुख भएकी, तीन आँखा भएकी, आठ हात भएकी, सबै गहनाले सिँगारिएकी, विश्वदलकमलचन्द्रमामाथि वज्रपर्यङ्कासन बाँधेर बसेकी, पहिलो मुख सेतो वर्णको भएकी, दायाँपट्टिको मुख पहेँलो वर्ण भएकी, बायाँपट्टिको नीलो वर्ण भएकी, दाह्राले ओठ टेकेकी, दायाँपट्टिका चार हातमध्ये तीन हातमा विश्ववज्र रातो कमलमा रहेका अमिताभ बुद्ध र बाण लिएकी, एक हात वरदमुद्रामा भएकी, बायाँपट्टिका चार हातमध्ये एक हातमा धनु लिएकी, अर्को हातमा तर्जनीमुद्रामा पाश लिएकी, अर्को हात अभयमुद्रामा भएकी र झन् अर्को हातमा भद्रघट लिएकी, वैरोचन[को आकृति भएको] मुकुट लगाएकी, राम्रो लुगा लगाएकी, उत्तरीय (ओढ्ने) ओढेकी, सेतो चहक भएकी उष्णीषविजयाको** ध्यान गर्नू ।

उहाँको दायाँपट्टि लोकेश्वर, लोकेश्वरले बायाँ हातमा कमल लिएको, दायाँ हातमा चमर लिएको । बायाँपट्टि नीलकमलको पात जस्तो श्याम वर्ण भएका वज्रपाणि, उहाँको बायाँ हातमा नीलकमलमा रहेको वज्र लिएको र दायाँ हातमा चमर लिएको । उहाँहरू दुवै जना बसेको भावना गर्नू । त्यसपछि पूर्व दक्षिण पश्चिम र उत्तरदिशामा अचल टक्किराज नीलदण्ड र महाबल छन् । नील वर्णका, दुइ हात भएका, एक मुख भएका, तीन आँखा भएका, प्रत्यालीढासनमा बसेका, बाघको छाला लगाएका, ठाडो कपाल भएका, अष्टनागलाई गहना बनाएका, विश्वदलकमलसूर्यलाई थिचेका, बायाँ हातमा तर्जनीमुद्रामा पाश समाएका, दायाँ हातमा खड्ग अङ्कुश वज्र र दण्ड भएका सबैको भावना गर्नू । माथि शुद्धावासकायिक देवपुत्रहरूले पूर्णकलशबाट अमृत बर्साइरहेको चिन्तना गर्नू ।

यसरी सपरिवार भगवतीको ध्यान गरेर न्यास गर्नू । ॐ शिरमा, आः घाँटीमा, हुँकार हृदयमा, त्राँ निधारमा, ह्रीः नाभिमा, अं अः दुइ खुट्टामा । त्यसपछि हात जोडेर दुइटा चोरऔंला खुम्च्याएर मुद्राबन्ध गर्नू । दुवै बूढीऔंलाले साधुकार (धन्यवाद) दिएर तीनवटा ॐकार भएको धारणी एकपल्ट पढेर पछिबाट मुद्राबन्धन नगरीकन दोहऱ्याउनू ।

ॐ भ्रु स्वाहा –हृदयमन्त्र ।

ॐ अमितायुर्ददे स्वाहा –उपहृदयामन्त्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ अमिते अमितोद्भवे अमितचक्रान्ते अमितगात्रे अमितगामिनि अमितायुर्ददे गगनकीर्तिकरि सर्व्वक्लेशक्षयंकरीये स्वाहा –यो मालामन्त्र ।

आर्योष्णीषविजयासाधन सिद्धियो ।

२१२

संसारका मालिक, ध्यानमा लागेका, संसारका प्यारा पद्म[पाणि]लाई ढोगेर आफ्नो सम्झनाकोलागि साधन भएको उष्णीषाराधन भन्नेछु ।

कुनै ठाउँमा, विहारमा अथवा राम्रो पहाड आदिमा सुकुमारासनमा बसेको योगी(साधक)ले मनमा विचार गर्नू । प्राणीहरूको कल्याण गर्ने, भ्रूँकारसहितका, चमक आइरहेकालाई उहाँको प्रकाशद्वारा तीन यानमा रहेका बुद्धको पूजा गर्नू । उपदेश जान्नेले यिनीहरूको अगाडि पूजा गरेर शरीर आदि कर्मबाट भएको र गरेको आदि भेदबाट उत्पन्न पापदेशना गर्नू । अनुमोदन गर्नुपर्ने, त्यसबाट उत्पन्न सबै कल्याणको शोधन गर्नू । प्रपञ्चसहित त्रिरत्नको शरणमा क्रमपूर्वक जान्नू । बोधिसिद्धि नभएसम्म उपदेश दह्रो पारी प्राणीहरूलाई दया गरेर बोधिचित्तको अवलम्बन गरेर भावना गर्नू । निरालम्ब निःस्वभाव आकाशधातु जस्तो बनाइयो । आकारबाट उत्पन्न कमलमा रहेको त्यस चन्द्रमण्डलमा त्यसको बीजबाट उत्पन्न **तीन मुख भएकी, तीन आँखा भएकी, भरखरकी, शृङ्गार आदि रसको ठाउँ भएकी, सबै बुद्धका गुण भएकी, सबै प्रकारका गहना लगाएकी, किरणको लहरले सबै दिशालाई ढाकेकी, शरद् ऋतुको आकाश जस्ती, सुनको चहक भएको आकार भएकी, दाहिनेपट्टिको मुख शान्त र उज्ज्वल भएकी, प्रलयकालको बादल जस्तो डरलाग्दो र तीखो मुख भएकी, दाहिने हातमा विश्वहृदयमा टाँसिएको वज्र लिएकी, दोस्रो हातमा कमलमा बसेको बुद्ध लिएकी, अर्को हातमा बाण लिएकी, चौथो हात वरदमुद्रामा भएकी, बायाँपट्टि क्रमशः तर्जनीमुद्रामा पाश समाएकी, बाण लिएकी, एठ्य हात अभयमुद्रामा भएकी, पूर्णकलश लिएकी, चैत्यभित्र रहेकी देवी**को ध्यान गर्नू । उहाँको हृदयमा रहेको उत्तम बीजसहितको कमलको ध्यान गर्नू । त्यसको सेतो चहकको समूहद्वारा चोदनाशीलित आकाश, महाव्यूहरूपका बुद्धमेघ र बोधिसत्त्वहरूद्वारा चारैतिर आकाश । मन्त्रद्वारा ठूलो कृपा गर्ने, तीनै यानमा रहेका, सधैँ अभिषेक दिने भनी प्रयत्न गरी चिन्तना गर्नुपर्छ । चैत्यको अन्तर्गत चहकिलो त्राम् आकार भएको हुँ ह्रीः अं अः यति बीजसमूहलाई क्रमैसँग शिखा निधार र घाँटीमा रहेको, हृदय नाभि र खुट्टामा रहेको चन्द्रमण्डलको बीचमा रहेका महेश्वरलाई योगी(साधक)ले ध्यान गर्नू । शरद् ऋतुको चन्द्रमाको किरण जस्तो आकार भएका, चम्किरहेको सूर्य जस्ता, पद्मवज्रबाट उत्पन्न, **दाहिने हातमा चमर लिएका, उहाँ (उष्णीषविजया)को पार्श्वमा दायाँ र बायाँ हातमा कमल र वज्र लिएका, अगाडिपट्टि केकर, दायाँपट्टि अतिउग्र टक्किराज, पछाडिपट्टि नीलदण्ड, बायाँपट्टि महाबललाई राख्नू । कृपाण अङ्कुश वज्र र दण्ड हातमा लिएका । बिजुली चम्केको जस्तो र प्रलयको बादल जस्तो आवाज भएका, ग्रीष्म ऋतुको सूर्य हेर्दा दुष्टको प्राण हर्ने यिनीहरू । दायाँपट्टि तर्जनीमुद्रामा पाश**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

समाएका, बायाँपट्टिको हात उठाएका र ज्वालाको लहर भएकालाई विश्वपद्मसूर्यमण्डलमा ध्यान गर्नू । योग जान्ने मन्त्री(साधक)ले यसरी रातोदिन भावना गऱ्यो भने उसले छिटै वज्रयानको प्रवर्तन गर्ने बोधि पाउँछ ।

यति उष्णीषविजयासाधन ।

२१३

वसुधारालाई नमस्कार ।

पहिले जस्तै शून्यतासम्म भावना गरी आफूलाई भट्ट जम्भलको रूप मानेर आफ्नो हृदयमा चन्द्रमण्डलको बीचमा वँकारबीजबाट उत्पन्न, **सुनौला वर्ण भएकी, सबै गहना लगाएकी, १६ वर्षकी, दायाँ हात वरदमुद्रामा भएकी, बायाँ हातमा धानको बाला र अक्षोभ्यलाई लिएकी भगवती वसुधारालाई, अगाडि भगवती श्रीवसुन्धरालाई, दायाँतिर वसुश्रीलाई, पछाडि वसुमुखीलाई, बायाँपट्टि वसुमतिश्रीलाई।** पहिलो अक्षरको बीज भएका, आफ्नो नायिकाको जस्तो रूप भएका यिनीहरूको चिन्तना गर्नू । यसरी भावना गरेर मन्त्र पढ्नू–

> ॐ वसुधारिणि स्वाहा, ॐ वसु स्वाहा, ॐ वसुश्रिये स्वाहा, ॐ वसुमुखि स्वाहा, ॐ वसुमतिश्रिये स्वाहा ।

दुइ हात नापो भएको चतुष्कोणमण्डल दिनकादिन गोबरले बनाई बास्ना आउने फूलहरूले पूजा गरेर ६ महीनासम्म तीनै सन्ध्यामा चार हजार मन्त्र जप्नेहरूको मनको इच्छा पूरा हुन्छ । पाए जति फूल चार लाख होम गर्दा ठूलो ऐश्वर्य हुन्छ ।

यति वसुधारासाधन ।

२१४

अनि वसुधाराको भावना गर्ने इच्छा हुँदा पहिले जस्तो सबै तर छैटौँको तेस्रो बीज अर्धचन्द्रको बिन्दुले अलङ्कृत, त्यसैद्वारा निष्पन्न **पहेँलो वर्णकी, धानको बाला र नाना थरीका रत्न बर्साउने कलश बायाँ हातमा लिएकी, दायाँ हात वरदमुद्रामा भएकी, सबै गहनाले सिँगारिएकी, सँगिनीहरूले घेरिएकी वसुधारा** म नै हुँ भनी भावना गर्नू । **दुइ हातले मुट्ठी बाँधेर माझी र साहिँलीऔँलाको आँख्ला मोडिएको वसुधारामुद्रा** यो हो । त्यसपछि जप गर्नू–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ श्रीवसुनिधानक्षेत्रे स्वाहा ।

पटमा भएकी भगवतीलाई अवतरण गराई ठूलो पूजा गरेर भावना गरी सुत्नू । त्यसपछि भगवती सिद्धि हुन्छ ।

वसुधारासाधन ।

२१५

पहिले बताइएको विधानअनुसार पहेँलो वँकारमा परिणत, **दुइ हात र एक मुख भएकी, पहेँलो वर्णकी, भरखरकी, गहना र लुगाले सिँगारिएकी, धानको बाला र थरीथरीका रत्न बर्साउने कलश बायाँ हातमा लिएकी, दायाँ हात वरदमुद्रामा भएकी, अनेकन् सँगिनीले घेरिएकी, विश्वपद्मचन्द्रासनमा रहेकी, रत्नसम्भव[को आकृति भएको] मुकुट लगाएकी, आफ्नो बीजको हृदय भएकी वसुधारा**लाई झट्ट निष्पादन गरेर मुद्राबन्ध गर्नू । दुइ हातले मुट्ठी पारेर माझी र साहिँलीऔँलाको आँख्ला मोडिएको वसुधारामुद्रा हो । त्यसपछि

ॐ वसुधारा रत्ननिधानक्षेत्रे स्वाहा ।

भन्ने मन्त्र जप्नू ।

वसुधारासाधन ।

२१६

वसुधाराको पट वा प्रतिमाको अगाडि चन्दनले चतुष्कोणमण्डल बनाई त्यहाँ भगवतीलाई मनमा राखी पूजा गरेर चन्दन लिपेको हातले वसुधाराधारणीको पुस्तक र धागोमा गाँथिएको फूलको मालालाई अगाडि राखिएको पानीको भाँडाले सिँची सबै प्राणीमा महामैत्रीचित्तको आलम्बन गरी मन परेको कुराको सिद्धिको लागि मनमा राखेर वसुधाराधारणी पाठ गर्नू । पाठ गर्दै मन्त्रको अन्त्यमा स्वाहा शब्दको उच्चारण गर्दै सेतो फूल दूबो अक्षता पानीको भाँडोमा ६ महीनासम्म राख्नू । पाठ सिद्धिएपछि चोखो ठाउँमा त्यो पानी विसर्जन गर्नू ।

वसुधाराधारणीको उपदेश ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२१७

वज्रवाराहीलाई नमस्कार ।

बिहान उठी मुख धुने आदि काम गरी योगी(साधक)ले मुखमा समयगुलिका राखी पहाडको गुफा आदि राम्रो ठाउँमा विश्ववज्रासनमा बसी आलिकालि[१०] तीनचोटि उच्चारण गरी म वज्रवाराही हुँ भनी त्यही आकारको सबै जगत् गर्नेछु भनी निश्चय गरेर आफ्नो हृदयकमलको सूर्यमा रातो वँकार हेर्नू । प्रलयकालको अग्नि जस्ता खपिनसक्ना, त्यसका राता रश्मिद्वारा अकनिष्ठ भुवनमा रहेकी, भनिएअनुसारका हात र आयुध भएकी वज्रवाराहीलाई गुरु बुद्ध र बोधिसत्त्वहरूलाई ल्याएर आकाशमा अगाडि राखी हृदयको रश्मिबाट निस्केका पूजाहरूद्वारा पूजा गरी उहाँको अगाडि पापदेशना पुण्यानुमोदना पुण्यपरिणामना त्रिशरणगमन बोधिचित्तोत्पाद आदि गरी चतुर्ब्रह्मविहारको भावना गरेर त्यसपछि

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम्

भन्ने मन्त्रको अर्थ अगाडि ल्याई पुरानो एकाग्रताले गर्दा एक मुहूर्त अप्रतिष्ठित रूपमा रहनू । समाधिबाट उठेर आकाशमा यँ रँ लँ वँ मा परिणत धनु जस्तो त्रिकोण बाटुलो र चारपाटे, हरियो नीलो रातो र सेतो चतुर्महाभूतमण्डलहरूलाई माथि माथि हेर्नू । त्यसमाथि सुँकारबाट उत्पन्न, चारपाटे, चार थरी रत्नले बनेको, आठवटा चुचुरोले सुहाएको सुमेरुको चिन्तना गरेर त्यसमाथि

ॐ मेदिनी वज्रीभव वज्रबन्ध हुँ, ॐ वज्रप्राकार हुँ वँ हुँ, ॐ वज्रपञ्जर हुँ पँ हुँ,
ॐ वज्रवितान हुँ खँ हुँ, ॐ वज्रशरजाल त्राँ शँ त्राँ, ॐ वज्रज्वालानलार्क हुँ हुँ हुँ

यी मन्त्रद्वारा वज्रभूमि आदि ६ वटा बनाएर त्यसभित्र चारपाटे आदि सबै लक्षणले युक्त कूटागारको चिन्तना गरी त्यसको बीचमा रातो पँकारबाट उत्पन्न अष्टदल भएको कमल त्यसको गट्टामा आलिकालिमा परिणत चन्द्र र सूर्यको सम्पुटको बीचमा रातो वज्रअन्तर्गत रातो वँकार प्रकृतिले चम्किरहेको हेर्नू । यी सबै परिणामद्वारा **दारिमको फूल जस्ती, दुइ हात भएकी, दायाँ हातले तर्जनीमुद्रामा वज्र समाएकी, बायाँ हातले करोटक (खप्परविशेष) र खट्वाङ्ग लिएकी, एक मुख भएकी, तीन आँखा भएकी, कपाल छोडेकी, ६ थरी मुद्रामा रहेकी, निर्वस्त्र, पञ्चज्ञान भएकी, सहजानन्द स्वभाव भएकी, प्रत्यालीढासनमा रहेको खुट्टाले भैरव र कालरात्रिलाई ऐँचेकी, आलो मुण्डमालाले शरीर सिँगारिएकी, चुहिरहेको रगत पिइरहेकी भगवती वज्रवाराही**को भावना आफूमा गर्नू ।

त्यसरी पूर्व आदिमा राखिएका चारवटा पद्मपत्रमा क्रमैसँग बायाँबाट कृष्ण श्याम रातो र गोरो वर्णका डाकिनी, लामा, खण्डरोहा र रूपिणी, एक मुख भएका, चार हात भएका, बायाँ हातमा कपाल (खप्पर), खट्वाङ्ग कपाल

---

१० आलि = स्वरवर्ण र अर्धस्वरवर्ण । कालि = व्यञ्जन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(खप्पर) लिएका, दायाँ हातमा डमरु र कर्त्री लिएका, तीन आँखा भएका, कपाल छोडेका, निर्वस्त्र, आलीढासनमा रहेका, पञ्चमुद्रा (चक्री, कुण्डल, कण्ठिका, रुचक, मेखला)ले अलङ्कृत उहाँहरूको भावना गर्नू । विदिशामा राखिएका पातमा चारवटा बोधिचित्त आदिले भरिएका कपालको चिन्तना गर्नू ।

त्यसपछि भगवतीको हृदयबीजबाट निस्केका रश्मिद्वारा जःकारले ज्ञानचक्र ल्याएर हुंकारले आफ्नो समयको चक्रजलमा पानी जस्तै पसाएर वँकारद्वारा बाँधेर होःकारले सन्तुष्ट पार्नू । त्यसपछि भ्रुँ हुँ खँ आः डाँ डँकारद्वारा आयतनहरू बुझाउनू । ६ जना देवीहरूद्वारा शुद्ध मन्त्रका पदद्वारा भगवतीलाई कवचबद्ध गर्नू । ॐ वँ नाभिमा, हाँ याँ हृदयमा, ह्रीँ मोँ मुखमा, ह्रेँ ह्रीँ शिरमा, हुँ हुँ शिखामा, फट् फट् सर्वाङ्गमा अस्त्र हुन्छ । त्यसपछि भगवतीको काय वाक् चित्तपथमा ॐ आँ हुँ भनी अर्पण गर्नू । ध्यान गर्दा थकाइ लाग्यो भने मन्त्र जप्नू । त्यहाँ मन्त्र–

ॐ वज्रवैरोचनीये हुँ हुँ फट् स्वाहा ।

तीनै सन्ध्यामा बलिद्वारा भगवतीको भावना गर्नू । भावना गर्दै भगवतीको रूपले सधैँ विहार गर्नू ।

वज्रवाराहीसाधन सिद्धियो ।

यो कृति महापण्डित अवधूत श्रीअद्वयवज्रको हो ।

२१८

वज्रवाराहीलाई नमस्कार ।

कुबुद्धि नाश गर्न सिपालु, दुर्वाच्य बोल्नेको पक्ष लिनेलाई नष्ट गर्ने, विष लागेर मरेका मानिसको समूहलाई सजिलैसँगै मोक्ष दिने, शान्ति र सुखले समृद्ध वज्रवाराहीदेवीलाई ढोगेर कोकदत्तले उहाँको समूहको विषयमा लेख्छन् ।

त्यहाँ आधा प्रहर रात बाँकी रहँदा विधिपूर्वक उठेर कुनै श्मशान आदि अनुकूल भएको ठाउँमा असल चन्दन आदिले लिपिएको, थरीथरीका फूलको थुप्रोले शोभा भएको, साक्षात् शवासनमा वा आनन्दसँग बसी मैत्री आदि भावनापूर्वक आफ्नो मनमा अँकारबाट उत्पन्न सूर्यमण्डलमा सेतो ह्रीःकारबाट उत्पन्न रश्मिसमूहद्वारा प्रकाश पारी वज्रवाराही आदि गुरुयोगिनी बोधिसत्त्व तथागतहरूलाई यथास्थानमा अगाडि देखेर हृद्बीजबाट निस्केका प्रचण्डा चण्डाक्षी प्रभावती महानाशा वीरमती खर्वरी लङ्केश्वरी र द्रुमच्छाया आठ चित्तचक्रद्वारा, ऐरावती महाभैरवा वायुवेगा सुराभक्षी श्यामादेवी सुभद्रा हयकर्णा र खगानना आठ वाक्चक्रद्वारा, चक्रवेगा खण्डरोहा शौण्डिनी चक्रवर्मिणी सुवीरा महाबला चक्रवर्तिनी र महावीर्या आठ कायचक्रद्वारा नीलो रातो र सेतो वर्ण भएका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अक्षोभ्य अमिताभ वैरोचनलाई शिरमा धारण गरेका, चन्द्रासनमा रहेका, तीन आँखा भएका, पञ्चमुद्रा (चक्री, कुण्डल, कण्ठिका, रुचक, मेखला) धारण गरेका, वज्र पद्म चक्र र कपालमाला, शिरमा तीन शिखा बाँधेका, हातमा कर्त्री कपाल खट्वाङ्ग लिएका र पूजा गर्नको लागि अर्घ आदि दिई पूजा गरी वन्दना पापदेशना अकरण संवर पुण्यानुमोदना त्रिशरणगमन बोधिचित्तोत्पाद मार्गाश्रयण आत्मभावनिर्यातना अध्येषणा याचना विधिपूर्वक गरी पुण्यपरिणामना गरी शून्यताज्ञान पाउन शिरमा सम्पुटाञ्जलि गरेर गाथापाठपूर्वक तथागतहरूको अध्येषणा गर्नू । यो गाथा हो–

ॐ सर्वतथागताः शंसिताः सर्वसत्त्वानां सर्वसिद्धयः संपद्यन्तां सर्वतथागताश्चाधितिष्ठन्तु । (स्तुति गरिएका सबै तथागतहरूले सबै प्राणीहरूका सबै सिद्धि गरिदिनुहोस् । सबै तथागतहरू अधिष्ठान गर्नुहोस् ।)

ॐ स्वभावशुद्धाः सर्वधर्माः स्वभावशुद्धोऽहम् ।

त्यसपछि पूजा गर्नुपर्ने, पूजा गर्नेहरूलाई सबै धर्मलाई पनि शून्यानिमित्ताप्रणिहिताकारले स्वप्नप्रत्यय जस्तै प्रत्यात्मवेद्यलाई अधिमुञ्चन गरी हृन्मन्त्रको किरणसमूहद्वारा निराभास गरेर

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम् भनी आफूलाई ठान्नू ।

त्यसपछि आफ्नो चित्तलाई रातो पँकार रूपले निष्पन्न त्यसलाई परिणाम गरेर रातो कमलमाथि अँकारबाट उत्पन्न सूर्यमण्डलमा सेतो हुँकारले सूर्यमा रहेको ह्रीःकारमा अधिष्ठित रातो पञ्चसूचिक वज्रको ध्यान गरेर स्फुरण र संहरणपूर्वक त्यसबाट परिणत १६ वर्षकी, शरद् ऋतुको चन्द्रमा जस्तो सेती, राता र बाटुला तीन आँखा भएकी, मुखबाट अलिकति निस्केको दाह्राले डरलाग्दी भएकी, थरीथरीका फूल लगाएको शिरमा कपाल छोडेकी र आधा कपाल बाटेकी, दुइवटा कृष्ण वर्णका वज्रावलीको बीचमा राखिएको कपालमालाले तीन शिखा बाँधेकी, चक्री कुण्डल कण्ठिका रुचक मेखलाले सिँगारिएकी, सुहाएका तीन पताकाले उज्ज्वल, दायाँ हातमा रहेको पहिले बताइएको वज्रद्वारा अज्ञानपुरुषको डरको अनुविधान गर्ने, बायाँ हातले तल एउटा सूचिक माथि काला पाँचवटा सूचिक सेतो दण्डको तलतिर सुकेका र आला मुण्डहरू, विश्ववज्र सुनको कलशको मूलबाट निस्केको आवाज आइरहेको साना घण्टीसहित विश्वपताकाले विराजित हातमा नजोडिएको खट्वाङ्ग, चार जना मार[११]को रगतले भरिएको पद्मपात्र[१२] धारण गरेकी, चुहिरहेको रगतले भिजेको आन्द्रामा गाँथिएका पचासवटा मुण्डको माला लगाएकी, रातो कमलमाथि सूर्यमा रहेको अज्ञानपुरुषमाथि आलीढपदमा रहेकी, निर्वस्त्र, कडा सूर्यको चहक भएकी, स्फुरद्रोममालिनी (चम्किएको रौँ भएकी?) प्रतिविम्ब, शृङ्गार आदि रसले युक्त थरीथरीका निर्माणद्वारा दश दिशामा जगत्लाई उपयोगी, सूर्यमा रहेको ह्रीःकारमा अधिष्ठित सूर्यमा रहेको वज्रहृदय भएकी वज्रवाराही भनी आफूलाई

---

११ क्लेशमार, स्कन्धमार, मृत्युमार र देवपुत्रमार ।

(फ्र्याङ्क्लिन एजर्टन २०१० मा मार)

१२ मूलमा पद्मभाजन छ, *हेवज्रतन्त्र*को टीकाअनुसार पद्मभाजन भनेको कपाल हो (व्रजवल्लभ द्विवेदी र ठिनलेराम शाशनी, २०७४ मा पद्मभाजन)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सम्झनू । त्यसपछि हृद्बीजबाट उत्पन्न रश्मिको समूहद्वारा सबै प्राणीलाई त्यस रूपमा पुऱ्याएर आफूमा पसाएर म नै भगवती वज्रवाराही हुँ भनी भावना गर्नू ।

त्यसपछि आफ्नो नाभिमा विश्वपद्ममा रातो सूर्यमण्डलमा सेतो ह्रीःकार हेरेर अक्षसूत्रको आकार भएको सेतो त्यस मन्त्रमालालाई चक्रभ्रमणयोगद्वारा मुखको प्वालबाट निकालेर बुद्धगुणको समूह मणि मन्त्रौषधि चन्द्र तारा लिपि शास्त्र कला आदिको प्रभाव लिएर नाभिको प्वालमा पसेकी, आफन्त र पराईका सबै अज्ञान डढाउने भनी ध्यान गर्नू । त्यसपछि हृदयबीजको रश्मिद्वारा प्रेरित आकाशमा रहेकी ज्ञानदेवीलाई अगाडि हेरेर पहिले बताइएअनुसारका देवीका समूहहरूले अर्घ आदिद्वारा पूजा गरी फेत्कारमन्त्रको पाठ गरी ज्वालामुद्रा बाँधी निधारमा बायाँपट्टिबाट घुमाएर उहाँलाई आवाहन गर्नू । त्यहाँ एउटै पारेर मन्त्रद्वारा आफू वज्रवाराही भएको ठान्नू । त्यहाँ यो मन्त्र–

ॐ योगशुद्धाः सर्वधर्माः योगशुद्धोऽहम् ।

त्यसपछि त्यसको हृद्बीजबाट प्रेरित, आकाशमा रहेका अक्षोभ्य आदि तथागतलाई ल्याएर पञ्चामृतले भरिएका पञ्चतथागतात्मक ती कलशद्वारा त्यसद्वारा बनाइएका नाना थरीका बाजा शङ्ख मृदङ्ग पणव (कठताल) वीणा बाँसुरी गीतका आवाजद्वारा जयजयकार गर्ने, केशर कपूर कस्तूरी बास्ना आउने फूल बर्साउने देवता र दैत्यहरूद्वारा जसरी जन्मनेबित्तिकै सबै तथागतको स्नान गराइयो, त्यसै गरी म शुद्ध भएर दिव्य पानीद्वारा स्नान गराउनेछु भन्ने गाथा पढ्ने देवीहरूद्वारा आफूलाई अभिषेक गरेर

ॐ सर्वतथागताभिषेकसमयश्रिये हुँ

भन्ने यस मन्त्रद्वारा अधिष्ठान गरेर विश्वपद्मसूर्यमा रहेकी, शिरमा अक्षोभ्य रहेकी उहाँको चिन्तना गर्नू । त्यसपछि उहाँले बनाएका प्रचण्डा आदि देवीहरूद्वारा उहाँले तयार गरेका थरीथरीका पूजाद्वारा आफूलाई पूजा गरी बताइएअनुसार अमृत चाखी इच्छा भएसम्म ध्यान गरी स्फुरण र संहरण गरेर चाँडो आदि दोष नभएको मन्त्र जप्नू । यो मन्त्र हो–

ह्रीः

उठ्न मन लाग्यो भने मन्त्रमालालाई नाभिमा रहेको ह्रीःकारमा अन्तर्भाव गरी पूजापूर्वक प्रणिधान गरी पुण्यपरिणामना गरी एक सय अक्षर तीनपल्ट उच्चारण गरेर देवी म नै हुँ भनेर सबै धर्म उहाँकै रूपमा पुगेका हुन् भन्ने हेरेर आनन्दपूर्वक विहार गर्नू ।

सय अक्षर भएको मन्त्र यो हो–

(ॐ आः) ॐ वज्रसत्त्व समयमनुपालय वज्रसत्त्वत्वेनोपतिष्ठ दृढो मे भव सुतोष्यो मे भव सुपोष्यो मे भव अनुरक्तो मे भव सर्वसिद्धिं मे प्रयच्छ सर्वकर्मसु च मे चित्तं श्रेयः कुरु हुँ हहहह होः भगवन् सर्वतथागतवज्र मा मे मुञ्च वज्रीभव महासमयसत्त्व आः हुँ

(हे वज्रसत्त्व, समयलाई अनुपालन गर्नुहोस्, वज्रसत्त्वभावबाट उपस्थान गर्नुहोस्, मेरो लागि दह्रो हुनुहोस्, मेरो लागि सन्तुष्ट हुनुहोस्, मलाई पोस्नुहोस्, मसँग अनुरक्त गर्नुहोस्,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मलाई सबै काममा सबै प्रकारका सिद्धि दिनुहोस्, मेरो चित्तलाई कल्याण गर्नुहोस् । हे भगवान् सर्वतथागतवज्र, मलाई नछोड्नुहोस् । हे महासमयसत्त्व, वज्र हुनुहोस् ।)

सन्ध्यान्तरमा पनि देवीको आकारलाई झट्ट अभिमुख गरी पूजा आदि गरी मन लागे जति भावना गरी पहिले जस्तै मन्त्र जपेर पहिले जस्तै सबै काम गर्नू । आधा रातमा पहिले जस्तै सबै काम गरी सुत्ने बेलामा शिरमा गुरु बुद्ध र बोधिसत्त्वलाई देखी पूजा गरेर अष्टाङ्गपात प्रणाम गरेर सिंहशय्यामा (दायाँ कोल्टे गरेर) सुत्नू । त्यसपछि बिहान सबेरै देवीले ब्युँझाएपछि पहिले जस्तै सबै गर्नू । अथवा यही क्रमले कुनै ठाउँमा शवपर्यङ्कमा सुखासनमा बसी सबै प्राणीलाई दया गरी पापदेशनाबाट थाली बोधिचित्तोत्पादसम्म आःकारमा परिणत कमलको पातको आकार भएको आफ्नो जिभ्रोमा चम्किरहेको ह्रीःकारको भावना मन लागेसम्म गरी स्थिर गरी पचास दाना भएको अक्षसूत्रको मालाले तीनै सन्ध्यामा वा चारै सन्ध्यामा योगी (साधक)ले जप गर्नू । सुत्न मन लागेपछि पहिले बताइएको विधिअनुसार सुत्नू । यसरी विधिपूर्वक जप र भावना गरी आज्ञा पाएपछि अष्टलोकधर्मबाट मुक्त भई श्रद्धा गरी समयसंवरमा रही दयालु भई कल्याणमित्रको आराधनमा तत्पर भएर योगीले सात लाख जप गरे सबै शास्त्र र कलाको समूहमा ऊ ज्ञानी हुन्छ, मेधावी शूरो विद्वान् सभामा दबाउन नसकिने र बोलक्कड हुन्छ, ज्वर बिष डाकिनीहरूले नदबाइने हुन्छ, जे खान्छ त्यो अमृत हुन्छ । यो मन्त्रजप सिद्ध भएपछि यस मन्त्रले मन्त्रिएको खरी जसको हातमा दिइन्छ, त्यो मूर्ख पनि कवि हुन्छ । त्यसको गन्धले मात्र पनि सर्पहरू नजीक आउँदैनन् । यी उपद्रव भोगेकाहरूले अरूहरूको पनि सबै उपकार गर्न सक्ने हुन्छन् । धेरै भनेर के काम । जडबुद्धि भएको मैले पनि शास्त्रमा दुःख नगरीकन मन एकाग्र नगरी यो मन्त्र दुइ लाख जपेपछि यो प्रज्ञालोकसाधन बनाएँ । जो मानिसहरूको चित्त स्थिर छ, पछि बताइएका गुणद्वारा युक्त हुन्छन्, तिनीहरूलाई त ठूलो सिद्धि हुन्छ ।

प्रज्ञालोकसाधन सकियो ।

२१९

प्राणीहरूलाई वशमा गरेर चतुरार्यसत्यमा ओह्राल्नको लागि वश्यविधि कहिन्छ । त्यसपछि माथि बताइएको क्रमअनुसार निष्पन्न भगवतीलाई यसरी रातो बीजको चिह्नको परिणामबाट रातो वर्ण भएकीको भावना गरी पूजा गरेर अक्षोभ्यवज्र इत्यादि गाथाहरूद्वारा स्तुति गर्नू । त्रितत्त्वबाट निस्केको उँधोमुन्टो गरी राखिएका तीनवटा करोट (खप्परविशेष)माथि रातो आःकारबाट उत्पन्न वज्रपद्मभाण्डमा दश समयलाई १६ स्वर र ककार आदि ३४ व्यञ्जनद्वारा अधिष्ठित तल यँ रँमा परिणत वायु र अग्निमण्डलद्वारा अग्निज्वाला तापेर समयमा राखिएको बीजको रश्मिबाट चोदना गरिएको तथागतसमूहलाई ल्याई त्यहाँ अन्तर्भावना गरेर पहिलो स्वरबाट उत्पन्न चन्द्रमाथि हुँकारबाट उत्पन्न चन्द्रमामा रहेको, त्यसमा अधिष्ठित सेतो पञ्चसूचिक वज्रबाट चम्किएको रश्मिसमूहद्वारा वज्रधरलाई पनि चन्द्रवज्रमा पसाउनाले उत्पातकता विचिकित्सा आदि दोष हटेमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसमाथि ॐकारको ध्यान गरी त्यसका किरणद्वारा अमृत रूपमा पुगेका तथागतहरूलाई नाना लोकको धातुमा रहेको अमृतलाई पनि त्यहाँ पसाएर ॐकारको प्रवेशद्वारा यथावद् निष्पन्न अमृत हेरेर तीनपटक त्रितत्त्वद्वारा अधिष्ठान गरी विधिपूर्वक अमृत चाखी मन लागे जति भावना गरी आफ्नो नामको अक्षरमा परिणत अगाडि रहेको साध्यलाई हेरेर त्यसको मन्त्रमालाबाट निस्केका रश्मिद्वारा त्यसलाई ल्याई त्यहाँ अन्तर्भावना गरी त्यसको अकारमा परिणत अलि अलि रातो चन्द्रमण्डलको आकार भएको चित्तको ध्यान गरेर त्यसको मन्त्रमालाबाट निस्किएकी **रातो वर्णकी, बायाँ हातमा ह्रीःकार पाश लिएकी, दायाँ हातमा रातो कमलको कोपिला जस्तो वज्र र अङ्कुश लिएकी, साध्यको अगाडि रहेकी देवी**लाई हेरेर

ॐ आः ह्रीः अमुकस्य चित्तमाकर्षय हुँ जः
(फलानाको चित्तको आकर्षण गर्नुहोस्)

भनी योगी(साधक)ले उहाँलाई आज्ञा गर्छन् । त्यसपछि उहाँ देवी विधिपूर्वक पसी पाशले बेरी अङ्कुशले चोदना गरी यथावत् ल्याएर आफ्नो मनमा प्रवेश गराउनू । देवीचाहिँ त मन्त्रमालाअन्तर्गत देख्नुपर्छ । त्यसपछि कपाल छोडेको विह्वललाई रमाइलो गर्ने इच्छाले अत्यन्त वशमा परेको, हात जोडेर साधकको अगाडि के गरूँ भनी भन्छ ।

वज्रवाराहीसाधन सकियो ।

२२०

निर्वस्त्र, कपाल छोडेकी, नाइटोमा कर्त्री र कपाल (खप्पर) लिएकी, नाचिरहेकी वज्रवाराहीको चिन्तना गर्नू । वशमा पर्छ ।

वज्रवाराहीलाई वशमा पार्ने विधि ।

२२१

भगवती आर्यवज्रवाराहीलाई नमस्कार ।

अब ठूलो बुद्धि भएका, सबै देवी, भगवती गुह्येश्वरीहरूको ठूलो महागुह्य महामाया महेश्वरीलाई । उहाँले तीन लोकको संहार गर्नुहुन्छ, फेरि तीनै लोकको सिर्जना गर्नुहुन्छ । उहाँ गुह्यकहरूका आमा महामाया भनेर प्रसिद्ध भएकी, तीनै लोकलाई तर्साउने विद्या महेश्वरीकहाँ पुगूँ । जुन विद्या जानेर मात्र पनि श्रेष्ठ साधकले देवता र गन्धर्वका गणहरूलाई यक्ष दैत्य र मानिसलाई, विद्याधर र पिशाचहरूलाई, राक्षस, सर्प र किन्नरहरूलाई, पानीमा रहेका र स्थलमा रहेका प्राणीलाई वशमा ल्याउँछ । महाआश्चर्य पारिदिने, इन्द्रजाल गर्ने विद्याले मोहन स्तम्भन विद्वेष उच्चाटन आदि गर्ने, वश पार्ने, आकर्षण गर्ने, जम्भ गर्ने, थरीथरीका कुतूहल पैदा गर्छ । पढेपछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विद्याले साधकको वाक्सिद्धि गर्छ, जप पनि गर्नुपर्दैन, व्रत गर्नुपर्दैन, उपवास पनि बस्नुपर्दैन, हे देवी, दुःख नगरी सिद्धि हुन्छ । म सत्य बोल्छु । तीनै लोकको साधना गर्ने हे महामाया, महायोगमा हजुरको मन्त्र दिव्य अक्षरका पङ्क्तिद्वारा बताउनेछु ।

ॐ नमो भगवति वज्रवाराहि आर्यापराजिते त्रैलोक्यमात्रे महाविद्ये सर्वभूतभयावहे महावज्रे वज्रासने अजिते अपराजिते वश्यङ्करि अभ्रभ्रामणि विषशोधनि क्रोधनि करालिनि सन्त्रासनि मारणि सुप्रभेदनि पराजये विजये जम्भनि स्तम्भनि मोहनि वज्रवाराहि महायोगिनि कामेश्वरि खगे तद्यथा प्रोतङ्गे प्रोतङ्गे हन हन प्राणान् किङ्किणि किङ्किणि खेखिणि खेखिणि धुन धुन वज्रहस्ते शोषय शोषय खट्वाङ्गकपालधारिणि महापिशितमांसाशनि मनुष्यान्त्रप्रावृते सार्द्रनरशिरोमालाग्रथितधारिणि सुम्भनिसुम्भे हन हन प्राणान् सर्वपापसत्त्वानां सर्वपशूनां मांसच्छेदनि क्रोधमूर्ते दंष्ट्राकरालिनि महामुद्रे श्रीहेरुकदेवस्य अग्रमहिषि सहस्रशिरे सहस्रबाहवे शतसहस्राननने ज्वलिततेजसे ज्वालामुखि पिङ्गललोचने वज्रशरीरे वज्रासने मिलि मिलि तिमिलि तिमिलि हे हे हुँ हुँ ख ख धु धु धुरु धुरु मुरु मुरु अद्वैते महायोगिनि पठितसिद्धे द्रे धँ द्रैं धँ धँ ग्रँ हे हे ह ह भीमे हस हस वीरे हा हा हो हो हुँ हुँ त्रैलोक्यविनाशनि शतसहस्रकोटितथागतपरिवारिते हुँ फट् सिंहरूपे खः गजरूपे गः त्रैलोक्योदरे महासमुद्रमेखले ग्रस ग्रस हुँ हुँ फट् वीराद्वैते हुँ हुँ हा हा महापशुमोहनि योगेश्वरि त्वं डाकिनि सर्वलोकानां वन्दनि सद्यः प्रत्ययकारिणि हुँ फट् भूतत्रासनि महावीरे परमसिद्धे महाविद्येश्वरि हुँ हुँ फट् हुँ हुँ फट् स्वाहा ।[१३]

(हे भगवती वज्रवाराही, आर्यापराजिता, त्रैलोक्यकी माता, महाविद्या, सबै प्राणीलाई तर्साउने, महावज्रा, वज्रासना, अजिता, अपराजिता, वश पार्ने, बादलमा घुम्ने, विष हर्ने, रिसाही, डरलाग्दी, तर्साउने, मार्ने, भेद पार्ने, हराउने, जित्ने, जम्भन गर्ने, स्तम्भन गर्ने, मोहन गर्ने, वज्रवाराही, महायोगिनी, कामेश्वरी, चरी, प्रोतङ्गा, प्रोतङ्गा, मार्नुहोस् मार्नुहोस् । किङ्किणी किङ्किणी खेखिणी खेखिणी हल्लाउनुहोस् हल्लाउनुहोस् । हातमा वज्र लिएकी सोस्नुहोस् सोस्नुहोस् । खट्वाङ्ग र कपाल (खप्पर) धारणा गर्ने, मानिसको मासु खाने, मानिसको आन्द्राले घेरिएकी, मानिसको आलो टाउको गाँथेको माला लगाउने, शुम्भ र निशुम्भलाई मार्नुहोस् मार्नुहोस् । सबै पापी प्राणीको र सबै पशुको मासु काट्ने, क्रोधमूर्ति, दाह्रा निकालेर डरलाग्दी भएकी, महामुद्रा धारण गर्ने, श्रीहेरुकदेवकी बडामहारानी, हजार शिर भएकी, हजार हात भएकी, लाख मुख भएकी, तेजले बलेकी, ज्वालामुखी, कैलो आँखा भएकी, वज्र शरीर भएकी, वज्रासनमा बसेकी, मिलि मिलि तिमिलि तिमिलि अद्वैता,

---

१३ यही मन्त्र एक दुइ शब्द फरक भएर *अभिसमयमञ्जरी* (१३-१४ पृ.)मा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महायोगिनी, पठितसिद्धा, डरलाग्दी, हाँस्नुहोस् हाँस्नुहोस् । वीर, त्रैलोक्यको नाश गर्ने, एक लाख करोड तथागतले घेरिएकी, सिंहको रूप लिएकी, हात्तीको रूप लिएकी, त्रैलोक्यलाई पेटभित्र राखेकी, महासमुद्र नै मेखला भएकी, वीर र अद्वैत भएकी, महापशुलाई मोहन गर्ने, योगेश्वरी, हजुर डाकिनी, सबै लोकले ढोगिने, चाँडै विश्वास उत्पन्न गराउने, प्राणीलाई तर्साउने, महावीर, परमसिद्ध, महाविद्येश्वरी)

ज्वालामुखीसाधनप्रयोग ।

२२२

उहाँ भगवती महामाया पठितसिद्धा हुनुहुन्छ । उहाँको साधन हुन्छ । चन्द्रग्रहण वा सूर्यग्रहणमा ग्रहण देखिएन भने एक्काइसपटक दोहऱ्याउनुपर्छ, तब सिद्धि हुन्छ । जति दोहऱ्याइन्छ, त्यति हजार आइमाई पछि लाग्छन् । एकचोटि मात्र उच्चारण गऱ्यो भने आकर्षण गर्छ, मार्छ, रिसायो भने उच्चाटन विद्वेषण र स्तम्भन गर्छ । इच्छाअनुसार एकचोटि फूल जपेर आकाशमा फ्याँक्यो भने ब्रह्मा आदिलाई समेत तान्छ । एकचोटि जपेर श्मशानको गोल घर, गाउँ वा शहरमा फ्याँक्यो भने आगो लागेको देखाउँछ । एकपल्ट जपेर मयूरको प्वाँख आकाशमा घुमायो भने फेरि साम्य पार्छ । एकचोटि जपेर कङ्कड चारै दिशामा फ्याँक्यो भने चतुरङ्गबल देखाउँछ । मयूरको प्वाँख उल्टो घुमायो भने त्यसलाई फर्काएको हुन्छ ।[१४]

महामायाज्वालामुखीवज्रवाराहीप्रयोगसाधन ।

२२३

अब महामायाका श्मशान भनिन्छन् । पूर्व दिशामा मण्डलको साधकानुग्रह, उत्तरमा अद्वैतकर, पश्चिममा क्रोधानन, दक्षिणमा घोरान्धकार, आग्नेयमा महाप्रलय, नैर्ऋत्यमा महामेलापकयोगबहुल, वायव्यमा सिंहनादमहाफेत्कार, ईशानमा सरोजबीज भन्ने श्मशान । यिनमा पोलिएको, आधा पोलिएको, अङ्ग खण्डित भएको, आधा अङ्ग खण्डित भएको, डरलाग्दो आकार भएको, डरलाग्दो, त्रिशूलले घोचेको माथिल्लो भाग र आधा भाग लाश भएको, पाडर कङ्केलिचूडा शिरीष डुम्री वर पिपल नागकेशरका रूख क्रमशः राँगो बिरालो भालू बाघ घोडा गिद्ध सुङ्गुर र पिशाचका मुख भएका ठूलो सम्पत्ति भएका यक्षहरू र चारैतिर आठवटा श्मशानमा श्याल गिद्ध लाटोकोसेरो काग वेताल र भूत आदि रहन्छन् ।

महामायादेवीको श्मशान ।

---

१४ यस्तै कुरा *अभिसमयमञ्जरी* (१४ पृ.) मा पनि छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२२४

वज्रवाराहीलाई नमस्कार ।

ॐ ह्रीँ घातय सर्वदुष्टान् हुँ फट् स्वाहा ।
(सबै दुष्टलाई मार्नुहोस्)

बलि दिएर ध्यान गर्नू । नाभिको बीचमा रँबाट उत्पन्न तीनवटा कोण भएको अग्निमण्डल, त्यसको बीचमा चार पत्र भएको रातो कमल, त्यसमाथि ह्रीँकार कल्पाग्नि जस्तो देदीप्यमान, त्यसबाट परिणत आफूलाई **रातो वर्णकी, चारवटा पातमा पञ्चामृतले भरिएको पद्मपात्र कल्पना गरेर प्रेतमा बसेकी, आलीढासनमा बसेकी, निर्वस्त्र, ठाडो कपाल भएकी, कपालको मुकुट लगाएकी, पञ्चमुद्रा (चक्री, कुण्डल, कण्ठिका, रुचक, मेखला) भएकी, चार हात भएकी, दायाँ हातमा वज्र र वज्राङ्कुश लिएकी, बायाँ हातमा कपाल खट्वाङ्ग र तर्जनीमुद्रामा पाश लिएकी, एउटा मुख भएकी, तीन आँखा भएकी, आँखीभौँ खुम्च्याएकोले डरलाग्दो मुख भएकी, वज्र जस्तो नाक भएकी, डरलाग्दी, ठूलो पेट भएकी, जिभ्रो लपलप गरेकी वज्रवाराही**को ध्यान गर्नू ।

ॐ वज्रवाराहि आवेशय सर्वदुष्टान् ह्रीँ स्वाहा – उपहृदयम्, ॐ हुँ ह्रीँ हाँ
(हे वज्रवाराही, सबै दुष्टमा प्रवेश गर्नुहोस् ।)

सावधान भएर यो मन्त्र लाखचोटि जप्नू । सिद्धि हुन्छ, यसमा संशय छैन ।

अः ह्रीँ हुँ हाँ हः ।

यस मन्त्रले मान्छेको मासु चूर्ण बनाएर पटको अगाडि धूप हाल्नू । २१ दिनमा सिद्धि हुन्छ, यसमा शङ्का छैन । ॐ ह्रीँ हँ हाँ हः हः हः हीः हीः हैँ हेः फेत्कार दिनू । राति सबै मारलाई शान्त पार्न बलि दिनू । रातमा दिने बलि पञ्चोपचारले दिनू । जो पायो उसलाई नभन्नू । वज्रयोगिनीहरू बस्छन्, यसमा संशय छैन । श्रीवज्रवाराहीकल्पद्वारा सबै काम सिद्ध हुन्छ ।

वज्रवाराहीसाधन ।

२२५

पँकारमा परिणत रातो कमल; त्यसमाथि यँकारमा परिणत वायुमण्डल; कृष्ण वर्णको, धनुको आकारको, ध्वजाङ्क; रेफमा परिणत, रातो, त्रिकोण अग्निमण्डल; ज्वालाङ्क; वँबाट उत्पन्न जलमण्डल, सेतो बाटुलो घटाङ्क; लँकारबाट उत्पन्न पृथ्वीमण्डल; चारपाटे, हरियो, सुँकारबाट उत्पन्न सुमेरु; चारपाटे; चारवटा ढोका भएको;

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आठवटा टुप्पाले सुहाएको; त्यसको बीचमा पँकारमा परिणत कमल; त्यसमाथि हुँबाट उत्पन्न विश्ववज्र; त्यसको गट्टामा आलिकालियोग; त्यसको बीचमा वँकारमा परिणत वज्र । यसबाट परिणत **रातो वर्णकी, तीन आँखा भएकी, कपाल छोडेकी, निर्वस्त्र, खण्डखण्डले सिँगारिएको मेखला लगाएकी, पचास मानिसको आलो टाउकोको माला लगाएकी, बायाँ हातमा दुष्ट मारहरूको रगतले भरिएको कपाल (खप्पर) लिएकी, दिशादिशामा भएका सबै दुष्टलाई तर्साउने वज्र दायाँ हातमा लिएकी, दिशाहरूमा तर्साउने, कल्पाग्नि जस्तो महातेज भएकी, रगत चुहाइरहेकी, रगत मन पराउने, ऊर्ध्वपादासनमा रहेकी**को भावना गर्नू । पूर्व आदिमा राखिएका पद्मपत्रमा डाकिनी, लामा, खण्डारोहा र रूपिणी, विदिशामा राखिएका पद्मपत्रमा चारवटा राम्रा करोट (खप्परविशेष)को भावना गर्नू ।

यहाँ मन्त्र–

ॐ सर्वबुद्धडाकिनीये वज्रवर्णनीये हुँ हुँ फट् फट् स्वाहा ।

श्रीओडियानवज्रपीठबाट निस्किएको उर्ध्वपादवज्रवाराहीसाधन सिद्धियो ।

२२६

पहिले योगी (साधक)ले श्मशान आदि राम्रो ठाउँमा आफ्नो हृच्चन्द्रमा ॐकारका किरणद्वारा गुरु, बुद्ध र बोधिसत्त्वहरूलाई ल्याई अगाडि अवलम्बन गरेर पूजा र पापदेशना आदि गरी खसम त्रैधातुकको चिन्तना गरेर हुँवज्र भएको भूमिमा आठवटा श्मशानमध्ये धर्मोदयाअन्तर्गत कमलको गट्टामा चन्द्रमामा रहेका सूर्य र चन्द्रको सम्पुटमा रहेको वँकार वज्र, त्यसको बीजबाट उत्पन्न, **प्रलयकालको अग्नि जस्ती, एउटा मुख भएकी, दुइ हात भएकी, दिशादिशामा भएका सबै दुष्टलाई तर्साउने वज्र दायाँ हातमा भएकी, बायाँ हातमा कपाल (खप्पर) विश्वपताका भएको हातमा रहेको खट्वाङ्ग लिएकी, भैरव र कालरात्रिलाई ऐँचेकी, प्रत्यालीढासनमा ताण्डव नृत्य गरेकी, निर्वस्त्र, कपाल छोडेकी, खण्डखण्डले सिँगारिएको मेखला भएकी, दाह्राले डरलाग्दो अनुहार भएकी, तीन आँखा भएकी, विकृत मुख भएकी, विश्ववज्र धारण गरेकी, शिरमा वज्रमाला र कपाल (खप्पर)ले सुहाएकी, मुण्डमालाले दुवै शरीर शोभायमान, सबै गहनाले अङ्ग सिँगारिएकी, सबै बुद्धको अभिषेकबाट उत्पन्न, वैरोचनको कुलमा उत्पन्न, सबै सिद्धि दिने, स्फुरत्संहारको शरीर भएकी, भगवती वज्रवाराही**लाई सावधान योगी (साधक)ले पूजा र स्तुति गरी अमृतको स्वाद लिएर आदरपूर्वक भावना गर्दै सधैँ छिट्टै बुद्धत्व पाउँछ । योग जान्नेले भावना गरेर न्यास गर्नू, बलि पनि दिनू ।

ॐ वँ वज्रवाराही भनी नाभिमा, हाँ याँ यामिनी भनी हृदयमा, ह्रीँ मोँ मोहनी भनी मुखमा, ह्रेँ ह्रीँ सञ्चालनी भनी शिरमा, हुँ हुँ सन्त्रासनी भनी शिखामा, फट् फट् चण्डिका भनी सर्वाङ्गमा अस्त्र; नाभिमा, हृदयमा, मुखमा, शिरमा र शिखामा अस्त्र । अघिल्लो गाँठोले मध्यसूची गरी अङ्गुष्ठवज्रले दह्रोसँग थिची निधारमा तल राख्नू, दोहऱ्याएर घुमाउनू । खुट्टाले थिची माथि आँखा लगाएर शिरले फेँकारको आवाजबाट दशै दिशाको धातुमा रहेका वीर र योगिनीहरूलाई तान्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ योगशुद्धाः सर्वधर्माः योगशुद्धोऽहं ॐ अचण्डि होः जः हुँ
वँ होः वज्रडाकिन्यः समयस्त्वं दृश्यहोः ।

वज्राञ्जलिले माथि कपाल ठाडो भएको बलि आधा रातमा दिनू ।

ॐ ख ख खाहि खाहि सर्वयक्षराक्षसभूतप्रेतपिशाचोन्मादापस्मारडाकडाकिन्यादय इमं बलिं गृह्णन्तु समयं रक्षन्तु समयसिद्धिं प्रयच्छन्तु यथैवं यथेष्टं भुञ्जथ पिबथ मातिक्रमथ मम सर्वाकारसत्सुखविशुद्धये सहायका भवन्तु हुँ हुँ फट् फट् स्वाहा ।
(खाऊ खाऊ । सबै यक्ष राक्षस भूत पिशाच उन्माद अपस्मार डाक डाकिनी आदिले यो बलि लिऊन्, समयको रक्षा गरून्, समयसिद्धि दिऊन्, यसै गरी इच्छा लागे जति खानुहोस् पिउनुहोस्, आक्रान्त नगर्नुहोस्, मेरो सबै आकार र असल सुखको सिद्धिको लागि सहायक हुनुहोस् ।)

बलिमन्त्र हो ।

ॐ वज्रवैरोचनीये हुँ फट् स्वाहा ।

दश अक्षर भएको हृदयमन्त्र ।

ॐ सर्वबुद्धडाकिनीये वज्रवर्णनीये हुँ हुँ फट् फट् स्वाहा ।

२१ अक्षर भएको उपहृदयमन्त्र ।

ॐ सर्ववज्रकामिनि सर्वभक्ष्यं शोधय गुह्यवज्रिणि हुँ स्वाहा ।

सबै खाएको शोधन गर्ने मन्त्र अथवा उपदेश ।

आफ्नो चित्त स्थिर गर्ने मन भएको मान्छेले आफ्नो नाभिकमलको माथि सोमपुटमा रहेको सर्स्यूँ जस्तो मिहीन वँकारबाट निस्केको कमलको डाँठ जस्तो आकार भएको रश्मिको ध्यान गर्नू, चहकिलो ठूलो सुख दिने त्रैधातुकलाई हेर्नू ।

संक्षिप्तवज्रवाराहीसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२२७
वज्रवाराहीलाई नमस्कार ।

संसारलाई आकाश जस्तो ठानेर सम्बोधि र मनलाई वज्रवाराहीस्वरूप भएर जगत्‌लाई बोधिमा स्थापना गर्छु । आफ्नो मन अनुकूल भएको श्मशान आदिमा, आफ्नो हृदयमा, चन्द्रमामा उँकारका किरणद्वारा आकाशमा गुरु बुद्ध बोधिसत्त्वहरूलाई हेरेर पापदेशना आदि गर्नू, त्यसपछि निरालम्बशून्यताको ध्यान गर्नू । हुँ वज्र भएको भूमि आदिमा आठवटा श्मशानमध्ये धर्मधातुमय धर्मोदयामा अन्तर्गत कमलको गट्टामा चन्द्रमामा रहेको सूर्य र चन्द्रको सम्पुटमा रहेको वँकार वज्रबाट उत्पन्न **प्रलयकालको अग्नि जस्ती, दुइ हात र एक मुख भएकी, दायाँ हातले तर्साइरहेकी, दुष्टलाई तर्साउने वज्रसहित तर्जनीमुद्रा भएकी, बायाँ हातमा कपाल (खप्पर) र खट्वाङ्ग लिएकी, भैरव र कालरात्रिलाई ऐँचेकी, प्रत्यालीढासनमा ताण्डव गरिरहेकी, निर्वस्त्र, कपाल छोडेकी, खण्डखण्डले सिँगारिएको मेखला लाएकी, दाह्राले डरलाग्दो मुख भएकी, तीन आँखा भएकी, विश्ववज्र लिएकी, वज्रमाला र कपाल (खप्पर) केशमा भएकी, मुण्डमालाले जीउ सिँगारिएकी, सबै गहनाले शोभायमान, सबै बुद्धले अभिषेक गरिएकी, वैरोचनकुलमा जन्मेकी, सबै सिद्धि दिने, स्फुरण र संहार गर्ने शरीर भएकी, भगवती वज्रवाराही**को भावना गर्नू ।

पूजा र स्तुति गरी अमृत चाखेर योगीले आदरपूर्वक सधैँ भावना गर्दा छिटै बुद्धत्व प्राप्त पाउँला । भावनाबाट थाकेपछि यो मन्त्र जप्नू–

ॐ वज्रवैरोचनीये स्वाहा ।

यहाँ उपदेश–
आफ्नो नाभिकमलमाथि सोमसम्पुटअन्तर्गत कमलको डाँठको तन्तुको आकार भएको रश्मिको ध्यान गर्नू । त्यसपछि त्रैधातुकलाई चम्केको हुनाले त्यो चित्त सुख शान्त र पहिलो अनुत्पन्न हेर्नू ।

संक्षिप्तवज्रवाराहीसाधन सिद्धियो ।

२२८
नैरात्म्यालाई नमस्कार ।

हेवज्रतन्त्र र *योगिनीतन्त्र*बाट सबै तत्त्वको चिन्तना गरेर जम्मा गरेर डोम्बी र हेरुकद्वारा देवीचक्रको भावना बताइएको छ । अक्षोभ्यका प्रतिरूप भट्टारक गुरु वज्रेश्वर प्रभुलाई आकाशमा हेरेर बुद्धिमान् (साधक)ले पूजा गर्नू र ढोग्नू । हृदयमा आफ्नो बीजको ध्यान गरेर पञ्चामृतको प्रयोगद्वारा अष्टमातृकाद्वारा सधैँ पूजामेघको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कल्पना गर्नू । रसले निथुक्क भएका, आलिङ्गन गरिएका गौरी शबरी चण्डाली डोम्बी आदि पाँच योगिनी पञ्चामृत धारण गर्ने भनी मानिएका छन् । सधैँ पापदेशना पुण्यानुमोदना त्रिरत्नशरण बोधिचित्तोत्पाद गर्नू । सबभन्दा पहिले मैत्रीको ध्यान गर्नू, त्यसपछि करुणाको भावना गर्नू, फेरि मुदिताको ध्यान र त्यसपछि उपेक्षाको भावना गर्नू । त्यसपछि जिनमन्त्र पढ्नू–

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम् ।

आफ्नो र अरूको भावना गरेर योगीले शून्य प्रणिधानको स्मरण गर्नू ।

हुँबाट उत्पन्न विश्ववज्र सूर्यलाई अगाडि रेफद्वारा भावना गरेर ती सूर्यमा त्यही वज्रप्राकार र वज्रपञ्जरबन्धनको भावना गर्नू । बुद्धिमान्ले एकार रूप भएकी प्रज्ञालाई आकाशधातुमा चिन्तना गर्नू । त्यसमा चारपाटे हरियो पृथ्वीको भावना गर्नू । पृथ्वीमण्डलको बीचमा रहेकीलाई जलमण्डलको भावना गर्नू । फेरि जलमा तेज, अग्निमा वायुमण्डलको भावना गर्नू । त्यसपछि वायुमण्डलको बीचमा रहेको आफूलाई चिन्तना गर्नू । आफू एकाकार भई मिसिएर चारपाटे, चार ढोका भएको, आठवटा खम्बाले शोभायमान, हार र अर्धहारले युक्त वज्रसूत्रहरूद्वारा सिँगारिएको चक्र हुन्छ । त्यस चक्रमा प्राण गएकाको १५ पटक भावना गर्नू । योगिनी र ककुभलाई लक्ष्य गरेर १५ वटा आसन दिनू । आसनमाथि चन्द्र, चन्द्रमाथि सूर्य, यी दुइको बीचमा मूल स्वर आदि भएको बीज राख्नू । चन्द्र र सूर्य आदर्श र समताको ज्ञान भएका भनी कहिन्छन् । अङ्कारबाट उत्पन्न कर्त्री प्रत्यवेक्षण भनिन्छ । यिनीहरूको एकता अनुष्ठान निष्पत्ति शुद्धधर्मता योगिनीहरूको पञ्चज्ञानात्मक शरीर भनिन्छ । चन्द्रसूर्यद्वारा र कर्त्रीद्वारा धमिलो भएको जल जस्तै मिसिएर फेरि पछिबाट नैरात्म्ययोगिनी जान्नू । **कृष्ण वर्ण भएकी, ज्यादै डरलाग्दी, पञ्चमुद्रा (चक्री, कुण्डल, कण्ठिका, रुचक, मेखला)ले सिँगारिएकी, दायाँ ज्यादै डरलाग्दो (ज्यादै ठूलो) कर्त्री, बायाँ पद्मपात्र, बायाँ वज्रखट्वाङ्ग, कटिमा बाघको छालाले बेरेकी** ।

नैरात्म्या आदिका अ आ इ ई उ भनिए । पुक्कसी आदिको ऊ ऋ ॠ ऌ कहिए । गौरी आदिको ॡ ए ऐ ओ बीज हुन्छन् । अधोर्ध्ववासिनीका औ अं बीज कहिए । प्रज्ञापुटमा व्यवस्थित ती नैरात्म्या आदिलाई चित्तशाश्वत, रत्नेश, अमिताभ र अमोघसिद्धिद्वारा मुद्राबन्धन गर्नू । चित्तशाश्वत, रत्नेश, अमितायु तथागतहरूद्वारा विदिशामा रहेका पुक्कसी आदिलाई अनुलोमद्वारा मुद्राबन्ध गर्नू । द्वेष मोह र पैशुन्यद्वारा ढोकाढोकामा रहेका चारजना योगिनीहरूको मुद्राबन्ध रागवज्रले गर्नू । माथि र तल त सावधान भएर कायवाङ्मुद्रण गर्नू । लक्षणद्वारा मुद्रण गरिने हुनाले मुद्रण भनिन्छ । पूर्वमा वज्रा दक्षिणमा गौरी पश्चिममा वारियोगिनी उत्तरमा वज्रडाकी बीचमा नैरात्म्ययोगिनी ईशानमा पुक्कसी आग्नेयमा शबरी नैर्ऋत्यमा चण्डाली वायव्यमा डोम्बिनी पूर्व ढोकामा फेरि गौरी दक्षिण ढोकामा चौरिका पश्चिम ढोकामा वेताली उत्तर ढोकामा घस्मरी तल भूचरी माथि खेचरी कहिन्छ । यी सबै नैरात्म्ययोगिनी परम आनन्द दिने हुन्छन् । हृदयमा आफ्नो बीजको ध्यान गरेर त्यसपछि रश्मिहरूलाई निकाल्नू । त्यसद्वारा सम्बुद्धहरूलाई तानेर अष्टमातृकाद्वारा पूजा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्नू । पछि महात्मा भगवान्हरूमा अनुनाथना (प्रार्थना) गर्नू । भगवान् सबै तथागत, मलाई अभिषेक दिनुहोस् । अमृत भरिएका कलशद्वारा विद्वान् (साधक)को अभिषेक पछिबाट गरिन्छ । सबै सम्बुद्धद्वारा अभिषेक गरिँदै चित्तेशमुकुट हुन्छ । पहिले कृष्ण वर्णकीको भावना गर्नू, दोस्रोमा रातो वर्णकीको भावना गर्नू, तेस्रोमा पहेँलो वर्णकीको भावना गर्नू, चौथोमा हरियो वर्णकीको भावना गर्नू, पाँचौँमा नीलो वर्णकीको ध्यान गर्नू, छैटौँमा सेतो वर्णकीको भावना गर्नू । योगी (साधक)ले पछिबाट वर्णरहित षडङ्गको भावना गर्नू । रूपस्कन्धमा वज्रा हुन्छिन्, वेदनास्कन्धमा गौरी कहिन्छिन्, संज्ञास्कन्धमा वारियोगिनी संस्कारस्कन्धमा वज्रडाकिनी विज्ञानस्कन्धमा नैरात्म्ययोगिनी हुन्छन् । मण्डलमा रहेकी तिनी भीमा डरलाई पनि डर लाग्ने हुन्छिन् । पृथ्वी पुक्कसी भनी प्रसिद्ध छिन् । शबरी अब्धातु मानिन्छिन् । चण्डालिनी तेज भनी जान्नुपर्छ, डोम्बी वायु भनी कहिएकी छिन् । रूपमा गौरी सधैँ प्रसिद्ध छिन्, शब्दमा चौरी कहिएकी छिन्, गन्धमा वेताली, रसमा घस्मरी, स्पर्शमा भूचरी, धर्मधातुमा खेचरी प्रसिद्ध छन् । तत्त्वयोगीहरू असारविशुद्धि (निर्मलशुद्धि)द्वारा सधैँ सिद्धि पाउँछन् । आँखामा मोहवज्री कानमा द्वेषवज्री नाकमा मात्सर्यकी मुखमा रागवज्री स्पर्शमा ईर्ष्यावज्री मनमा नैरात्म्ययोगिनी हुन्छन् । इन्द्रियहरूको शुद्धिको लागि महाशुद्धिद्वारा कवच हुन्छ । नव मुण्ड देवच्छेदनी कर्त्री धारण गरियो । कपालक्लेशमुण्डद्वारा स्कन्धमाथि भोजन । गुरु आचार्य र इष्टदेवतालाई ढोग्नको लागि चक्री धारण गरियो । खराब कुरा बोलेको नसुन्नको लागि गुरु वज्रधरको कुण्डल कानमा लाउनुपर्छ । मन्त्र जप्न कण्ठिका लाउनुपर्छ । प्राणीको वध छोड्न रुचक, मुद्राभङ्ग गर्न मेखला, पञ्चबुद्धको सूत्रले शरीर सधैँ मुद्रित हुन्छ । मन्त्र–

ॐ अ आ इ ई उ ऊ ऋ ॠ ऌ ॡ ए ऐओ औ अं अः स्वाहा

मात्राविशुद्धि भन्छु–

चक्रीको रूपले अक्षोभ्य कुण्डलात्मक अमिताभ कण्ठमालामा रत्नेश हातमा वैरोचन कहिन्छन् । मेखलामा अमोघसिद्धि रहेका हुन्छन् । यी पाँच शुद्धमात्रिक हुन् । दोष हटाउनको लागि योगिनीहरूले सधैँ धारणा गर्ने गरेका [यी गहना] धारण गर्नुपर्छ ।

अध्यात्मरूप भन्छु–

स्त्रीरूपले लोक वशमा हुन्छ, क्रोधरूपले तर्साउने काम हुन्छ, आलिकालिको समापत्तिले बाह्य द्वन्द्व हुन्छ ।

पुरक्षोभमन्त्र–

अकचटतपयस स्वाहा ।

सार्वभौतिक बलिमन्त्र–

ॐ अकारो मुखं सर्वधर्माणामाद्यमनुत्पन्नत्वात् ॐ आः हुँ फट् स्वाहा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नैरात्म्ययोगिनीको सम्बर तिमीलाई बताउँछु । नाभिमा रहेको महामुद्राले ठूलो सुख दिन्छ, त्यसले शुभ गर्छ । तीक्ष्ण भएकोले अग्निको रूपद्वारा मातृकाहरूसँग क्रोधमूर्तिमा हुन्छन् । आदिस्वरको स्वभाव भएकी तिनी बुद्धहरूद्वारा धी भनी कल्पना गरिएकी छिन् । त्रैधातुकलाई ढाकेर रहेकी हुन्छिन् । त्यो कुरा सामान्य मानिसहरूले थाहा पाउँदैनन् । नैरात्म्यकको बीचमा रहेको, अनाहत, मुन्टो निहुर्‍याएको बोधिचित्त सधैँ अनिर्वर्तकयोगद्वारा चुहिन्छ । त्यस कारण यस शरीरमा जुन ललना रसना र अवधूती नाडी छन्, काय वाक् चित्त रूपले कर्त्रिमुद्रिका भई ओर्ह्लिए । ललना प्रज्ञास्वभाव रसनोपायले रहेकी छिन् । अवधूती मध्यदेशमा महासुखको आधार रूप भएकी हुन्छिन् । अक्षोभ्यसँग बग्ने ललना रगत बगाउने रसना सधैँ अमिताभको आधार भएकी अवधूती कर्ममुद्रा सुखावतीमा आफ्नो कालअनुसार तीनवटै नाडी चुहन्छन् । वज्र रत्न र कमलबाट क्रमशः काय वाक् चित्तको उत्पत्ति हुन्छ । वज्रको मूत्र काल रत्नको वान्ता गर्ने काल हुन्छ । अभिसम्बुद्ध रूपले अमिताभको कुरा भनिन्छ । सहज, ठूलो सुख दिने, आमाबाबुलाई पनि सुख दिने, ज्ञान सधैँ उत्पन्न हुन्छ, विशेष अवसरमा कहिन्छ । जसरी रातमा अर्को घरमा बलेको बत्तीको भोग कसैले गर्छ । खोजी गर्नेको जीउद्वारा अन्धकार झैँ मोहरूपी अन्धकारले त्यस्तै सुख हुन्छ ।

यसरी भवसागरलाई विषको पानी भएको, राग आदि गोहीले ढाकिएको, गहिरो छालले धकेलिएको, सुख नै ठूलो मुख्य किनारा भएको जानेर कसरी स्वार्थमा मात्र लागेका मानिसहरू क्षण मात्र पनि पार जाँदैनन् । बोधिज्ञान भएका मानिसहरूचाहिँ मोहपाशरूपी वस्त्र छोडेर अचम्मसँग पार जान्छन् । बुद्धिमान्ले पहिले उत्पत्ति र क्रमभावना गर्नू । नित्य मुद्रा मन्त्र विशुद्धिमात्र भएका सबै कवचलाई सधैँ नबिर्सनू । पछिबाट उत्कर्षको साथ वारंवार तत्त्वमा मात्र मन गएको बुद्धिमान्ले उत्पत्ति र क्रमभावनाबाट भएको सबै संसारलाई छेडी सधैँ ध्यान गर्नू । जो बाघमाथि बसेर थरीथरीका सर्पहरूद्वारा सिँगारिएर क्षमाशील भई थरीथरीका रक्सी खाई कङ्केह (आँपको घारी?)मा सम्भोगमा रत हुनुहुन्छ, अरूको हितमा रुचि भएका उहाँले साधनामा मुख्य भएको, गुह्य प्रज्ञाको अङ्गसँग टाँसिएको लोकको जुन अर्थ मैले उजागर गरेँ, हे बुद्धपुत्रहरू, माफ गर्नुहोस् ।

अमृतप्रभा नाउँ भएको साधनोपायिका सिद्धियो ।

२२९

असल कुलमा जन्मने, उन्मत्त नहुने, समयी, हेवज्रलाई बाटो देखाउने, कृपालु, गुरुको भक्त जन्मजन्मान्तरसम्म म हूँ । वज्रघण्टाले आवाज आइरहेको हात भएको, गम्भीर धर्मको पाठ गर्ने, आइमाईको रज जम्मा गर्ने जन्मजन्मान्तरसम्म म हूँ । मोहवज्रको स्वभावबाट कसरी गाढा कृष्ण मोहवज्री भयो । रूपस्कन्ध मोह हुन्छ, रूप चित्तेशद्वारा लक्षित छ । अनुराग नै मुख्य कारण भएकोले बितेकाहरूद्वारा अनुरागीहरूको मनको चिह्न रागवज्र जस्तो लक्षण भएको वारुण (पहिलेको बुद्ध)को मन हुन्छ । रागवज्रा कसरी कालो हुन्छ । किनभने रागचाहिँ रातो मानिएको छ । चार वर्णद्वारा उहाँ रागवज्रा यसबाट कालो वर्णबाट निष्पन्न हुनुभयो । ६ जना तथागतको रूप भएका उहाँ अमोघसम्भव मानिनुभएको छ । ६ थरी रसको रूप भएकी उहाँको श्यामताले उपलक्षण हुन्छ । मोहबाट उत्पन्न ईर्ष्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन्छ । मोह वैरोचन मानिएको छ । यस कारण प्रज्ञोपायबाट चित्तवज्र जस्तो लक्षण भएको ईर्ष्या हुन्छ । चित्त नै मन हुन्छ, जसबाट ज्ञानसत्त्वहरू कसरी सेता भए । मनोरूपबाट ऋत हुँदैन । त्यस कारण यो रूपमुद्रित हुन्छ । योगिनीका मूर्ति नभएका ६ वटा विज्ञप्ति ६ रूपले सधैँ हुन्छन् । पूर्वपक्षको परीहारद्वारा स्पष्ट गरिएकोबाट जुन शुभ हुन्छ, मैले त्यो पाएँ । त्यसद्वारा ती मानिसहरू मन्त्रमार्गमा पक्कै पनि भ्रान्ति नभईकन बुद्धत्व बुझेर क्षणभरमै यिनीहरू पाऊन् ।

नैरात्म्यामण्डलयोगिनीविशुद्धि सिद्धियो ।

२३०

पहिले बताइएको विधानअनुसार शून्यतापछि चन्द्रमण्डलमा नीलो अँकारबाट उत्पन्न बीजसमेतको कर्त्रीलाई स्फुरण आदिपूर्वक परिणाम गरेर **शवहृदयचन्द्रमा रहेको अर्धपर्यङ्कको नाट्यमुद्रामा रहेकी कृष्णवर्णकी, एक मुख भएकी, ठाडो र कैलो कपाल भएकी, अक्षोभ्य[को आकृति भएको] मुकुट लगाएकी, दाह्राले डरलाग्दो, लपलपाएको जिभ्रो भएकी, दायाँ हातमा कर्त्री लिएकी, बायाँ हातमा कपाल (खप्पर) र खट्वाङ्ग लिएकी, राता र बाटुला तीन आँखा भएकी, पञ्चमुद्रा (चक्री, कुण्डल, कण्ठिका, रुचक, मेखला)ले सिँगारिएकी, उहाँको शिर, घाँटी र हृदयमा ॐ आः हुँकारलाई र हृदयचन्द्र कर्त्रिमुष्टिचन्द्रमा** अँकार हेरेर यो मन्त्र जप्नू–

ॐ अ आ इ ई उ ऊ ऋ ॠ ऌ ॡ ए ऐ ओ औ अं अः स्वाहा ।

केवलनैरात्म्यासाधन सिद्धियो ।

२३१

पहिले सबै प्राणीलाई उद्धार गर्ने लक्षण भएको करुणाको भावना गरी बाहिर र भित्र शून्यताको अवलम्बन गरेर अन्तरिक्षमा चन्द्रमण्डलमा अँकारद्वारा कर्त्रीलाई त्यसको मुष्टि चन्द्रमा अँकारको चिन्तना गर्नू । त्यसपछि योगिनीचक्रको स्फुरण र संहरण हेरी त्यो सबै परिणाम गरेर **शवहृदयचन्द्रमण्डलमा कृष्ण वर्णकी, दुइ हातमा कर्त्री कपाल (खप्पर) र खट्वाङ्ग लिएकी, एउटा मुख भएकी, राता र बाटुला तीन आँखा भएकी, ठाडो र कैलो कपाल भएकी भगवती नैरात्म्याको चिन्तना गर्नू । शिर घाँटी र हृदयमा ॐ आः हुँकारलाई हृदयचन्द्रकर्त्रिमुष्टिचन्द्रमा** अँकार हेरेर मन्त्र जप्नू–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ अ आ इ ई उ ऊ ऋ ॠ ऌ ॡ ए ऐ ओ औ अं अः स्वाहा ।

यो जपमन्त्र हो ।

नैरात्म्यासाधन

सहजविलासको कृति हो ।

२३२

वज्रयोगिनीलाई नमस्कार ।

ॐ आः हुँ । पहिले मन्त्री (साधक)ले कहीं कुनै पनि ठाउँमा कुनै पनि आसनमा बसेर वज्रयोगिनीको भावना थाल्नू । त्यहाँ आफ्नो नाभिमा फुलेको सेतो वर्णको कमलको भावना गर्नू । त्यसमाथि ज्यादै रातो वर्ण भएको सूर्यमण्डलको भावना गर्नू । त्यसभन्दा माथि **सिन्दूरे रङ्गको, मध्य ह्रींकारमा रहेको धर्मोदयाको भावना गर्नू । त्यसभन्दा पनि माथि त्यहाँ रहेको ह्रींकारमा परिणत, पहेँलो वर्णकी, आफैँले आफ्नो कर्त्रीले काटेको आफ्नो शिर बायाँ हातमा लिएकी, दायाँ हातमा कर्त्री भएकी, बायाँ हात फैलाएर माथि उठाइएकी, दायाँ हात तल लगेकी, निर्वस्त्र, दायाँ खुट्टा पसारेकी, बायाँ खुट्टा खुम्च्याएकी वज्रयोगिनी**को भावना गर्नू । **गीँडबाट निस्केको रगतको धारा आफ्नो मुखमा पसेको, दायाँ बायाँ रहेका योगिनीको मुखमा पनि रगत पसेको भावना गर्नू । बायाँ र दायाँ हातमा कर्त्रीसहित, दायाँ र बायाँ हातमा कर्पर (पात्रविशेष)सहित, बायाँ खुट्टा र दायाँ खुट्टा पसारेका अरू खुट्टा खुम्च्याएका, कपाल छोडेका बायाँ र दायाँ पाखामा श्याम वर्णकी वज्रवर्णनी, पहेँलो वर्णकी वज्रवैरोचनी**को भावना गर्नू । दुवैपट्टिका दुवै योगिनीको बीचमा अन्तरिक्षमा अतिडरलाग्दो श्मशानको भावना गर्नू । यो भावना हो ।

पूजा भनिन्छ– मण्डल बनाएर सूर्यालयसँग जोडिएको मध्य ह्रींकारसहितको धर्मोदया लेख्नू । त्यसपछि माथि बताइएको भावनाद्वारा भट्टारिकालाई बीचमा राखेर ॐ सर्वबुद्धडाकिनीये इत्यादि मन्त्रले धर्मोदयाको बीचमा पूजा गर्नू, पछिबाट अर्घ दिनू । ॐ सर्वबुद्धडाकिनीये हुँ स्वाहा भन्ने मन्त्रले पछिबाट बायाँपट्टि ॐ वज्रवर्णनीये हुँ स्वाहा भन्ने मन्त्रले पछिबाट दायाँपट्टि ॐ वज्रवैरोचनीये हुँ स्वाहा भन्ने यस मन्त्रले पछिबाट फेरि पनि ओडियान पूर्णगिरि कामाख्या सिरिहट्ट यसले पूजा गर्नू । फेरि पनि धर्मसम्भोगनिर्माण-महासुख यसले पूजा गर्नू ।

ॐ ॐ ॐ सर्वबुद्धडाकिनीये वज्रवर्णनीये वज्रवैरोचनीये हुँ हुँ हुँ फट् फट् फट् स्वाहा ।

यो जपमन्त्र ।

वज्रयोगिनीसाधन सकियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२३३

ॐ वज्रयोगिनीलाई नमस्कार ।

पहिले वँकारको बीचमा पँकारबाट उत्पन्न विश्वपद्मको गट्टामा रातो रँकारमा परिणत सूर्यमण्डलमाथि हुँकारको परिणामद्वारा **कपाल छोडेकी; कडा किरण भएकी; निर्वस्त्र; प्रत्यालीढासनमा भएकी; दुइ हात भएकी; पुष्ट र अग्लो स्तन भएकी; रातो वर्णकी; हल्लिरहेका, डरलाग्दा, बाटुला तीन आँखा भएकी; आँखीभौ तन्काएकी; दाह्राले डरलाग्दी भएकी; लपलपाएको जिभ्रो भएकी; डरलाग्दो शवमाथि चढेकी; भरखरकी; हार अर्धहार र किङ्किणीको ज्वालाले नितम्ब ढाकिएकी; थरीथरीका रत्नले सिँगारिएको नूपुर लगाएकी; षण्मुद्रा (चक्री, कुण्डल, कण्ठिका, केयूर, मेखला, नूपुर)ले युक्त; बायाँ हातमा खट्वाङ्ग र करोट (खप्परविशेष) लिएकी; दायाँ हातमा वज्र लिएकी; अत्यन्तै डरलाग्दो रूप भएकी; भगवती वज्रयोगिनीलाई** श्मशान आदिमा भावना गर्नू । भावनाबाट थाकेपछि मन्त्री (साधक)ले मन्त्र जप्नू । त्यहाँ यो मूल मन्त्र–

ॐ सर्वबुद्धडाकिनीये ॐ वज्रवर्णनीये ॐ वज्रवैरोचनीये हुँ हुँ हुँ फट् फट् फट् स्वाहा ।
ॐ वज्रडाकिनी ह्रीँ हुँ फट् स्वाहा– हृदयमन्त्र
ॐ वज्रयोगिनी हुँ फट्– उपहृदय

अनि बलिमन्त्र–

ॐ वज्रडाकिनी इमं बलिं गृह्ण गृह्ण हहहह खखखख (यययय) अअअअ मम सिद्धिं प्रयच्छ हुँ फट् स्वाहा ।
(हे वज्रडाकिनी, यो बलि लिनुहोस् लिनुहोस्, मलाई सिद्धि दिनुहोस् ।)

अष्टमी र चतुर्दशीमा नियमपूर्वक श्मशान आदिमा पूजा आदि गर्नुपर्छ ।

वज्रयोगिनीसाधन सकियो ।

२३४

वज्रयोगिनीलाई नमस्कार ।

हृदयमा थरीथरी वर्णको पँकारको परिणामद्वारा विश्वपद्मको भावना गर्नू । त्यसमाथि रातो वर्णको रेफको परिणामद्वारा सूर्यमण्डलमा बढी रातो वर्णको धर्मोदयको भावना गर्नू । धर्मोदयमाथि रातो वर्णको ह्रीँकारको भावना गर्नू । माथि बताइएका जम्मै ह्रीँकार आदिद्वारा परिणामद्वारा **सुन जस्तो श्याम वर्णकी, सूर्यासनमा कमलको बीचमा कर्त्री र करोट (खप्परविशेष) लिएकी, आलीढासनमा रहेकी वज्रयोगिनीको र छेउछेउमा दुइ जना डाकिनीको** भावना गर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बीचमा

ॐ सर्वबुद्धडाकिनी वज्रपुष्पे हुँ स्वाहा ।

अगाडि

ॐ बुद्धडाकिनी पीतवर्णा वज्रपुष्पे स्वाहा ।

दक्षिणमा

ॐ वज्रवर्णनी श्यामवर्णा वज्रपुष्पे स्वाहा ।

पश्चिममा

ॐ वज्रवैरोचनी गौरवर्णा वज्रपुष्पे स्वाहा । ॐ धर्मकाय वज्रपुष्पे स्वाहा,
ॐ सम्भोगकाय वज्रपुष्पे स्वाहा, ॐ निर्माणकाय वज्रपुष्पे स्वाहा ।

बीचमा

ॐ महासुखवज्रपुष्पे स्वाहा । ॐ ओडियानवज्रपुष्पे स्वाहा,
ॐ पूर्णगिरिवज्रपुष्पे स्वाहा, ॐ कामरूपवज्रपुष्पे स्वाहा ।

बीचमा

ॐ श्रीहट्टवज्रपुष्पे स्वाहा ।

फेरि बीचमा

ॐ नमः सर्वगुरुबुद्धबोधिसत्त्ववज्रपुष्पे स्वाहा ।
ॐ नमः सर्वबुद्धडाकिनी ॐ नमः सर्ववज्रवर्णनी
ॐ नमः ह्रीँ सर्वबुद्धवैरोचनी हुँ हुँ हुँ फट् फट् फट् स्वाहा ।

वज्रयोगिनीसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२३५

वज्रयोगिनीलाई नमस्कार ।

अति नै सफा गरेको ऐनामा अष्टमीमा सिन्दूर खसाई त्यहाँ धर्मोदयमुद्रा लेखी कोणहरूमा बाहिरको वँ बीज लेखी बीचको मन्त्र धर्मोदयको बाहिर चार पाखामा बायाँबाट घुमाई नन्द्यावर्त लेखी फूलहरूले पूजा गरेर सके जति मन्त्र जपी त्यो सिन्दूर जम्मा गरेर एउटा भाँडोमा राख्नू । यसरी ६ महीनासम्म गर्नू । त्यसपछि लाङ्गलिका (लिङ्ग)ले विषनालको नलिकाको बीचमा त्यो सिन्दूर फ्याँकी श्मशानमा खनी बलि र पूजा गरेर मन्त्र जप्नू । क्रमैसँग एक महीनासम्म दिनकादिन गर्नू । त्यसपछि सिन्दूरले नन्द्यावर्तको आकृति भएको टीका बनाएर भिक्षाको लागि गाउँ पस्नू । जहाँ त्यस टीकाको छाया देखिन्छ, त्यसलाई प्रयत्नपूर्वक आराधना गर्नू ।

यसरी नन्द्यावर्तद्वारा सिद्ध शबरपादको मतअनुसार वज्रयोगिनीको आराधनविधि ।

२३६

पहिले नै रँकारको बीचमा पँकारबाट उत्पन्न विश्वदलको गट्टामा रातो रँकारमा परिणत सूर्यमण्डलमाथि रातो हुँकारमा परिणत **कडा किरण भएकी, निर्वस्त्र, प्रत्यालीढासनमा भएकी, दुइ हात भएकी, पुष्ट र उठेको स्तन भएकी, रातो वर्णकी, महाराग स्वभाव भएकी, हल्लिरहेका डरलाग्दा बाटुला तीन आँखा भएकी, आँखीभौ तन्काएकी, दाह्राले मुख डरलाग्दो भएकी, जिभ्रो लपलपाएकी, ठाडो चम्किलो रातो कपाल भएकी, शवमा चढेकी, भरखरकी, हार अर्धहार र किङ्किणीको घुरघुर आवाजले विचित्र भएकी, रत्नहरूले सिँगारिएको आवाज आइरहेको नूपुर लगाएकी, पञ्चमुद्रा (चक्री, कुण्डल, कण्ठिका, रुचक, मेखला)ले युक्त, बायाँ हातमा देवता र दैत्यको रगतले भरिएको कपाल (खप्पर) लिएकी, दायाँ हात तर्जनीमुद्रामा कर्त्री लिएकी, अत्यन्त डरलाग्दो रूप भएकी भगवती वज्रयोगिनी**को रूपमा आफूलाई श्मशान आदिमा भावना गर्नू । भावनाबाट थाकेपछि मन्त्र जप्नू । त्यहाँ यो मन्त्र छ–

ॐ सर्वबुद्धडाकिनीये ॐ वज्रवर्णनीये ॐ वज्रवैरोचनीये हुँ हुँ हुँ फट् फट्
फट् स्वाहा मूल मन्त्र ।
ॐ वज्रडाकिनीये ह्रीँ हुँ फट् स्वाहा हृदयमन्त्र ।
ॐ वज्रडाकिनी इदं बलिं गृह्ण गृह्ण हहहह खखखख अअअअ मम सिद्धिं
प्रयच्छ हुँ फट् स्वाहा ।
(हे वज्रडाकिनी, यो बलि लिनुहोस् लिनुहोस् । मलाई सिद्धि दिनुहोस् ।)

अष्टमी, पञ्चमी र चतुर्दशीमा बलिपूजा आदि श्मशानमा गर्नुपर्छ ।

वज्रयोगिनीसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२३७

बिन्दुको बीचमा रहेकी, कुटिला, अर्धचन्द्रको स्वरूप भएकी, हिउँको कण जस्तो देखिने, हृदयवज्र बराबरको तेज भएकी हे देवी, चम्किलो धमिलो नभएको त्यसलाई यसरी चित्तमा हेरेर रातोदिन सबै इच्छा पूरा गर्ने चिन्तामणि पैदा हुन्छ । जसरी आकाशको रूप हुँदैन, व्यापीको लक्षण हुँदैन । त्यसरी महामुद्रात्मक चित्तरत्न प्रकाशित हुन्छ ।

यति वज्रयोगिनीको उपदेश ।

२३८

ॐ श्रीवज्रयोगिनि सर्वभूतप्रेतपिशाचादीन् साधय साधय हन हन दह दह ग्रस ग्रस सर्वसिद्धिसाधनानि प्रयच्छ सर्वाशां परिपूरय स्वाहा । ॐ श्रीवज्रयोगिनि सर्वसिद्धिं कुरु कुरु सर्वविघ्नविनायकान् हन हन सम्यक्संबोधये मम बलिं गृह्ण हुँ हुँ फट् फट् फट् स्वाहा । (हे श्रीवज्रयोगिनी, सबै भूतप्रेत र पिशाच आदिलाई साध्नुहोस् साध्नुहोस्, मार्नुहोस् मार्नुहोस्, डढाउनुहोस् डढाउनुहोस्, गाँस हाल्नुहोस् गाँस हाल्नुहोस्, सबै सिद्धिका साधन दिनुहोस्, सबै आशा पूरा गर्नुहोस् । हे वज्रयोगिनी, सबै सिद्धि गर्नुहोस् गर्नुहोस्, विघ्न गर्ने सबैलाई मार्नुहोस् मार्नुहोस् । सम्यक्सम्बोधिको लागि मेरो बलि लिनुहोस् ।

वज्रयोगिनीको बलिविधि ।

२३९

चार मुख भएकी, चार हात भएकी, महामाया नाउँ भएकी देवीको काखमा अरू चार देवी छन् । डरलाग्दो आकृति भएका महावज्रधरको कृपाले महामायाको राम्रो साधन भनिन्छ ।

त्यहाँ भावनामा अधिकार भएको, चार देवीको गीतको चोदनाबाट बिउँझेको मन्त्री (साधक)ले बिहान सबेरै उठेर आफ्नो हृदयसूर्यमा रहेका हुँकाररश्मिद्वारा आफूलाई शोधन गरी मुख धुने आदि काम गरेर हुँ फट् भनेर स्थानात्मकयोग रक्षा गरी ध्यान गर्ने ठाउँमा पसी हुँकारद्वारा अर्घ जपी सुखासनमा बसी अगाडि आकाशमा परिवारसहितका भगवान्लाई हेरी हृदयमन्त्रको किरणबाट उत्पन्न पञ्चोपहारमेघद्वारा पूजा गरेर पापदेशना आदि गर्नू । म आफ्नो पापको देशना गर्छु । सबै पुण्यको अनुमोदन गर्छु । सबै बुद्ध बोधिसत्त्व आर्य र सामान्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मानिसहरूको र आफ्नो सबै कुशललाई अनुत्तर सम्यक्सम्बोधिमा परिणाम गर्छु । बोधि नभएसम्म त्रिरत्नको अर्थात् बुद्धरत्न धर्मरत्न र सङ्घरत्नको शरण पर्छु । सबै प्राणीको लागि हितको लागि यिनीहरूको अत्यन्तनिष्ठ निर्वाण निरुत्तर र तथागतज्ञानमा प्रतिष्ठापनको लागि म अनुत्तर सम्यक्सम्बोधि पाउँला । त्यसपछि यो सबै चित्तमात्रको असद्भावमा त्यो त्यो आकारले प्रख्यात हुन्छ, त्यो यस्तो छ स्वप्नमा भनी अधिमोचन गरी सबै आकार छोडेर सफा आकाश जस्तो निराभास अनन्त प्रकाश मात्र हेर्नू ।

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम्

भनी अधिष्ठान गर्नू । पछि अगाडि अन्तरिक्ष सूर्यमा हुँकारले विश्ववज्रको चिन्तना गरेर तिनको चहकिलो रश्मिको स्फुरणद्वारा तलतिर वज्रमयी भूमिलाई तेर्सोपट्टि वज्रप्राकारलाई माथि वज्रपञ्जरलाई बीचमा घोर श्मशानको भावना गरेर त्यसको बीचमा एक पत्र दोब्र्याइएको, सबै रत्न भएको, चारपाटे, चार ढोका भएको, चारवटा तोरणले सिँगारिएको, माला आदि र अप्सराहरूद्वारा चहकिलो भएको चारवटा वेदि भएको कूटागार हेर्नू । त्यसको बीचमा अष्टदल भएको रातो कमलको ध्यान गरेर त्यसको गट्टामा अनादिनिधन, चम्किएको मोती जस्तो ज्ञानामृतबिन्दुको ध्यान गर्नू ।

अनादियोग नाउँ भएको यो पहिलो समाधि सिद्धियो ।

मध्यबिन्दुबाट नै चारवटा बिन्दुलाई आठवटा दिग्दलमा स्फारण गरेर बीजाकारमा परिणत क्रमैसँग हुँ स्वा आ हाः हेर्नू । क्रमैसँग तिनीहरूबाट वज्रमणि पद्मकर्म कुलेश र उहाँका कुललाई स्फारण गरेर फेरि उहाँहरूमै समेटेर त्यसमा परिणत भएका चार योगिनीलाई हेर्नू । **पूर्वपट्टिको पद्मपत्रमा नीलो वर्णकी, नीलो पहेँलो सेतो हरियो मुख भएकी, वज्र कपाल (खप्पर) घण्टा र खट्वाङ्ग लिएकी वज्रडाकिनीलाई; दक्षिणपट्टिको पद्मपत्रमा पहेँलो वर्णकी, पहेँलो नीलो सेतो र हरियो मुख भएकी, रत्नको समूह त्रिशूल घाँटीले ऐँठेको जम्बुकपताका लिएकी रत्नडाकिनीलाई; पश्चिमपट्टिको पद्मपत्रमा सेतो वर्णकी, सेतो पहेँलो नीलो हरियो मुख भएकी, विश्वकमल बाण कपाल (खप्पर) र धनु लिएकी पद्मडाकिनीलाई; उत्तरपट्टिको पद्मपत्रमा हरियो वर्णकी, हरियो पहेँलो सेतो र नीलो मुख भएकी, खड्ग डमरु पाश र कपाल (खप्पर) लिएकी विश्वडाकिनीलाई** हेर्नू । चन्द्रासनको जस्तो चहक भएका उहाँहरू सबैले आफूहरूको मालिक जस्ता नाथलाई यस वज्रगीतिकाद्वारा उठाउनुहोला-

> हे सँगिनी, वज्रद्वारा प्रबोधित फुलेको कमललाई महासुखपूर्वक नाचद्वारा राखियो । सूर्यको किरणले फुलेको कमललाई महासुखपूर्वक नाचद्वारा राखियो ।

अनि गानाको अनुभावद्वारा बिन्दुरूप छोडेर [उहाँ] दुइटा बीजको आकारद्वारा प्रकट हुनुहुन्छ । ॐ हुँ । त्यसपछि ॐकारबाट वैरोचन र उहाँको कुललाई स्फारण गरेर समेट्नू । हुँकारद्वारा पञ्च जिन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(बुद्ध) र उहाँका कुललाई समेट्नू । त्यसपछि ॐकारबाट उत्पन्न बुद्धडाकिनीसँगै भगवान् हेरुक हुँकारबाट उत्पन्न हुनुहुन्छ ।

खरानी पोतेका, कृष्ण वर्णका, ललितसूर्यासनको जस्तो तेज भएका, कैलो ठाडो र चम्किलो कपाल भएका, कपाल (खप्पर)को मुकुट लगाएका, नीलो पहेँलो ज्यादा सेतो हरियो चार मुख भएका, चार हातमा कपाल (खप्पर) बाण खट्वाङ्ग र धनु लिएका, पञ्चबुद्ध (अक्षोभ्य, अमिताभ, रत्नसम्भव, वैरोचन, अमोघसिद्धि)को विशुद्धिद्वारा पञ्चमुद्राले सिँगारिएका, चक्री कुण्डल कण्ठी लगाएका, हातमा रुचक लगाएका, मेखला लगाएका, मानिसको छाला लगाएका, राता १२ आँखा भएका, ज्वालाको लहरले आकुल भई क्रोध रूपमा भएका, ठूलो आनन्दले सुन्दर भएका, अर्धपर्यङ्कमा नाचिरहेका, नाटकका नवरसले युक्त अन्तःकरणबाट निकालिएको जनसमूहद्वारा जगत्को काम गर्ने ।

प्रिय (हेरुक)को जस्तो आयुध भएकी, रातो वर्णकी, उहाँ (हेरुक)को घाँटीमा दुवै हातले अँगालो मारेकी, रातो पहेँलो सेतो र हरियो मुख भएकी, बुद्धद्वारा अभिषेक दिइएकी, शबरी श्रीबुद्धडाकिनी भनी *हेवज्र*[*तन्त्र*]मा जसरी गाइन्छिन्, त्यसरी यहाँ बुद्धडाकिनीद्वारा हेरुकको पूजा गरिन्छ । यहाँ रातो वर्णका बुद्धले बुद्धकायमार्फत प्राणीहरूको रञ्जनद्वारा शुद्ध धर्महरू प्रकृतिले नै वागीश्वरको सेतोपना हुन्छ ।

त्यसपछि भगवान्को आँखामा रातो ॐकार, कानमा नीलो हुँकार, नाकमा पहेँलो चौँकार, जिभ्रोमा सेतो आःकार, पगरी लाउने ठाउँमा हरियो रेफ, मनमा सेतो खकारको चिन्तना गर्नू भनी ६ इन्द्रियमा ६ वटा अक्षारको न्यास भएको कवच ।

ॐ आः हुँ भन्ने काय वाक् चित्तको अधिष्ठान क्रमैसँग शिर घाँटी र हृदयमा । स्तनको बीचमा सूर्यमा आफ्नो देवताको बीज त्यसको ज्ञानस्वभाव देखी, त्यसको किरणका अङ्कुशद्वारा ज्ञानमण्डल तानी, हुँकारद्वारा विघ्न हटाई, अर्घ दिई, जः हुँ वँ होः तानी, पसाई, बाँधी वशमा पारेर त्यससँग एकाकार भएको समयमण्डल हेर्नू । त्यसपछि ज्ञानबीजरश्मिले चोदना गरिएका तथागतद्वारा पठाइएका पाँच योगिनी आएर पञ्चज्ञानको जलले भरिएका रत्नकलशद्वारा भगवान्लाई योगिनीहरूले अभिषेक गरून् । अभिषेक गरिएकाहरूका शिरमा स्वकुलेशको उत्पत्ति हुन्छ । भगवान्बाट अक्षोभ्य, बुद्धडाकिनीहरूबाट क्रमैले शाश्वत अक्षोभ्य रत्नेश वागीश अमोघसिद्धि । त्यसपछि ज्ञानबीजको रश्मिको मुखबाट स्फारण गरिएका पञ्चोपहार पञ्चकाम गुणपूजाहरूद्वारा भगवान् र भगवतीको पूजा गर्नू । त्यसपछि भगवान्लाई देवीका मुखबाट स्तुति गर्नू ।

दाह्राले उत्कट भएका, ज्यादै डरलाग्दा, मुण्डमालाले सिँगारिएका, मानिसको मासु खाइरहेका श्रीहेरुकलाई म नमस्कार गर्छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसपछि दिग्देवीहरू स्फुरणयोगद्वारा बुद्धडाकिनीमा अन्तर्भूत हुन्छन्। त्यसपछि उहाँको (बुद्धडाकिनीको) शिरमा हृदयमा नाभिमा गुह्यमा दुइटा तिघ्रामा क्रमैसँग ॐ हुँ स्वा आ हा यति भावना गरेर परस्परको अवधिसम्म स्फुरण भएका तिनीहरूद्वारा उहाँ (वज्रडाकिनी)को शरीर ढाकेर त्यो ह्री:कारबाट उत्पन्न रातो कमल भएको, अकारबाट उत्पन्न मोतीको दानाद्वारा, त्यो जस्तै हुँकारबाट उत्पन्न वज्र, ॐकारबाट उत्पन्न मणि भएका [हेरुक]ले रति र अनुरागमा जान्छु भन्ने मन्त्रद्वारा काम थाल्नू। त्यसपछि दुइवटा मणिको रश्मिले चोदना गरिएका तथागतहरू आई मुखमा पसी लुप्त भएर कमलको पातमा खस्नुहोला। त्यसपछि पञ्चामृत ज्ञानामृतलाई जिभ्रोको टुप्पोले लिएको चिन्तना गर्नू।

श्रीमण्डलराजाग्री नाम भएको दोस्रो समाधि।

त्यसपछि भगवान्‌द्वारा चोदना गरिएका बुद्धडाकिनी आदि पाँच जनामा पाँच भगवान्‌को शरीरको मेघको स्फुरणद्वारा प्राणीहरूको लागि क्रमशः आदर्शज्ञान सुविशुद्धधर्मधातुज्ञान समताज्ञान प्रत्यवेक्षणाज्ञान कृत्यानुष्ठानज्ञान र महावज्रधर पदको उत्पादन गरेर आफ्ना कायमेघलाई मूल शरीरमा समेट्नू।

कर्मराजाग्री नाम भएको तेस्रो समाधि।

फेरि योगी (साधक)ले चित्त स्थिर गर्न खोज्छ भने सबै समाधिको अग्रनिष्पत्तिको लागि समष्टिरूपमा तीनवटा समाधिको भावना गरेर नाभिको कमलको गट्टामा सूर्यचन्द्रलाई दोब्र्याइएको छेउमा निःसन्धिको ध्यान गरेर त्यसको बीजमा सस्यूँ जस्तो सानो र सेतो स्वच्छ ज्ञान बिन्दुरूपको महासुखमय वीरको चिन्तना गरेर कमलको डाँठको रेशा जस्तो त्यस रश्मिरेखालाई चन्द्रमाको बीचमा निकालेर दोब्र्याइएको भागलाई तेर्सो परेका तीनवटा बेराइद्वारा बाँधेर रहेकीलाई देखेर चन्द्रमाको माथि रहेका तीनवटा आधा आधा बेराइमा रहेका गाँथिएका हरेक १६ वर्ण हेर्नू। *सम्बरोत्तर*मा भनिएकै छ–

क्कारदेखि दकारसम्म ङ र ञलाई छोडेर राख्नू। धकारदेखि हकारसम्म दुइवटा आलि लेख्नू। बीचमा रहेकोद्वारा चन्द्रमण्डलमा अकारालि राख्नू।

यहाँ पनि भनिएको छ दिव्य अक्षरका लहरद्वारा।

यसरी नाभिको बीचमा कमलको गट्टा सूर्य चन्द्रमाभित्र भएको वीरको भावना गर्दै भावनापरिपाकलाई अधिमोचन गरेर त्यसबाट नै दोस्रो सूक्ष्म रश्मिरेखा बलेको मुख्य ज्वाला जस्तै रहेकी देवीलाई हेर्नू। उहाँको प्रभावले चुहिरहेको अमृतको प्रवाहमा भिजेको वीरले त्यो रश्मिरेखा सेतो नहोस्। त्यसपछि वीरमा चित्त लगाएर जबसम्म चित्त स्थिर हुन्छ हेर्नू। निमित्तहरूद्वारा उपलक्षण गर्नू। स्थैर्य उपलक्षित भएमा त्यस रश्मिरेखाको स्पष्ट संसारलाई चहकिलो पारेको अनन्त आलोकको चिन्तना गरेर सबै कुरा (हस्तामलकवत्) हेर्नू। सबै समाधि चाँडै निष्पादन गर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यति बिन्दुयोग सिद्धियो ।

जप गरेपछि सिद्धि हुने हुनाले जप भनिन्छ । त्यसै गरी योगी (साधक)ले नाभिको कमलको गट्टामा रहेको सूर्यचन्द्रसम्पुटगर्भमा ६ वटा देवताचक्रको चिन्तना धेरै कालसम्म गरेर त्यसै गरी त्यो रश्मिरेखाको तीनवटा वर्णावलीले गाँसेको तीनवटा बेराइ भएको मन्त्र जप्नू । यस तन्त्रमा तीन अक्षर भएका मन्त्र । त्यहाँ भगवान्को मन्त्र– ॐ हुँ हुँ

बुद्धडाकिनीहरूको मन्त्र क्रमैसँग–

ॐ ॐ हुँ, ॐ हुँ हुँ, ॐ स्वा हुँ, ॐ आ हुँ, ॐ हा हुँ ।

कसरी जप्ने–

संपुटगर्भमा जप गर्नुपर्ने बीजाक्षर राखेर त्यसको शिरमा वीरलाई उठाएर ॐकारको उच्चारण गर्दै वीरबाट रश्मिरेखालाई उच्छ्वासवायु (श्वास तान्ने हावा)सँगै उठाएर त्यसद्वारा उज्यालो पारेर जगत्‌लाई बुद्धमय पार्नू । बीजाक्षरको उच्चारण गर्दै ती सबै बुद्धमा आफ्नो देवताको स्वभाव अधिमुञ्चन गर्नू । अन्त हुँकारको उच्चारण गर्दै निश्वासवायु (श्वास फाल्ने हावा)ले तानेर त्यो बुद्धमय जगत्‌लाई वीरमा समेट्नू । जबसम्म थकाइ लाग्दैन, यसै गरी फेरि फेरि गर्नू । थकाइ लागेपछि थकाइ मारेर यो सबै कुशल अनुत्तर सम्यक्सम्बोधिको लागि र मन परेको फलको सिद्धिका लागि परिणाम गरी पहिले जस्तै पूजा गरी आफ्नो हृदयको बीजाक्षरमा मण्डलको अन्तर्भाव गरी त्यसपछि उठेर आफूलाई आफ्नो देवता भएको अधिमोचन गरेर सबै काम गर्नू । सबै खानेकुरा पाँचवटा बीजद्वारा पञ्चज्ञान अमृतमय गरेर आफ्नो हृदयमा देवताचक्रको अधिमोचन गरी चिन्तना गरेर त्यस जिभ्रोमा त्यो अमृत होम्नू । स्नान गरेर देवताको अभिषेकविधिको ध्यान गर्नू । मध्याह्नको र साँझको सन्ध्यामा मण्डलगृहमा पसेर आफ्नो हृदयका बीजरश्मिद्वारा आधारमण्डल बनाएर त्यही नै बीजबाट चार जना योगिनी क्रमशः स्फारण गरेर ठाउँठाउँमा राखेर पहिले जस्तै अभिषेक आदि सबै विधि गरी मण्डललाई अन्तर्भाव गरी त्यसपछि उठेर पहिले जस्तै समाहित योग गर्नू । आधा रातको सन्ध्यामा त विशेष योग गर्नू– पूजा गरी अर्घ दिई ॐ वज्रमुः भनी ज्ञानमण्डलको उत्सर्जन गरी आफ्नो ज्ञानबीजमा समयमण्डललाई अन्तर्भाव गरी निराभास सम्बोधिचित्तलाई अधिमोचन गरेर सुत्नू । यसरी अरू अरू दिनमा पनि देवीको सङ्गीतिको चोदनाबाट उठाएर सबै पहिले जस्तै गर्नू । यसरी हरेक दिन सिद्धिनिमित्त जब पाउँछ, त्यहाँ मण्डलेश्वरको मन्त्र एक लाखपटक जप्नाले सिद्धि हुन्छ, बाँकी अरूको दश हजार जप गर्नाले मालामन्त्रहरू अरू पुस्तकबाट ल्याउनुपर्छ । तिनीहरूलाई आफ्नो हृदयसूर्य वा हृदयचन्द्रमा योगअनुसार मण्डल बनाएर प्रदीपमाला जस्तो बलिरहेको मनमा लेखेर मनमनै पढेर जप्नू ।

मैले कमाएको जुन कुशल महामायासाधन छ, विश्वार्थसाधनमा त्यसद्वारा इन्द्रिय जितेको बुद्ध हुँ भनी भन्न ।

महामायासाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२४०

वज्रडाकलाई नमस्कार ।

पहिले मुख आदि धोई नरम आसनमा बसी आफ्नो हृदयमा सूर्यमण्डलमा हुँकारबीज हेरेर अगाडि करुणाचलवज्रलाई पछि भनिनेअनुसार क वर्णको हातको आयुधमा चिन्तना गरी पूजा पापदेशना पुण्यानुमोदना पुण्यपरिणामना त्रिशरणगमन आदि प्रणिधि गरेर आफ्नो काय वाक् चित्तमा नामाक्षरको भावना गर्नू । त्यो नामाक्षर **हे** भनेको हेतुबाट हटेका सबै धर्म, **ह** भनेको हानिबाट उत्पादित सबै धर्म, **ए** भनेको पर्येषणबाट मुक्त सबै धर्म, **रु** भनेको प्रतिश्रुतक जस्ता सबै धर्म, **र** भनेको रतिसमायुक्त सबै धर्म, **उ** भनेको उत्पादव्ययधर्मी सबै धर्म, **क** भनेको सर्वसौख्यसमायुक्त सबै धर्म, **अ** भनेको सबै धर्मको आदि अनुत्पन्न भएकोले अकारमुख । यति गरी शून्यताको भावना गरेर मन्त्रको उच्चारण गर्नू –

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम् ।

हुँकारद्वारा विघ्न हटाई वज्रपञ्जरको भावना गरेर आठवटा श्मशानमध्ये चारवटा पत्र भएको रातो कमलको गट्टाको सूर्यमण्डलमा हुँकारबीज देखेर मैत्री करुणा मुदिता र उपेक्षा स्वभाव भएका चार जना देवी श्रीवज्रगीतिद्वारा अभ्यन्तरसाधनमा सञ्चोदन गर्छन् ।

हे सँगिनी, वज्रद्वारा प्रबोधित फुलेको कमल नाचद्वारा महासुखपूर्वक राखियो । सूर्यको किरणले फुलेको कमल नाचद्वारा महासुखपूर्वक राखियो ।

वज्रडाकिनीको नाचद्वारा वज्रसत्त्वलाई राख्नू ।

